“गुणस्तरीय शिक्षाः शुद्धोदनको प्रतिबद्धता”

## शुद्धोदन गाउँपालिका

# शिक्षा क्षेत्र योजना
# Education Sector Plan
(२०८२/०८३-२०८६/०८७)




## शुद्धोदन गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय,
### शिक्षा युवा तथा खेलकुद शाखा

मानपकडी, रुपन्देही
लुम्बिनी प्रदेश

# शुद्धोदन गाउँपालिकाको मानचित्र




Scale

0 1 2 4

Km

स्रोतः स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

**संकेत**

- N वडा नम्बर
- वडा सीमाना
- गाउँपालिका / नगरपालिका सीमाना
- जिल्ला सीमाना

"गुणस्तरीय शिक्षाः शुद्धोदनको प्रतिबद्धता"

शुद्धोदन गाउँपालिका

# शिक्षा क्षेत्र योजना

आ.व. २०८२/०८३-०८६/०८७)

# Education Sector Plan

प्रकाशक:

**शुद्धोदन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**शिक्षा युवा तथा खेलकुद शाखा**

मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**प्रकाशक:**

**शुद्धोदन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**शिक्षा युवा तथा खेलकुद शाखा**
**मानपकडी, रूपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल ।**

**शुद्धोदन गाउँपालिकाको शिक्षा क्षेत्र योजना निर्माण समिति**

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष: श्री विष्णुप्रसाद बस्याल | अध्यक्ष |
| २. | प्रमुख प्रशासकीय अधिकृत: श्री लेख बहादुर बस्नेत | सदस्य |
| ३. | सामाजिक विकास समिति संयोजक: श्री केशवप्रसाद अधिकारी | सदस्य |
| ४. | नेपाल शिक्षक महासङ्घ शुद्धोधन अध्यक्ष: श्री खिमानन्द भुसाल | सदस्य |
| ५. | प्रधानाध्यापक: श्री सरस्वती मल्लाह | सदस्य |
| ६. | प्रधानाध्यापक: श्री जितेन्द्र कवँर | सदस्य |
| ७. | शिक्षा युवा तथा खेलकुद शाखा: श्री चन्द्रकान्त शर्मा | सदस्य सचिव |

**शुद्धोदन गाउँपालिकाको शिक्षा क्षेत्र योजना लेखन कार्यदल**

१. श्री चन्द्रकान्त शर्मा (शाखा प्रमुख, शिक्षा, युवा तथा खेलकुद विकास)
२. श्री टंकप्रसाद पौडेल (क्याम्पस प्रमुख, यज्ञोदय दुधनाथ थारू बहुमुखी क्याम्पस)
३. श्री मोतीराज गौतम (सहायक क्याम्पस प्रमुख, यज्ञोदय दुधनाथ थारू बहुमुखी क्याम्पस)
४. श्री रामजी पौडेल (सहायक प्र.अ. फर्साटिकर माध्यमिक विद्यालय)
५. श्री कृष्ण प्रसाद ज्ञवाली (प्रध्यानाध्यापक, गुरौलिया माध्यमिक विद्यालय)
६. श्री हरिकला सारूमगर (शिक्षक, भगलापुर माध्यमिक विद्यालय)
७. श्री दामोदर पंगेनी (महासचिव, जिल्ला सहकारी सङ्घ.लि., रूपन्देही)
८. श्री चन्द्रकला तिवारी (प्राविधिक सहायक, शिक्षा, युवा तथा खेलकुद विकास शाखा)

**प्रकाशन मिति:** २०८२

**सर्वाधिकार:** शुद्धोदन गाउँपालिका

**प्राविधिक सहयोग:** कालिका स्वावलम्बन सामाजिक केन्द्र तौलिहवा, कपिलवस्तु

प्रकाशन प्रति:

# हाम्रो भनाइ

शिक्षा समाजको चौतर्फी विकासको प्रमुख आधारशिला हो। यसले व्यक्तिको सर्वाङ्गीण विकास गर्दै समाज रुपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्छ। रोजगारमूलक, गुणस्तरीय, व्यावहारिक र जीवनोपयोगी शिक्षाको माध्यमबाट दक्ष, सिर्जनशील तथा सिपयुक्त मानव संसाधनको विकास गरी परिवार, समाज, र राष्ट्रको आर्थिक समृद्धिमा योगदान पुऱ्याउन सकिन्छ। शिक्षा प्रणालीलाई स्थानीय, राष्ट्रिय, तथा अन्तर्राष्ट्रिय परिवेशअनुसार आवश्यक जनशक्ति उत्पादन गर्न राष्ट्रले अवलम्बन गरेको शैक्षिक नीतिअन्तर्गत व्यवस्थित गर्नुपर्दछ। यसै गाउँपालिकाको शैक्षिक उन्नयनका लागि पाँच वर्षे गाउँ शिक्षा योजना आवश्यक भएको महसुस गरिएको हो।

शुद्धोदन गाउँपालिका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, र जातीय विविधताले सम्पन्न, विशिष्ट पहिचान बोकेको तथा अपार सम्भावनाहरू समेटेको क्षेत्र हो। यस क्षेत्रको भूगोल, हावापानी, प्राकृतिक स्रोत-सम्पदा, सामाजिक-सांस्कृतिक पक्ष, ऐतिहासिक महत्त्व तथा वातावरणीय विशेषताको पहिचान, संरक्षण, संवर्द्धन र उपयोग गर्ने नीति गाउँपालिकाले अवलम्बन गरेको छ। शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडेर आर्थिक समृद्धि हासिल गर्ने लक्ष्यसहित यो पाँच वर्षे गाउँ शिक्षा योजना तयार पारिएको हो।

राष्ट्रिय स्तरमा निर्माण गरिएका शैक्षिक योजनाहरू स्थानीय आवश्यकता, सरोकार र भौगोलिक-सांस्कृतिक विशेषतालाई पूर्ण रूपमा सम्बोधन गर्न सक्दैनन्। त्यसैले, परम्परागत ज्ञान, सिप, पेसा, व्यवसाय, तथा प्रविधिको संरक्षण र संवर्द्धन गर्दै स्थानीय स्रोत-साधनहरूको अधिकतम उपयोग गर्ने, पर्यावरण, पर्यटकीय स्थल, जैविक विविधताको संरक्षणप्रति जागरूक गराउने, तथा शिक्षा प्रणालीलाई थप व्यवस्थित बनाउँदै विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने उद्देश्यले गाउँपालिका शिक्षा योजना कार्यान्वयनमा ल्याइएको छ।

योजनाको प्रभावकारी कार्यान्वयन नै यसको सफलताको आधार हो। तसर्थ यस योजनाको पूर्ण कार्यान्वयनका लागि शिक्षक, अभिभावक, विद्यार्थी, समाजसेवी, तथा सम्पूर्ण सरोकारवाला पक्षको सक्रिय सहभागिता आवश्यक छ। शिक्षकहरूले सिकाइ प्रक्रियामा नवीनतम शैली अपनाई विद्यार्थीको सक्रिय सहभागिता सुनिश्चित गर्नु पर्दछ। बालमैत्री सिकाइ वातावरण निर्माण, विपद् उत्थानशील भौतिक संरचना विकास, तथा आवश्यक वित्तीय स्रोतको व्यवस्थापनमार्फत मानव पूँजी निर्माणमा यो योजना प्रभावकारी हुनेछ भन्नेमा गाउँपालिका पूर्ण रूपमा विश्वस्त छ।

योजनाको तयारीका क्रममा योजना निर्माण समिति तथा उपसमिति गठन, विज्ञहरूसँग परामर्श, स्थानीय सरोकारवालासँग सुझाव सङ्कलन, तथा प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवी, समाजसेवी, सङ्घ-संस्था प्रतिनिधिहरूसँग अन्तरक्रिया गोष्ठी जस्ता आवश्यक चरणहरू पूरा गरिएका छन्। योजनाको निर्माणमा योगदान पुऱ्याउने सबै योजना समिति सदस्यहरू, जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, समाजसेवी, तथा अन्य प्रबुद्ध व्यक्तित्वहरूलाई गाउँपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं।

अन्त्यमा, सबै सरोकारवालाहरूको सक्रिय भूमिका रहने भएकाले, गाउँ शिक्षा योजनाको निरन्तर सुधारका लागि तपाईंहरूको रचनात्मक, सुझाव, तथा सहयोगको अपेक्षा गर्दछौं।

धन्यवाद !

*शुद्धोदन गाउँपालिकाको ५ बर्षे गाउँ शिक्षा योजना निर्माण समिति*

# शुद्धोदन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल



## मन्तव्य

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई मौलिक हकको रुपमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । त्यस्तै संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको उल्लेख गरेको छ । संविधान र कानूनले अंगिकार गरेको व्यवस्थालाई आत्मसाथ गर्दै समाज परिवर्तनको वाहक शिक्षालाई समय सापेक्ष, वैज्ञानिक, सिपमूलक तथा रोजगारमूलक बनाउनु आजको आवश्यकता हो । राज्यले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धता, दिगो विकासको लक्ष्य, सोह्रौं योजना, शुद्धोदनको गाउँपालिकाको शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना लगायतका मूल नीतिलाई मार्गदर्शकको रुपमा लिई शुद्धोदन गाउँपालिकाले पाँच वर्षे गाउँ शिक्षा योजना तयार गरेको छ ।

गाउँपालिकाको समग्र शैक्षिक स्तरलाई सुधार गर्न, शिक्षा पहुँचलाई बढाउन र आधुनिक शैक्षिक प्रविधिहरूलाई ग्रामीण क्षेत्रसम्म ल्याउन यो योजना केन्द्रित छ। हाम्रो उद्देश्य भनेको सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु हो। यस योजनाले विद्यालयका भौतिक संरचनामा सुधार, शिक्षकको तालिम र क्षमता वृद्धिका साथै, डिजिटल शिक्षा र सहायक सामग्रीहरूको प्रयोगमा प्राथमिकता दिएको छ। यस योजनाअन्तर्गत रहेर हामीले सङ्घीय सरकार, प्रदेश सरकार र शिक्षा मन्त्रालयसँग सहकार्य गर्दै, गाउँपालिकाका विद्यालयहरूलाई आवश्यक स्रोत र साधनहरूको व्यवस्था गर्ने प्रयास गर्नेछौं । यस योजना कार्यान्वयनमार्फत शिक्षाका सबै क्षेत्रहरूमा समान अवसर सृजना हुने छ र सबै बालबालिकाले आफ्नो भविष्य निर्माणका लागि सक्षम बन्ने छन् तथा शुद्धोदन गाउँपालिका एउटा शैक्षिक उत्कृष्टता प्राप्त क्षेत्र बन्ने छ, जसले हाम्रा बालबालिकालाई भविष्यमा उज्जवल र समृद्ध बनाउने छ।

सारांशमा, पाँच वर्षे गाउँ शिक्षा योजना शुद्धोदन गाउँपालिकाको समग्र विकासको लागि महत्त्वपूर्ण पाइला हो। यस योजना निर्माण कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने शिक्षा, युवा तथा खेलकुद शाखालगायत सहयोगी निकाय तथा व्यक्तिहरूलाई हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु । सबैको सक्रिय सहभागिता र सहयोगले यसलाई सफल बनाउने छ भन्ने विश्वासका साथ, म तपाईं सबैलाई यस योजनामा सहयोग गर्ने अवसरको आह्वान गर्दछु।

धन्यवाद।

**विष्णु प्रसाद वस्याल**
**गा.पा. अध्यक्ष**
**शुद्धोदन गाउँपालिका**

# शुद्धोदन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल



## शुभकामना

लुम्बिनी प्रदेशको रूपन्देही जिल्ला स्थित शुद्धोदन गाउँपालिका बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा प्राकृतिक रूपमा सम्पन्न एक महत्त्वपूर्ण र ऐतिहासिक क्षेत्र हो। यस महत्त्वपूर्ण क्षेत्रको शिक्षालाई गुणस्तरीय बनाउँदै आजको प्रतिस्पर्धात्मक युगअनुकूल शैक्षिक वातावरण तयार गर्नु आजको आवश्यकता हो। यस आवश्यकतालाई मध्यनजर गर्दै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) तथा विभिन्न कानुनी व्यवस्थाहरूको प्रयोग गरी स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूसँग चरणबद्ध छलफलपछि ५ वर्षे शिक्षा योजना (२०८२—०८६) तयार गरिएको छ। यस महत्त्वपूर्ण शैक्षिक योजनाको प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ।

यो शिक्षा योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि आधारभूत दस्तावेजका रूपमा रहने छ र शिक्षाको विकासमा कोशेढुङ्गा सावित हुने विश्वास लिएकी छु। गुणस्तरीय शिक्षामा सबैको पहुँच पुगोस्, शिक्षाको अधिकारबाट कोही पनि वञ्चित नहुन्, प्रविधिमैत्री शिक्षा प्रणाली निर्माण होस्, दक्ष जनशक्ति उत्पादनमा योगदान पुगोस् भन्ने उद्देश्यका साथ गाउँपालिकाले यो योजना निर्माण गरेको हो।

गाउँपालिकाको शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा तदारुकता देखाउनुहुने अध्यक्षज्यू, समन्वयको भूमिका निर्वाह गर्नुभएका प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख तथा कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद्, विज्ञ टोली, प्रधानाध्यापक, शिक्षक तथा अनुसन्धान एवं लेखन कार्यमा संलग्न विज्ञ, सहयोगी संस्था, शिक्षाप्रेमी महानुभावहरू सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

अन्त्यमा, यस शैक्षिक योजनामा आवश्यक सुधार तथा परिमार्जनका लागि यहाँहरूको रचनात्मक सुझाव अपेक्षा गर्दै यसको सफल कार्यान्वयन तथा प्रभावकारी परिणामको शुभकामना व्यक्त गर्दछु।

**शान्ता देवी ज्ञवाली**
**उपाध्यक्ष**
**शुद्धोदन गाउँपालिका**

# शुद्धोदन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल



## शुभकामना

नेपालको लुम्विनी प्रदेश रुपन्देही जिल्लाको मध्य भागमा अवस्थित धार्मिक, सांस्कृतिक तथा भाषिक विविधता रहेको यस शुद्धोदन गाउँपालिकाले शिक्षा क्षेत्रमा हुने लगानीलाई व्यवस्थित गरी अधिकतम प्रतिफल प्राप्त गर्न यो पाँचबर्से शिक्षा क्षेत्र योजना निर्माण गरेको छ । नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षालाई आधारभूत हकको रूपमा सुनिश्चित गर्दै सबै नागरिकलाई समावेशी, समान र गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारको प्रत्याभूत गरी स्थानीय तहलाई शिक्षा सम्बन्धी नीति कार्यान्वयन, व्यवस्थापन, तथा गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने जिम्मेवारी प्रदान गरिए बमोजिम यस गाउँपालिकाले पनि सीमित साधनको अधिकतम उपयोग गरी शैक्षिक व्यवस्थापन गर्नका लागि यो शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गर्न लागेको छ ।

शिक्षालाई विकासको मेरुदण्ड मानेर नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, पञ्च वर्षीय योजनाहरू, विद्यालय शिक्षा क्षेत्र योजना तथा प्रचलित कानुनको परिधिमा रही तयार गरिएको यो शिक्षा योजना केवल गाउँपालिकाको शैक्षिक दिगो विकासको खाका मात्र नभई संविधानमा प्रत्याभूत हकहरूलाई व्यवहारमा उतार्ने माध्यमसमेत हो । यसले स्थानीय तहमा शिक्षा नीति र कार्यक्रमको कार्यान्वयनमा एकरूपता ल्याउने, स्रोतको प्रभावकारी उपयोग गर्ने, तथा गुणस्तरीय र समावेशी शिक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा लिएको छु ।यस योजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकाभित्रका सबै सरोकारवाला, विद्यालय परिवार, शिक्षक, अभिभावक, विद्यार्थी, नागरिक समाज, सरकारी तथा गैरसरकारी संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहनेछ ।

शुद्धोदन गाउँपालिकाको आवश्यकता मनन् गरी शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माणमा उत्सुक गाउँपालिका अध्यक्षज्यू , उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका सदस्यहरू, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखलगायत योजना लेखन कार्यदलका सदस्यहरू, रचनात्मक सुझाव दिनुहुने सबै कर्मचारीहरू, शिक्षविद्, प्रधानाध्यापकहरूलगायत सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा यस शैक्षिक योजना कार्यान्वयनमा सबै सरोकारवालाहरूको साथ र सहयोगको अपेक्षा गर्दै योजनाको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु ।

**केशवप्रसाद अधिकारी**
**सामाजिक विकास समिति संयोजक एवम् प्रवक्ता,**
**शुद्धोदन गाउँपालिका, रूपन्देही ।**

# शुद्धोदन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल



## शुभकामना

रूपन्देही जिल्लाका स्थानीय तहहरूमध्ये शुद्धोदन गाउँपालिका एक महत्त्वपूर्ण गाउँपालिका हो। यहाँ विभिन्न जातजाति, वर्ग, समुदाय तथा पेसागत विविधता पाइन्छ। शैक्षिक क्षेत्रमा पनि विविधता रहेको छ, जसलाई सम्बोधन गर्न नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSDP), गाउँपालिकाले बनाएको शिक्षा नियमावली तथा अन्य कानुनी व्यवस्थाहरूको आधारमा स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूसँग चरणबद्ध छलफल गरी ५ वर्षे गाउँ शिक्षा योजना (२०८२-०८६) तयार गरिएको छ। यो योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ। यस महत्त्वपूर्ण दस्तावेजको प्रकाशन हुन लागेकोमा सबैलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु।

गाउँपालिकाले सबै वर्गका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्दै दक्ष, सकारात्मक सोच भएका जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ। यस क्षेत्रको बहु-आयामिक पहिचानलाई आत्मसात् गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको गहन विश्लेषणका आधारमा यो योजना तयार पारिएको हो।

यस योजना निर्माण कार्यमा विशेष तत्परता देखाउनुहुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह र सुझाव दिनुहुने स्थानीय शिक्षाविद्, विज्ञ टोली, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा अनुसन्धान, लेखन र परामर्शमा योगदान दिने संस्था एवं सरोकारवाला सबै महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, यो योजनाले गाउँपालिकाको शैक्षिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वासका साथ यसको प्रभावकारी र दिगो कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु।

**लेख बहादुर बस्नेत**
**प्रमुख प्रशासकीय अधिकृत**
**शुद्धोदन गाउँपालिका**

# शुद्धोदन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## शुभकामना



नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा नियमावली २०५९, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा गाउँपालिकाले अवलम्बन गरेका विभिन्न ऐन, कानुन र मापदण्डहरूलाई आधार मानी स्थानीय आवश्यकता पहिचान गरी ५ वर्षे गाउँ शिक्षा योजना (२०८२—०८६) तयार पारिएको छ। यो योजना कार्यान्वयनको चरणमा प्रवेश गरिरहेकोमा मलाई अत्यन्त हर्ष लागेको छ।

शिक्षा कुनै पनि समाजको मेरुदण्ड हो। दिगो विकासका लागि शिक्षाको विस्तार आवश्यक हुन्छ। यही लक्ष्यसहित गाउँपालिकाको वर्तमान शैक्षिक अवस्थाको समग्र मूल्याङ्कन गरी, स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागितामा, विषय विज्ञहरूको मार्गदर्शनमा यो रणनीतिक योजना निर्माण गरिएको हो। यस योजनाले गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि मार्गदर्शन प्रदान गर्ने विश्वास गरिएको छ।

यस योजना निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा राय सल्लाह सुझाब दिइ योगदान दिने विद्यालयका प्रधानाध्यापक, शिक्षक, प्राध्यापक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, स्थानीय अभिभावक, विषय विज्ञहरू, शिक्षा समितिका पदाधिकारी, जनप्रतिनिधि एवम् योजना लेखन कार्यदलका सदस्यहरू र प्राबिधिक रुपमा निरन्तर सहयोग गर्ने कालिका स्वावलम्बन सामाजिक केन्द्र कपिलवस्तु तथा अन्य सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक आभार व्यक्त गर्दछु।

त्यसैगरी, यस योजनाको मर्मलाई आत्मसात् गरी यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रतिबद्ध गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा विद्यालयसँग सम्बद्ध सम्पूर्ण महानुभावहरूप्रति विशेष धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, यस योजनाको सफल कार्यान्वयन र प्रभावकारी परिणाम प्राप्त गर्न यहाँहरूको अमूल्य सुझाव र निरन्तर सहयोगको अपेक्षा गर्दछु। शुद्धोदन गाउँपालिकाको शैक्षिक उन्नति र समृद्धिको लागि शुभकामना व्यक्त गर्दछु।

**चन्द्रकान्त शर्मा**
**शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख**
**शुद्धोदन गाउँपालिका**

# विषयसूची

विषयप्रवेश ........ १
परिच्छेद एक ........ ५
परिचय ........ ५
१.१ पृष्ठभूमि ........ ५
परिच्छेद दुई दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ........ २७
२.१ परिचय ........ २७
२.२ दूरदृष्टि ........ २८
२.३ लक्ष्य ........ २८
२.४ उद्देश्यहरू ........ २८
२.५ दीर्घकालीन रणनीति र कार्यनीति ........ २९
२.६ अपेक्षित उपलब्धि ........ ३४
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ ३५
परिच्छेद तीन शिक्षाका मुख्य उपक्षेत्र ........ ३७
३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ ३७
३.२ आधारभूत शिक्षा ........ ४१
३.३ माध्यमिक शिक्षा ........ ४९
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ ५५
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ ५८
परिच्छेद चार अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ ६१
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ६१
४.२ शिक्षक व्यवस्थापन र विकास ........ ६५
४.३ शैक्षिक समता र समावेशीकरण ........ ६८

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........................................................................७१

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता..........................................................७५

४.६ विद्यालय भौतिक पूर्वाधार विकास..........................................................................................७८

४. ७  विद्यालयमा सूचना तथा सञ्चार प्रविधि..................................................................................८२

परिच्छेद पाँच अन्य उपक्षेत्र..........................................................................................................८५

५.१ उच्च शिक्षाको व्यवस्थापन..................................................................................................८५

५.२ सार्वजनिक पुस्तकालय........................................................................................................८७

५.३ युवा तथा खेलकुद..............................................................................................................८८

परिच्छेद छ.................................................................................................................................९२

सुशासन तथा व्यवस्थापन.............................................................................................................९२

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास.................................................................९२

६.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध.......................................................................................९५

परिच्छेद सात ..............................................................................................................................९९

लगानी र स्रोत व्यवस्थापन............................................................................................................९९

परिच्छेद आठ अनुगमन तथा मूल्याङ्कन........................................................................................१२०

References ..............................................................................................................................१२६

## विषयप्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि शुद्धोदन गाउँपालिकामा सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी गाउँपालिका स्तरीय शिक्षा योजना निर्माण गरिएको छ ।

## क) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान २०७२ अनुसार राज्यको पुनर्संरचना पश्चात सङ्घीय गणतन्त्रात्मक राज्य व्यवस्थामा आइपुग्दा हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी ३ तहका सरकार क्रियाशील रहेका छन् । नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हक उल्लेख छ । उक्त धाराले राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । त्यस्तै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ । त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने मौलिक हकको प्रत्याभूत गरेको छ ।

दिगो विकासको लक्ष्य नं ४ मा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवन पर्यन्त सिकाइका अवसरहरू प्रर्वद्धन गर्ने उल्लेख गरिएको छ । अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्‍याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षासम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा विद्यालय शिक्षा सञ्चालनसम्बन्धी गरिएका व्यवस्थाअनुसार नै हाल देशैभरी विद्यालय तहको शिक्षा सञ्चालन गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ले प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने, आधारभूत शिक्षामा समतामूलक पहुँच र निरन्तरता सुनिश्चितता गर्ने, माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापकरूपले विस्तार गर्ने नीति लिएको छ । संविधान, ऐन, नियमावली

र नीतिको मर्मअनुसार शुद्धोदन गाउँपालिकाको शिक्षालाई सुव्यवस्थित बनाउन गुणस्तरीय र समावेशी, समतामूलक शिक्षा सबै नागरिकलाई प्रदान गर्न गाउँपालिकाले शिक्षा योजना २०८१ तयार गरेको छ । यसका साथै गाउँपालिकाअन्तर्गतका शिक्षासम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठीहरू सञ्चालन गरी शिक्षासम्बन्धी सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा उल्लेखित व्यवस्थाहरू कार्यान्वयन गर्न शिक्षासम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्त्वपूर्ण भूमिका रहनेछ।

## ख) शुद्धोदन गाउँपालिकाको शिक्षा योजना निर्माणको औचित्य

१. सङ्घ प्रदेश र स्थानीय तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय Verticle र क्षितिजीय Horizental सहसम्बन्ध स्थापित गर्न,

२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,

३. कार्यक्रम र स्रोतमा देखिएको कमी, दोहोरोपना र स्रोत परिचालनमा देखिएका समस्यालाई न्यूनीकरण गर्न,

४. शुद्धोदन गाउँपालिकामा क्रियाशील सङ्घ संस्थाहरूसँग लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,

५. विद्यालय शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन ।

## ग) शुद्धोदन गाउँपालिकाको शिक्षा योजना निर्माणका आधार

गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ।

१. नेपालको संविधान

२. सोह्रौं आवधिक योजना

३. स्थानीय सरकार सञ्चालन ऐन २०७४

४. शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९

५. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७

६. विद्यालय शिक्षा क्षेत्र योजना

७. सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

८. राष्ट्रिय शिक्षा नीति २०७६

९. शिक्षाको सोचपत्र २०७९

१०. विद्यालय शिक्षामा समता रणनीति

११. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

१२. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

१३. स्थानीय तहको मध्यमकालीन खर्च संरचना

१४. राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

१५. विद्यालय सुधार योजना

१६. शुद्धोदन शिक्षा ऐन २०७४ र शिक्षा नियमावली २०७९

१७. शुद्धोदन गाउँपालिकाको शिक्षा पार्श्वचित्र २०७९

१८. शुद्धोदन गाउँपालिकाको नीति तथा कार्यक्रम २०८१/८२

१९. शुद्धोदन गाउँपालिकाको विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क २०८१

## घ) शुद्धोदन गाउँपालिकाको शिक्षा योजना निर्माण प्रक्रिया

शिक्षा योजना निर्माण प्रक्रियामा शुद्धोदन गाउँपालिकाले सहभागिता मूलक प्रक्रिया अवलम्बन गरेको छ । योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरूसँगको प्रत्यक्ष सहभागितामा गाउँपालिकाको वर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर, दूरदृष्टि उद्देश्य, रणनीति, क्रियाकलाप, बजेट र कार्यनीतिहरूका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त सुझावहरूलाई समेटेर योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थ परक बनाउने प्रयत्न गरिएको छ। शुद्धोदन गाउँपालिकाको शिक्षा योजनाको दस्तावेजको स्वरूप यहाँ उल्लेख गरिएको छ ।

१. शुद्धोदन गाउँ शिक्षा समितिको मिति २०८१।०४।२७ को बैठकले गाउँ शिक्षा योजना निर्माण समिति र ७ सदस्यीय गाउँ शिक्षा योजना लेखन कार्यदलको गठन भएको ।

२. कार्यदलको मिति २०८१।०५।१६ गते बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाई कामको जिम्मेवारी बाँडफाँड गरिएको ।

३. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको ।

४. योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको ।

५. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको ।

६. सरोकारवालाहरूसँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT Analysis तथा Gap Analysis गरिएको ।

७. शिक्षा योजना लेखन कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको ।

८. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि मिति २०८२।०१।११ गते कार्यशाला आयोजना गरी विभिन्न सुझाव र पृष्ठपोषण सङ्कलन गरिएको ।

९. सरोकारवालाहरूको सल्लाह सुझावको आधारमा शिक्षा योजना लेखन कार्यदलबाट योजनाको अन्तिम मस्यौदा तयार गरी गाउँपालिकाको शिक्षा क्षेत्र योजना निर्माण समिति समक्ष पेश गरिएको ।

१०. सरोकारवालाहरूबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन गरी शिक्षा क्षेत्र योजना निर्माण समितिबाट योजनाको स्वीकृतिका लागि गाउँ कार्यपालिका समक्ष पेश गरिएको ।

११. शुद्धोदन गाउँ कार्यपालिकाको मिति २०८२।०२।१२ गतेको बैठकबाट योजना स्वीकृत गरिएको ।

## परिच्छेद एक

# परिचय

### पृष्ठभूमि

लुम्बिनी प्रदेशअन्तर्गत रूपन्देही जिल्लाको मध्य भागमा अवस्थित यो गाउँपालिका साबिकका चार गाउँ विकास समिति सौराहा फर्साटीकर, मानपकडी, मानमटेरिया र खड्वा वनगाई गाउँ विकास समिति मिलेर गठन भएको हो । यस गाउँपालिकाको नाम गौतम बुद्धका पिताको नामबाट नामकरण गरी शुद्धोदन गाउँपालिका राखिएको हो। वि.सं. २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भई सङ्घीयताअनुरूप स्थानीय तहका अधिकार र जिम्मेवारी पूरा गर्न पुरानो प्रशासनिक एकाइहरू खारेज गरी नेपाल सरकारको निर्णय अनुसार वि.सं २०७३ फागुन २७ गते प्रकाशित राजपत्रबमोजिम साबिकको चार गाउँ विकास समितिलाई पुनर्संरचना एवम् ७ वडामा विभाजन गरी यो गाउँपालिका गठन भएको छ।

### १.१ वर्तमान अवस्था

शुद्धोदन गाउँपालिका प्राकृतिक, सांस्कृतिक, शैक्षिक, औद्योगिक, कला सभ्यता, रहनसहन र जैविक विविधताले समृद्ध छ। विभिन्न जातजाति, भाषाभाषी, वेशभूषा, धर्म संस्कृति, रहन सहन र सुन्दरताले गर्दा प्राकृतिक रुपमा सम्पन्न रहेको छ। भगवान् गौतम बुद्धका पिता शुद्धोदनको नामबाट नामकरण भएको हुनाले यस गाउँपालिकाले आफैंमा ऐतिहासिक विशिष्टता बोकेको छ ।

### क) भौगोलिक अवस्थिति

रूपन्देही जिल्लाका सोह्रवटा पालिकामध्येको यो शुद्धोदन गाउँपालिका २७° ३६'५८" उत्तरी अक्षांश र ८३°२२'२०" पूर्वी देशान्तरमा अवस्थित रहेको छ। यो गाउँपालिकाको भूभाग समुद्री सतहदेखि ९२.१ मिटर सम्म फैलिएको छ। यसको कुल क्षेत्रफल ५७.६६ वर्ग कि.मि. रहेको छ। भौगोलिक अवस्थितिसम्बन्धी अन्य विवरण निम्नानुसार राखिएको छ।

| | |
|---|---|
| अक्षांश | २७° ३६'५८" उत्तर |
| देशान्तर | ८३° २२'०" पूर्व |
| गाउँपालिकाको क्षेत्रफल (कि.मि.) | ५७.६६ वर्ग कि.मी |

| | |
|---|---|
| सिमाना | पूर्वः- तिलोत्तमा नगरपालिका र बुटवल उपमहानगरपालिका<br>पश्चिम :-सैनामैना नगरपालिका र गैडहवा गाउँपालिका<br>उत्तर :- सैनामैना नगरपालिका र बुटवल उपमहानगरपालिका<br>दक्षिण :- सियारी गाउँपालिका र मायादेवी गाउँपालिका |
| उचाइ | समुद्री सतहबाट ९२.१ मिटर |
| हावापानी | उष्ण |
| स्थान | शुद्धोदन गाउँपालिका, मानपकडी, रुपन्देही |
| प्रमुख नदीहरू | दानव नदी, तिनाउ नदी |
| ताल, पोखरी | कुँवारी पोखरी, पकडी पोखरी, पुरैनी पोखरी, चप्पर खोना ताल |
| खोलाहरू | सुखली खोला, सियारी खोला, घमाहा खोला |
| प्रमुख धार्मिक स्थलहरू | १. दरबहवा क्षेत्र<br>२. सियाभार मन्दिर<br>३. नागेश्वर धाम<br>४. खजुरिया बौद्ध विहार<br>५. गुरौलिया मस्जिद |

## ख) जनसाङ्ख्यिक अवस्था

बि सं २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या ४१९०७ रहेको छ । जसमध्ये महिलाको सङ्ख्या २१३३७ (५०.९४ प्रतिशत) र पुरुषको सङ्ख्या २०५७० (४९.०६ प्रतिशत) रहेको छ। यस गाउँपालिकाको बार्षिक जनसङ्ख्या वृद्धिदर १.९७ प्रतिशत रहेको छ । गाउँपालिकामा मुख्यतः थारू, ब्राम्हण, मगर, क्षेत्री, गुरूङ्ग, यादव लोध, मल्लाह, कोहार, केवट, पासी, हरिजन, धोवी, मुसलमान आदि जातीहरूको बसोबास रहेको छ। यस गाउँपालिकाको वडागत जनसङ्ख्या विवरण तालिका न. १ मा उल्लेख गरिएको छ ।

*तालिका न. १ वडागत जनसङ्ख्या र परिवार सङ्ख्या विवरण*

| वडा नं | पुरूष | महिला | जम्मा | प्रतिशत | घरधुरी संङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ३२७१ | ३१३० | ६४०१ | १५.२७ | १०८८ |
| २ | २८६७ | ३०९६ | ५९६३ | १४.२३ | १३५३ |
| ३ | २९८७ | ३३०५ | ६२९२ | १५.०१ | १४५७ |
| ४ | ३१३१ | ३३६४ | ६४९५ | १५.५० | १५५० |

| वडा नं | पुरूष | महिला | जम्मा | प्रतिशत | घरधुरी संङ्ख्या |
|---|---|---|---|---|---|
| ५ | २९१४ | ३१०६ | ६०२० | १४.३७ | १२४६ |
| ६ | २४५५ | २४८१ | ४९३६ | ११.७८ | ९५५ |
| ७ | २९४५ | २८५५ | ५८०० | १३.८४ | १०२७ |
| **जम्मा** | **२०५७०** | **२१३३७** | **४१९०७** | **१००** | **८६७६** |

*तालिका न. २ उमेर समूहअनुसारको जनसङ्ख्या विवरण*

| क्र.स | उमेर समूह | पुरूष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ००-०४ वर्ष | १८०५ | १६०२ | ३४०७ | ८.१३ |
| २ | ०५-०९ वर्ष | १९३३ | १६७६ | ३६०९ | ८.६१ |
| ३ | १०-१४ वर्ष | २०६३ | १८२३ | ३८८६ | ९.२७ |
| ४ | १५-१९ वर्ष | २१७६ | २१७५ | ४३५१ | १०.३८ |
| ५ | २०-२४ वर्ष | २००९ | २४०४ | ४४१३ | १०.५३ |
| ६ | २५-२९ वर्ष | १७९४ | २११० | ३९०४ | ९.३२ |
| ७ | ३०-३४ वर्ष | १५४३ | १७९३ | ३३३६ | ७.९६ |
| ८ | ३५-३९ वर्ष | १४७६ | १७५३ | ३२२९ | ७.७१ |
| ९ | ४०-४४ वर्ष | १२३० | १२९९ | २५२९ | ६.०३ |
| १० | ४५-४९ वर्ष | ९०२ | ९९३ | १८९५ | ४.५२ |
| ११ | ५०-५४ वर्ष | ९७९ | १०५६ | २०३५ | ४.८६ |
| १२ | ५५-५९ वर्ष | ७१२ | ७५८ | १४७० | ३.५१ |
| १३ | ६०-६४ वर्ष | ६४७ | ६४६ | १२९३ | ३.०९ |
| १४ | ६५-६९ वर्ष | ५४९ | ५३० | १०७९ | २.५७ |
| १५ | ७०-७४ वर्ष | ३८१ | ३५७ | ७३८ | १.७६ |
| १६ | ७५-७९ वर्ष | २०३ | १८६ | ३८९ | ०.९३ |
| १७ | ८०-८४ वर्ष | ८८ | ८३ | १७१ | ०.४१ |
| १८ | ८५-८९ वर्ष | ४८ | ६२ | ११० | ०.२६ |
| १९ | ९०-९४ वर्ष | २० | २० | ४० | ०.१ |
| २० | ९५+ वर्ष | १२ | ११ | २३ | ०.०५ |
| **जम्मा** | | **२०५७०** | **२१३३७** | **४१९०७** | **१००** |

## तालिका न. ३ जातिगत आधारमा जनसङ्ख्या विवरण

| क्र.स. | जाति विवरण | जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरूष | महिला | |
| | All Caste | 41907 | 20570 | 21337 | 100.00 |
| 1 | Kshetri | 3340 | 1568 | 1772 | 7.97 |
| 2 | Brahman – Hill | 6269 | 3011 | 3258 | 14.96 |
| 3 | Magar | 2096 | 940 | 1156 | 5.00 |
| 4 | Tharu | 10448 | 5081 | 5367 | 24.93 |
| 5 | Newa:(Newar) | 200 | 95 | 105 | 0.48 |
| 6 | Bishwokarma | 1178 | 569 | 609 | 2.81 |
| 7 | Musalman | 727 | 368 | 359 | 1.73 |
| 8 | Yadav | 2344 | 1198 | 1146 | 5.59 |
| 9 | Gurung | 163 | 76 | 87 | 0.39 |
| 10 | Pariyar | 375 | 166 | 209 | 0.89 |
| 11 | Thakuri | 115 | 56 | 59 | 0.27 |
| 12 | Yakthung/Limbu | 10 | 5 | 5 | 0.02 |
| 13 | Mijar | 266 | 123 | 143 | 0.63 |
| 14 | Teli | 473 | 244 | 229 | 1.13 |
| 15 | Chamar/Harijan/Ram | 704 | 353 | 351 | 1.68 |
| 16 | Koiri/Kushwaha | 481 | 240 | 241 | 1.15 |
| 17 | Musahar | 48 | 22 | 26 | 0.11 |
| 18 | Kurmi | 199 | 108 | 91 | 0.47 |
| 19 | Sanyasi/Dasnami | 158 | 79 | 79 | 0.38 |
| 20 | Dusadh/Pasawan/Pasi | 518 | 277 | 241 | 1.24 |
| 21 | Mallaha | 2768 | 1402 | 1366 | 6.61 |
| 22 | Kewat | 1023 | 503 | 520 | 2.44 |
| 23 | Kathabaniyan | 52 | 29 | 23 | 0.12 |
| 24 | Brahman – Tarai | 221 | 109 | 112 | 0.53 |
| 25 | Kanu | 112 | 63 | 49 | 0.27 |
| 26 | Kumal | 331 | 163 | 168 | 0.79 |

| क्र.स. | जाति विवरण | जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरूष | महिला | |
| 27 | Gharti/Bhujel | 56 | 30 | 26 | 0.13 |
| 28 | Hajam/Thakur | 210 | 100 | 110 | 0.50 |
| 29 | Rajbansi | 24 | 12 | 12 | 0.06 |
| 30 | Dhobi | 192 | 97 | 95 | 0.46 |
| 31 | Lohar | 86 | 42 | 44 | 0.21 |
| 32 | Majhi | 29 | 14 | 15 | 0.07 |
| 33 | Baraee | 117 | 55 | 62 | 0.28 |
| 34 | Nuniya | 801 | 425 | 376 | 1.91 |
| 35 | Sonar | 52 | 24 | 28 | 0.12 |
| 36 | Kumhar | 112 | 57 | 55 | 0.27 |
| 37 | Sunuwar | 32 | 17 | 15 | 0.08 |
| 38 | Kahar | 286 | 143 | 143 | 0.68 |
| 39 | Rajput | 346 | 182 | 164 | 0.83 |
| 40 | Oraon/Kudukh | 71 | 34 | 37 | 0.17 |
| 41 | Lodh | 3701 | 1905 | 1796 | 8.83 |
| 42 | Badhaee/Badhee | 11 | 6 | 5 | 0.03 |
| 43 | Gaderi/Bhediyar | 381 | 200 | 181 | 0.91 |
| 44 | Mali | 14 | 6 | 8 | 0.03 |
| 45 | Dhunia | 15 | 4 | 11 | 0.04 |
| 46 | Kori | 13 | 6 | 7 | 0.03 |
| 47 | Rajbhar | 341 | 166 | 175 | 0.81 |
| 48 | Pattharkatta/ Kushwadiya | 16 | 7 | 9 | 0.04 |
| 49 | Natuwa | 42 | 20 | 22 | 0.10 |
| 50 | Baniyan | 198 | 98 | 100 | 0.47 |
| 51 | Others | 54 | 24 | 30 | 0.13 |
| 52 | Foreigner | 63 | 34 | 29 | 0.15 |
| 53 | Not stated | 25 | 14 | 11 | 0.06 |

*तालिका न. ४ जम्मा घरधुरी सङ्ख्या*

| वडा | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | औषत घरधुरी सङ्ख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| सबै वडा | ८६७६ | ४१९०७ | २०५७० | २१३३७ | ४.८३ | ९६.४१ |
| १ | १०८८ | ६४०१ | ३२७१ | ३१३० | ५.८८ | १०४.५ |
| २ | १३५३ | ५९६३ | २८६७ | ३०९६ | ४.४१ | ९२.६ |
| ३ | १४५७ | ६२९२ | २९८७ | ३३०५ | ४.३२ | ९०.३८ |
| ४ | १५५० | ६४९५ | ३१३१ | ३३६४ | ४.१९ | ९३.०७ |
| ५ | १२४६ | ६०२० | २९१४ | ३१०६ | ४.८३ | ९३.८२ |
| ६ | ९५५ | ४९३६ | २४५५ | २४८१ | ५.१७ | ९८.९५ |
| ७ | १०२७ | ५८०० | २९४५ | २८५५ | ५.६५ | १०३.१५ |

## ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

शुद्धोदन गाउँपालिकामा मूख्य रुपमा ब्राह्मण, क्षेत्री, थारु, यादव, मगर, गुरुङ्ग, लोध, मल्लाह, केवट, कहार, कुर्मी, मुसलमान, विश्वकर्मा, परियार, नेवार, ठकुरी, तेली, पासी आदि विभिन्न जातका मानिसहरूको बसोबास रहेको छ । यहाँ बसोबास गर्ने मानिसहरूका आफ्नै परम्पराअनुसारका रीतिरिवाज, संस्कृति र चलन चल्ती रहेका छन् । जाति र धर्म अनुसार चालचलन र संस्कृति पनि फरक फरक पाइन्छ । यस गाउँपालिकामा मूख्य रुपमा हिन्दू धर्म मान्नेहरूको बसोबास रहेको छ । हिन्दू पछि बुद्ध र इस्लाम धर्माबलम्बीहरूको बसोबास रहेको छ । यहाँ बसोबास गर्ने मानिसहरूको आफ्नै धर्म र जात जाति अनुसारका संस्कृति, भाषा र भेषभूषा रहेको पाइन्छ । यहाँका बासिन्दाहरूको मुख्य चाड पर्वहरूमा दसैं, तिहार, नाग पञ्चमी, तिज, फागु पूर्णिमा, छठ पर्व, माघी, बडकी आइतबार, मोहर्रम, रमजान, ईद आदि रहेका छन् । गाउँपालिकाको केन्द्र मानपकडीमा कार्तिक शुक्ल पूर्णिमाको दिन लाग्ने दरबाह मेला गाउँपालिकाको सबैभन्दा ठुलो सांस्कृतिक पर्व हो ।दरबाह मेलामा झुमडा नाच, मयुर नाचलगायत अन्य परम्परागत नृत्यहरू प्रदर्शन गरिन्छ । शुद्धोदन गाउँपालिकामा धार्मिक तथा सांस्कृतिक बिविधता भएतापनि एक आपासमा सामजिक सद्भाव रहेको छ । सबै समुदाय एक आपसमा घुलमिल भई एउटा समुदायले अर्को समुदायलाई सम्मान गरी भाइचाराको सम्बन्ध स्थापित गरी बसेका छन् ।

शुद्धोदन गाउँपालिकामा रहेका थारू समुदायले थारू भाषा, यादव, मल्लाह केवट तेली, आदिले अवधी र भोजपुरी भाषा, नेवार समुदायले नेवारी भाषा, मगर गुरुङ समुदायले आफ्नै मातृभाषा, ब्राह्मण, क्षेत्री, ठकुरी आदिले नेपाली भाषाको प्रयोग गर्दछन् भने अन्य समुदायसँग सम्पर्क गर्दा सबैजसोले नेपाली भाषाको नै प्रयोग गर्दछन् । कार्यालयीय प्रयोजनका लागि नेपाली भाषा नै प्रयोग भएको छ ।

*तालिका न. ५ मातृभाषाको आधारमा जनसङ्ख्या विवरण*

| मातृभाषा | जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | पुरूष | महिला | |
| Total | ४१९०७ | २०५७० | २१३३७ | १०० |
| No Second Language मातृभाषा नखुलेको | १४०३१ | ६५२२ | ७५०९ | ३३.४८ |
| Nepali नेपाली | २५२६७ | १२७४१ | १२५२६ | ६०.२९ |
| Maithili मैथिली | १४ | ५ | ९ | ०.०३ |
| Bhojpuri भोजपुरी | ४९३ | २३५ | २५८ | १.१८ |
| Tharu थारू | ११०५ | ५६० | ५४५ | २.६४ |
| Nepalbhasha(Newari) नेवारी | २६ | १२ | १४ | ०.०६ |
| Magar Dhut मगर धुत | १०३ | ४३ | ६० | ०.२५ |
| Avadhi अवधि | १८० | ९६ | ८४ | ०.४३ |
| Hindi हिन्दी | ४०७ | १९८ | २०९ | ०.९७ |
| English अंग्रेजी | १९७ | १०९ | ८८ | ०.४७ |
| Khash खस | २७ | १३ | १४ | ०.०६ |
| Sanskrit संस्कृत | १० | ८ | २ | ०.०२ |
| Others अन्य | ४७ | २८ | १९ | ०.११ |

*तालिका न. ६ धर्मका आधारमा जनसङ्ख्या प्रतिशत*

| क्र.स | धर्म | पुरूष | महिला | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हिन्दु | १९७४४ | २०४०४ | ४०१४८ | ९५.८० | |
| २ | बौद्ध | ३२३ | ४१५ | ७३८ | १.७६ | |
| ३ | इस्लाम | ३९८ | ३९८ | ७९६ | १.९० | |
| ४ | किराँत | ० | १ | १ | ०.०० | |
| ५ | क्रिश्चियन | ७२ | ८८ | १६० | ०.३८ | |
| ६ | प्रकृति | ३३ | ३१ | ६४ | ०.१५ | |

## घ) आर्थिक अवस्थाको विश्लेषण

शुद्धोदन गाउँपालिका कृषि पेसामा आधारित अर्थतन्त्रमा निर्भर रहेको छ। यहाँको प्रमुख आर्थिक स्रोत कृषि हो, जसमा विभिन्न प्रकारका अन्न, तेलहन, दलहन बालीहरूको उत्पादन, र पशु तथा पक्षी पालन समावेश छ। गाउँपालिकामा समथर र उर्वर भूमिहरूले कृषिको लागि उपयुक्त वातावरण तयार गरेका छन्, जसका कारण यहाँ धान, गहुँ, मकै आदि प्रमुख अन्न बालीहरू उत्पादन हुन्छन्। साथै, तोरी, आलस, सूर्यमूखी आदि तेलहन बाली र अडहर, मुसुरो, केराउ, चना, मास, बोडी, सिमी, राजमा लगाएतका दलहन बालीहरूको पनि उत्पादन गरिन्छ। पशु पालनमा गाई, भैसी, बाख्रा र बंगुरको व्यावसायिक रूपमा पालन भइरहेको छ र पक्षी पालनमा कुखुरा, हाँस, परेवा आदि पक्षीहरूको पनि व्यावसायिक पालन भएको छ। यसैगरी माछा पालन व्यवसाय पनि बढ्दैगइरहेको छ। कृषिको विविधता र विकासले गाउँपालिकाका बासिन्दाको आम्दानीमा ठुलो योगदान पुर्‍याइरहेको छ र यसले स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाएको छ।

गाउँपालिकामा गैर कृषि पेसामा संलग्न हुनेहरूको सङ्ख्या तुलनात्मक रुपमा कम छ । व्यापार, व्यवसाय, उद्योग, सरकारी पेसा, शिक्षण पेसा, सिकमी, डकर्मी, बैदेशिक रोजगार, स्वरोजगार आदिमा पनि यहाँका बासिन्दाहरूको संलग्नता रहेको छ। त्यस्तै यस गाउँपालिका भित्रका नदी एवम् सिमा क्षेत्रका नदीबाट प्राप्त हुने ढुंगा गिट्टी बालुवा आदि नदीजन्य पदार्थ पनि यस गाउँपालिकाको प्रमुख आयस्रोतको रुपमा रहेको छ ।

## ङ) शैक्षिक अवस्थाको विश्लेषणः

शुद्धोदन गाउँपालिकामा पूर्व प्राथमिक तहदेखि उच्च तह सम्मको शैक्षिक सेवाहरूको प्रवाह शिक्षण संस्थाहरूबाट भइरहेको छ । शिक्षाको अवस्था हेर्दा सन्तोषजनक रहेको भएतापनि विद्यालय बिचको शैक्षिक उपलब्धि स्तरमा विविधता देखिएको छ । यस गाउँपालिकामा जम्मा ३० वटा विद्यालयहरू सञ्चालित छन् । जसमध्ये १७ वटा सामुदायिक, ३ वटा परम्परागत र १० वटा संस्थागत विद्यालय सञ्चालित छन् । यस गाउँपालिकामा सञ्चालित एक मात्र उच्च शैक्षिक संस्थामा शिक्षा शास्त्र विषयमा स्नातकसम्म र व्यवस्थापन विषयमा स्नातकोत्तरसम्म अध्यापन हुन्छ ।

यस गाउँपालिकामा सामुदायिक २० विद्यालय सञ्चालनमा छन् । जसमध्ये कक्षा १-३ सञ्चालित ४, कक्षा १-५ सञ्चालित ३, कक्षा ६-८ सञ्चालित १, कक्षा १-८ सञ्चालित ४, कक्षा १-१० सञ्चालित ४, र कक्षा १-१२ सञ्चालित विद्यालय ४, रहेका छन् । त्यसै गरी संस्थागत तर्फ सञ्चालित १० विद्यालय मध्ये कक्षा १-५ सञ्चालित १, कक्षा १-८ सञ्चालित १, कक्षा १-१० सञ्चालित ४, र कक्षा १-१२ सञ्चालित विद्यालय ४ गरी कुल जम्मा ३० वटा विद्यालय सञ्चालनमा रहेका छन् । सामुदायिक विद्यालयमा ३२ र समुदायमा आधारित ७ समेत गरी सामुदायिक तर्फ ३९ बालविकास केन्द्र र संस्थागत विद्यालयमा आधारित १० गरी जम्मा ४९ वटा बालविकास केन्द्र सञ्चालनमा रहेको छन् । शुद्धोदन गाउँपालिकामा ३ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन्।शैक्षिक अवस्थाअन्तर्गत हालको अवस्थालाई निम्नानुसार विश्लेषण गरिएको छ ।

*तालिका न. ७ सामुदायिक तथा संस्थागत विद्यालय विवरण*

| संस्थाहरू | सामुदायिक | संस्थागत | धार्मिक | जम्मा |
|---|---|---|---|---|
| बालविकास केन्द्र (समुदायमा आधारित समेत) | २४ | १० | ० | ३४ |
| आधारभूत तह | ९ | २ | ३ | १४ |
| माध्यमिक तह | ८ | ८ | ० | १६ |
| उच्च तह क्याम्पस | १ | | | १ |
| प्राविधिक तथा व्यावसायिक शिक्षा | १ | सामुदायिक विद्यालयमा सञ्चालन भएको । | | १ |

*स्रोत: शिक्षा युवा तथा खेलकुद शाखा २०८१*

*तालिका न. ८ सामुदायिक विद्यालयका वालविकास केन्द्रको विवरण*

| क्र.स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री फर्साटिकर माध्यमिक विद्यालय | 490670007 | २८ | ३१ | ५९ | २७ | २९ | ५६ | ३६ | २७ | ६३ |
| २ | श्री भगलापुर माध्यमिक विद्यालय | 490450004 | २६ | २२ | ४८ | ४० | २३ | ६३ | २८ | ३० | ५८ |
| ३ | श्री शिशै माध्यमिक विद्यालय | 490360003 | ५९ | ५४ | ११३ | ५७ | ४५ | १०२ | ४४ | ३७ | ८१ |
| ४ | श्री बनगाई माध्यमिक विद्यालय | 490360001 | ६२ | ४२ | १०४ | ३९ | ५७ | ९६ | ४८ | ५८ | १०६ |
| ५ | श्री शंकर माध्यमिक विद्यालय | 490670006 | १६ | ३० | ४६ | १६ | २४ | ४० | १६ | २० | ३६ |
| ६ | श्री गुरौलिया माध्यमिक विद्यालय | 490440002 | ३१ | ३० | ६१ | ५४ | २५ | ७९ | ४६ | २३ | ६९ |
| ७ | श्री जनता माध्यमिक विद्यालय | 490440004 | २९ | ३१ | ६० | २४ | २७ | ५१ | २५ | २९ | ५४ |
| ८ | श्री बेलवा आधाभूत विद्यालय | 490450002 | ४० | ४७ | ८७ | ३२ | २५ | ५७ | २४ | १३ | ३७ |
| ९ | श्री पुरैनी आधारभूत विद्यालय | 490450005 | २८ | १४ | ४२ | १४ | १६ | ३० | २३ | २५ | ४८ |
| १० | श्री राधाकृष्णबाल आधारभूत विद्यालय | 490440001 | ५० | ३३ | ८३ | ३० | १४ | ४४ | २६ | २९ | ५५ |

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ११ | श्री ज्ञानज्योति आधारभूत विद्यालय | 490670001 | २३ | ११ | ३४ | १७ | ८ | २५ | १३ | १५ | २८ |
| १२ | श्री खजुरिया प्राथमिक विद्यालय | 490450001 | १२ | ९ | २१ | १३ | १० | २३ | ८ | ९ | १७ |
| १३ | श्री समैदेवी प्राथमिक विद्यालय | 490360002 | १२ | १५ | २७ | ११ | १० | २१ | ११ | ९ | २० |
| १४ | श्री केवलपुर प्राथमिक विद्यालय | 490670002 | १३ | १७ | ३० | १२ | १४ | २६ | ९ | १० | १९ |
| १५ | श्री बुद्धज्योति प्राथमिक विद्यालय | 490670005 | २४ | १२ | ३६ | २५ | १४ | ३९ | १८ | १३ | ३१ |
| १६ | श्री फूलबारी प्राथमिक विद्यालय | 490360006 | २४ | १९ | ४३ | २३ | १३ | ३६ | २० | १६ | ३६ |
| १७ | श्री जनचेतना प्राथमिक विद्यालय | 490450007 | ११ | ९ | २० | ५ | १० | १५ | ११ | ८ | १९ |
| १८ | श्री मदरसा दारुसलाम | 490360007 | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | | ४८८ | ४२६ | ९१४ | ४३९ | ३६४ | ८०३ | ४०६ | ३७१ | ७७७ |

*तालिका न. ९ संस्थागत विद्यालयका बालविकास केन्द्रको विवरण*

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | भुजौली इङलिस स्कुल | 490360005 | २३ | ३१ | ५४ | १५ | २४ | ३९ | ७३ | ९१ | १६४ |
| २ | दिपज्योति इङलिस बोर्डिङ स्कुल | 490440003 | ४ | १७ | २१ | ८ | २५ | ३३ | ८ | २२ | ३० |
| ३ | ड्रिमभिजन स्कुल अफ फर्साटिकर | 490670008 | २४ | ३६ | ६० | २८ | ४२ | ७० | ४८ | ७१ | ११९ |
| ४ | ज्ञानपुञ्ज विद्या मन्दिर सेकेन्डरी स्कुल | 490450006 | ५४ | ८७ | १४१ | ८६ | १४३ | २२९ | १४९ | २२९ | ३७८ |
| ५ | लिटल फ्लावर्स इङलिस सेकेन्डरी स्कुल | 490670007 | ८० | १२६ | २०६ | ७६ | ११४ | १९० | ६७ | ९८ | १६५ |
| ६ | फर्साटीकर सिद्धार्थ इङलिस बोर्डिङ स्कुल | 490670004 | ४० | ७७ | ११७ | ४७ | ७१ | ११८ | ७१ | ९१ | १६२ |
| ७ | सीता किड्स इङलिस स्कुल | 490440003 | १० | २१ | ३१ | ६ | १२ | १८ | ३६ | ५२ | ८८ |
| ८ | शुद्धोदन इङलिस स्कुल | 490360004 | ७८ | ९८ | १७६ | ८५ | ९६ | १८१ | ८१ | ८९ | १७० |

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९ | सनफ्लावर इङलिस स्कुल | 490360008 | ५३ | ६६ | ११९ | ४५ | ८१ | १२६ | ३५ | ६५ | १०० |
| १० | तिलोत्तमा इङलिस सेकेन्डरी स्कुल | 490670010 | ६० | ८७ | १४७ | ७५ | १११ | १८६ | ७७ | १०३ | १८० |
| Total | | | **४२६** | **६४६** | **१०७२** | **४७१** | **७१९** | **११९०** | **६४५** | **९११** | **१५५६** |

*तालिका न. १० सामुदायिक विद्यालयको कक्षा १ देखि ५ सम्मको विद्यार्थी विवरण*

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री फर्सांटिकर माध्यमिक विद्यालय | 490670007 | १०२ | १०० | २०२ | १०२ | ८० | १८२ | ६७ | ५२ | ११९ |
| २ | श्री भगलापुर माध्यमिक विद्यालय | 490450004 | १३१ | ११६ | २४७ | १२१ | ११७ | २३८ | ८९ | ७९ | १६८ |
| ३ | श्री शिशै माध्यमिक विद्यालय | 490360003 | १८५ | २२३ | ४०८ | १५४ | १८५ | ३३९ | १३३ | १५९ | २९२ |
| ४ | श्री बनगाई माध्यमिक विद्यालय | 490360001 | ६० | ५९ | ११९ | ६७ | ५५ | १२२ | ६७ | ५२ | ११९ |
| ५ | श्री शंकर माध्यमिक विद्यालय | 490670006 | ६१ | ७६ | १३७ | ५० | ६८ | ११८ | ४८ | ६३ | १११ |
| ६ | श्री गुरौलिया माध्यमिक विद्यालय | 490440002 | १५८ | १४५ | ३०३ | १६४ | १५१ | ३१५ | १५६ | १४० | २९६ |
| ७ | श्री जनता माध्यमिक विद्यालय | 490440004 | ९६ | १०७ | २०३ | ७९ | ६९ | १४८ | ६२ | ५७ | ११९ |
| ८ | श्री बेलवा आधारभूत विद्यालय | 490450002 | १२५ | १२७ | २५२ | ९२ | ११३ | २०५ | ८५ | ७९ | १६४ |
| ९ | श्री पुरैनी आधारभूत विद्यालय | 490450005 | १४६ | १३८ | २८४ | १६७ | १४१ | ३०८ | ७७ | ५१ | १२८ |
| १० | श्री राधाकृष्णबाल आधारभूत विद्यालय | 490440001 | १११ | ८३ | १९४ | ५७ | ३२ | ८९ | २६ | १६ | ४२ |
| ११ | श्री ज्ञानज्योति आधारभूत विद्यालय | 490670001 | ३६ | ३७ | ७३ | ३९ | ३७ | ७६ | २५ | २० | ४५ |
| १२ | श्री खजुरिया प्राथमिक विद्यालय | 490450001 | ३७ | १७ | ५४ | ३६ | २२ | ५८ | २८ | १६ | ४४ |
| १३ | श्री समैदेवी प्राथमिक विद्यालय | 490360002 | ३२ | ४४ | ७६ | २७ | ३७ | ६४ | २५ | ३० | ५५ |
| १४ | श्री केवलपुर प्राथमिक विद्यालय | 490670002 | २१ | १९ | ४० | २२ | २४ | ४६ | १९ | १९ | ३८ |

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १५ | श्री बुद्धज्योति प्राथमिक विद्यालय | 490670005 | ४० | २४ | ६४ | ३४ | २४ | ५८ | ३२ | २४ | ५६ |
| १६ | श्री फूलबारी प्राथमिक विद्यालय | 490360006 | ३३ | ४७ | ८० | ३५ | ३८ | ७३ | २९ | ३० | ५९ |
| १७ | श्री जनचेतना प्राथमिक विद्यालय | 490450007 | ११ | १४ | २५ | १३ | ७ | २० | ८ | ६ | १४ |
| १८ | श्री मदरसा दारुसलाम | 490360007 | २० | १७ | ३७ | १९ | १३ | ३२ | १९ | १९ | ३८ |
| | **Total** | | **१४०५** | **१३९३** | **२७९८** | **१२७८** | **१२१३** | **२४९१** | **९९५** | **९१२** | **१९०७** |

*तालिका न. ११ संस्थागत विद्यालयको कक्षा १ देखि ५ सम्मको विद्यार्थी विवरण*

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | भुजौली इङलिस स्कुल | 490360005 | १०३ | १५७ | २६० | ७७ | ११५ | १९२ | १२० | १४० | २६० |
| २ | दिपज्योति इङलिस बोर्डिङ स्कुल | 490440003 | ३ | १६ | १९ | ४ | १८ | २२ | ० | १० | १० |
| ३ | ड्रिमभिजन स्कुल अफ फर्साटिकर | 490670008 | ६९ | ९१ | १६० | ७२ | ११० | १८२ | ६५ | १०९ | १७४ |
| ४ | ज्ञानपुञ्ज विद्या मन्दिर सेकेन्डरी स्कुल | 490450006 | ११६ | २०० | ३१६ | १३१ | २०७ | ३३८ | १३६ | १९९ | ३३५ |
| ५ | लिटल फ्लावर्स इङलिस सेकेन्डरी स्कुल | 490670007 | ८७ | १५९ | २४६ | १०६ | १८४ | २९० | ११४ | १७२ | २८६ |
| ६ | फर्साटीकर सिद्धार्थ इङलिस बोर्डिङ स्कुल | 490670004 | ४६ | ९१ | १३७ | ४७ | १०३ | १५० | ५७ | १०० | १५७ |
| ७ | सीता किङ्गस इङलिस स्कुल | 490440003 | ३५ | ६९ | १०४ | ३३ | ६१ | ९४ | ३० | ४८ | ७८ |
| ८ | शुद्धोदन इङलिस स्कुल | 490360004 | १०५ | १३० | २३५ | ११५ | ११७ | २३२ | ११४ | १३७ | २५१ |
| ९ | सनफ्लावर इङलिस स्कुल | 490360008 | ५५ | ८१ | १३६ | ६० | ७४ | १३४ | ३९ | ३७ | ७६ |
| १० | तिलोत्तमा इङलिस सेकेन्डरी स्कुल | 490670010 | १६५ | २२७ | ३९२ | १६८ | २२० | ३८८ | १२४ | १४३ | २६७ |
| | **Total** | | **७८४** | **१२२१** | **२००५** | **८१३** | **१२०९** | **२०२२** | **७९९** | **१०९५** | **१८९४** |

*तालिका न. १२ सामुदायिक विद्यालयको कक्षा ६ देखि ८ सम्मको विद्यार्थी विवरण*

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री फर्सांटिकर माध्यमिक विद्यालय | 490670007 | १३८ | १७५ | ३१३ | १५४ | १२० | २७४ | १५७ | १०४ | २६१ |
| २ | श्री भगलापुर माध्यमिक विद्यालय | 490450004 | ९४ | ७६ | १७० | १११ | ९८ | २०९ | ९६ | ७० | १६६ |
| ३ | श्री शिशै माध्यमिक विद्यालय | 490360003 | १५८ | १५९ | ३१७ | १७८ | १४५ | ३२३ | १५० | १२१ | २७१ |
| ४ | श्री बनगाई माध्यमिक विद्यालय | 490360001 | ४५ | ४३ | ८८ | ६२ | ७४ | १३६ | ४६ | ५६ | १०२ |
| ५ | श्री शंकर माध्यमिक विद्यालय | 490670006 | १०२ | १०३ | २०५ | ९३ | १०१ | १९४ | ९६ | ११८ | २१४ |
| ६ | श्री गुरौलिया माध्यमिक विद्यालय | 490440002 | ११४ | ८८ | २०२ | १३६ | ११८ | २५४ | ११६ | १०५ | २२१ |
| ७ | श्री जनता माध्यमिक विद्यालय | 490440004 | ५१ | ५२ | १०३ | ५८ | ५९ | ११७ | ५३ | ४६ | ९९ |
| ८ | श्री बेलवा आधारभूत विद्यालय | 490450002 | ७९ | ६० | १३९ | ९० | ५३ | १४३ | ७६ | ४४ | १२० |
| ९ | श्री पुरैनी आधारभूत विद्यालय | 490450005 | ६२ | ३८ | १०० | ६९ | ५२ | १२१ | ३० | ३५ | ६५ |
| १० | श्री राधाकृष्णबाल आधारभूत विद्यालय | 490440001 | ४२ | २६ | ६८ | ३६ | २६ | ६२ | ३६ | १९ | ५५ |
| | **Total** | | **८८५** | **८२०** | **१७०५** | **९८७** | **८४६** | **१८३३** | **८५६** | **७१८** | **१५७४** |

*तालिका न. १३ संस्थागत विद्यालयको कक्षा ६ देखि ८ सम्मको विद्यार्थी विवरण*

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | भुजौली इङलिस स्कुल | 490360005 | ५८ | ८१ | १३९ | २९ | ५१ | ८० | ३९ | ५६ | ९५ |
| ३ | ड्रिमभिजन स्कुल अफ फर्सांटिकर | 490670008 | २६ | ६० | ८६ | ३० | ६० | ९० | ३७ | ६५ | १०२ |
| ४ | ज्ञानपुञ्ज विद्या मन्दिर सेकेन्डरी स्कुल | 490450006 | ४४ | ५४ | ९८ | ५३ | ८३ | १३६ | ५८ | ९६ | १५४ |
| ५ | लिटल फ्लावर्स इङलिस सेकेन्डरी स्कुल | 490670007 | ४४ | ८० | १२४ | ५० | ९५ | १४५ | ३७ | ९२ | १२९ |
| ६ | फर्साटीकर सिद्धार्थ इङलिस बोर्डिङ स्कुल | 490670004 | २५ | ४५ | ७० | २३ | ३९ | ६२ | २८ | ४० | ६८ |

| क्र.स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ७ | सीता किङ्गस इङलिस स्कुल | 490440003 | १४ | ४४ | ५८ | १३ | ४४ | ५७ | ९ | ११ | २० |
| ८ | शुद्धोदन इङलिस स्कुल | 490360004 | ३३ | ४३ | ७६ | २९ | ५१ | ८० | ४१ | ५३ | ९४ |
| १० | तिलोत्तमा इङलिस सेकेन्डरी स्कुल | 490670010 | ८५ | १३७ | २२२ | ९४ | १५८ | २५२ | ४३ | ६२ | १०५ |
| | **Total** | | **३२९** | **५४४** | **८७३** | **३२१** | **५८१** | **९०२** | **२९२** | **४७५** | **७६७** |

*तालिका न. १४ सामुदायिक विद्यालयको कक्षा ९ देखि १० सम्मको विद्यार्थी विवरण*

| क्र.स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री फर्सीटिकर माध्यमिक विद्यालय | 490670007 | १७६ | १८३ | ३५९ | १२५ | १४७ | २७२ | १०३ | १४९ | २५२ |
| २ | श्री भगलापुर माध्यमिक विद्यालय | 490450004 | ९७ | ७४ | १७१ | ९१ | ७४ | १६५ | ५३ | ३० | ८३ |
| ३ | श्री शिशै माध्यमिक विद्यालय | 490360003 | १२१ | १३३ | २५४ | ७३ | ६९ | १४२ | ६३ | ६५ | १२८ |
| ४ | श्री बनगाई माध्यमिक विद्यालय | 490360001 | ४२ | ३१ | ७३ | ४२ | १९ | ६१ | ३३ | १९ | ५२ |
| ५ | श्री शंकर माध्यमिक विद्यालय | 490670006 | ७८ | ८४ | १६२ | ६७ | ६५ | १३२ | ६४ | ६७ | १३१ |
| ६ | श्री गुरौलिया माध्यमिक विद्यालय | 490440002 | ९१ | ६४ | १५५ | ६४ | ४७ | १११ | ४२ | ३६ | ७८ |
| ७ | श्री जनता माध्यमिक विद्यालय | 490440004 | १३ | ४ | १७ | ९ | २ | ११ | १४ | १४ | २८ |
| | **Total** | | **६१८** | **५७३** | **११९१** | **४७१** | **४२३** | **८९४** | **३७२** | **३८०** | **७५२** |

*तालिका न. १५ संस्थागत विद्यालयको कक्षा ९ देखि १० सम्मको विद्यार्थी विवरण*

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | भुजौली इङलिस स्कुल | 490360005 | २५ | ४६ | ७१ | २२ | ४१ | ६३ | २२ | ३४ | ५६ |
| ३ | ड्रिमभिजन स्कुल अफ फर्सांटिकर | 490670008 | १२ | ९ | २१ | १९ | २५ | ४४ | १४ | ३३ | ४७ |
| ४ | ज्ञानपुञ्ज विद्या मन्दिर सेकेन्डरी स्कुल | 490450006 | ३४ | ४७ | ८१ | २४ | ३५ | ५९ | २१ | २१ | ४२ |
| ५ | लिटल फ्लावर्स इङलिस सेकेन्डरी स्कुल | 490670007 | ३२ | ३६ | ६८ | ३३ | ३७ | ७० | २४ | ४२ | ६६ |
| ६ | फर्सांटिकर सिद्धार्थ इङलिस बोर्डिङ स्कुल | 490670004 | १७ | १७ | ३४ | २० | २१ | ४१ | १७ | ३२ | ४९ |
| ७ | सीता किङ्स इङलिस स्कुल | 490440003 | ३ | ८ | ११ | ६ | १० | १६ | ३ | ६ | ९ |
| ८ | शुद्धोदन इङलिस स्कुल | 490360004 | १५ | २३ | ३८ | २१ | २२ | ४३ | १६ | २१ | ३७ |
| १० | तिलोत्तमा इङलिस सेकेन्डरी स्कुल | 490670010 | ५३ | ४३ | ९६ | ५१ | ६९ | १२० | ३३ | २८ | ६१ |
| | **Total** | | **१९१** | **२२९** | **४२०** | **१९६** | **२६०** | **४५६** | **१५०** | **२१७** | **३६७** |

*तालिका न. १६ सामुदायिक विद्यालयको कक्षा ११ देखि १२ सम्मको विद्यार्थी विवरण*

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री फर्सांटिकर माध्यमिक विद्यालय | 490670007 | १६६ | १७४ | ३४० | १४० | १४० | २८० | १२७ | १०९ | २३६ |
| २ | श्री भगलापुर माध्यमिक विद्यालय | 490450004 | ९७ | ५६ | १५३ | १०१ | ५३ | १५४ | ३ | १ | ४ |
| ३ | श्री शिशै माध्यमिक विद्यालय | 490360003 | ९१ | ६९ | १६० | ७८ | ६५ | १४३ | १५ | २५ | ४० |
| ४ | श्री बनगाई माध्यमिक विद्यालय | 490360001 | ३९ | २१ | ६० | ४४ | २१ | ६५ | १२ | २ | १४ |
| | **Total** | | **३९३** | **३२०** | **७१३** | **३६३** | **२७९** | **६४२** | **१५७** | **१३७** | **२९४** |

तालिका न. १७ संस्थागत विद्यालयको कक्षा ११ देखि १२ सम्मको विद्यार्थी विवरण

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ४ | ज्ञानपुञ्ज विद्या मन्दिर सेकेन्डरी स्कुल | 490450006 | १४ | १९ | ३३ | १५ | १६ | ३१ | ९ | ११ | २० |
| ५ | लिटल फ्लावर्स इङलिस सेकेन्डरी स्कुल | 490670007 | ५८ | ८५ | १४३ | ५० | ८९ | १३९ | ९ | ९ | १८ |
| १० | तिलोत्तमा इङलिस सेकेन्डरी स्कुल | 490670010 | ३८ | ६० | ९८ | ३४ | ३४ | ६८ | ३२ | ३३ | ६५ |
| **Total** | | | **११०** | **१६४** | **२७४** | **९९** | **१३९** | **२३८** | **५०** | **५३** | **१०३** |

तालिका न. १८ सामुदायिक विद्यालयको प्रारम्भिक बाल विकासदेखि १२ सम्म सम्मको विद्यार्थी विवरण

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | श्री फर्सोटिकर माध्यमिक विद्यालय | 490670007 | ६१० | ६६३ | १२७३ | ५४८ | ५१६ | १०६४ | ५२२ | ४८७ | १००९ |
| २ | श्री भगलापुर माध्यमिक विद्यालय | 490450004 | ४४५ | ३४४ | ७८९ | ४६४ | ३६५ | ८२९ | २६९ | २१० | ४७९ |
| ३ | श्री शिशै माध्यमिक विद्यालय | 490360003 | ६१४ | ६३८ | १२५२ | ५४० | ५०९ | १०४९ | ४०५ | ४०७ | ८१२ |
| ४ | श्री बनगाई माध्यमिक विद्यालय | 490360001 | २४८ | १९६ | ४४४ | २५४ | २२६ | ४८० | २०६ | १८७ | ३९३ |
| ५ | श्री शंकर माध्यमिक विद्यालय | 490670006 | २५७ | २९३ | ५५० | २२६ | २५८ | ४८४ | २२४ | २६८ | ४९२ |
| ६ | श्री गुरौलिया माध्यमिक विद्यालय | 490440002 | ३९४ | ३२७ | ७२१ | ४१८ | ३४१ | ७५९ | ३६० | ३०४ | ६६४ |
| ७ | श्री जनता माध्यमिक विद्यालय | 490440004 | १८९ | १९४ | ३८३ | १७० | १५७ | ३२७ | १५४ | १४६ | ३०० |
| ८ | श्री बेलवा आधारभूत विद्यालय | 490450002 | २४४ | २३५ | ४७९ | २१४ | १९१ | ४०५ | १८५ | १३६ | ३२१ |
| ९ | श्री पुरैनी आधारभूत विद्यालय | 490450005 | २३६ | १९० | ४२६ | २५० | २०९ | ४५९ | १३० | १११ | २४१ |
| १० | श्री राधाकृष्णबाल आधारभूत विद्यालय | 490440001 | २०३ | १४२ | ३४५ | १२३ | ७२ | १९५ | ८८ | ६४ | १५२ |
| ११ | श्री ज्ञानज्योति आधारभूत विद्यालय | 490670001 | ७९ | ६८ | १४७ | ७४ | ५८ | १३२ | ५० | ४८ | ९८ |
| १२ | श्री खजुरिया प्राथमिक विद्यालय | 490450001 | ४९ | २६ | ७५ | ४९ | ३२ | ८१ | ३६ | २५ | ६१ |

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १३ | श्री समैदेवी प्राथमिक विद्यालय | 490360002 | ४४ | ५९ | १०३ | ३८ | ४७ | ८५ | ३६ | ३९ | ७५ |
| १४ | श्री केवलपुर प्राथमिक विद्यालय | 490670002 | ३४ | ३६ | ७० | ३४ | ३८ | ७२ | २८ | २९ | ५७ |
| १५ | श्री बुद्धज्योति प्राथमिक विद्यालय | 490670005 | ६४ | ३६ | १०० | ५९ | ३८ | ९७ | ५० | ३७ | ८७ |
| १६ | श्री फूलबारी प्राथमिक विद्यालय | 490360006 | ५७ | ६६ | १२३ | ५८ | ५१ | १०९ | ४९ | ४६ | ९५ |
| १७ | श्री जनचेतना प्राथमिक विद्यालय | 490450007 | २२ | २३ | ४५ | १८ | १७ | ३५ | १९ | १४ | ३३ |
| १८ | श्री मदरसा दारुसलाम | 490360007 | २० | १७ | ३७ | १९ | १३ | ३२ | १९ | १९ | ३८ |
| | **जम्मा** | | **३८०९** | **३५५३** | **७३६२** | **३५५६** | **३१३८** | **६६९४** | **२८३०** | **२५७७** | **५४०७** |

*तालिका न. १९ संस्थागत विद्यालयको बाल विकासदेखि १२ सम्मको विद्यार्थी विवरण*

| क्र. स. | विद्यालयको नाम | IEMIS | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | भुजौली इङलिस स्कुल | 490360005 | २०९ | ३१५ | ५२४ | १८९ | ३०१ | ४९० | २५४ | ३२१ | ५७५ |
| २ | दिपज्योति इङलिस बोर्डिङ स्कुल | 490440003 | ७ | ३३ | ४० | १२ | ४३ | ५५ | ८ | ३२ | ४० |
| ३ | ड्रिमभिजन स्कुल अफ फर्साटिकर | 490670008 | १३१ | १९६ | ३२७ | १४९ | २३७ | ३८६ | १६४ | २७८ | ४४२ |
| ४ | ज्ञानपुञ्ज विद्या मन्दिर सेकेन्डरी स्कुल | 490450006 | २६२ | ४०७ | ६६९ | ३०९ | ४८४ | ७९३ | ३७३ | ५५६ | ९२९ |
| ५ | लिटल फ्लावर्स इङलिस सेकेन्डरी स्कुल | 490670007 | ३०१ | ४८६ | ७८७ | ३१५ | ५१९ | ८३४ | २५१ | ४१३ | ६६४ |
| ६ | फर्साटीकर सिद्धार्थ इङलिस बोर्डिङ स्कुल | 490670004 | १२८ | २३० | ३५८ | १३७ | २३४ | ३७१ | १७३ | २६३ | ४३६ |
| ७ | सीता किङ्स इङलिस स्कुल | 490440003 | ६२ | १४२ | २०४ | ५८ | १२७ | १८५ | ७८ | ११७ | १९५ |
| ८ | शुद्धोदन इङलिस स्कुल | 490360004 | २३१ | २९४ | ५२५ | २५० | २८६ | ५३६ | २५२ | ३०० | ५५२ |
| ९ | सनफ्लावर इङलिस स्कुल | 490360008 | १०८ | १४७ | २५५ | १०५ | १५५ | २६० | ७४ | १०२ | १७६ |
| १० | तिलोत्तमा इङलिस सेकेन्डरी स्कुल | 490670010 | ४०१ | ५५४ | ९५५ | ४२२ | ५९२ | १०१४ | ३०९ | ३६९ | ६७८ |
| | **जम्मा** | | **१८४०** | **२८०४** | **४६४४** | **१९४६** | **२९७८** | **४९२४** | **१९३६** | **२७५१** | **४६८७** |

## तालिका न. २०. सामुदायिक सिकाइ केन्द्रहरूको विवरण

| क्र.स. | सिकाइ केन्द्रको नाम | वार्ड नं | अध्यक्ष | परिचालकको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनता सामुदायिक सिकाइ केन्द्र | ७ | सोभनाथ पाण्डे | धनसरी लेध | |
| २ | सौ फर्साटिकर सामुदायिक सिकाइ केन्द्र | ४ | रामेश्वरी सिह | अञ्जना रेग्मी | |
| ३ | खडवा बनगाइ सामुदायिक सिकाइ केन्द्र | २ | उमाकन्त चापागाई | अप्सरा चौधरी | |

## तालिका न. २१ वडागत रूपमा साक्षरता विवरण

| वडा | लिङ्ग | जनसङ्ख्याको आधारमा | | | थाहा नभएको | जम्मा | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| | | लेख र पढ्न सक्ने | पढ्न मात्रै सक्ने | पढ्न लेख्न नसक्ने | | | |
| सबै वडा | जम्मा | ३१२८१ | ९१ | ७११० | १८ | ३८५०० | ८१.२५ |
| | पुरुष | १६६४६ | ३४ | २०७९ | ६ | १८७६५ | ८८.७१ |
| | महिला | १४६३५ | ५७ | ५०३१ | १२ | १९७३५ | ७४.१६ |
| १ | जम्मा | ४२५२ | ४७ | १४७२ | ० | ५७७१ | ७३.६८ |
| | पुरुष | २४४१ | २३ | ४७६ | ० | २९४० | ८३.०३ |
| | महिला | १८११ | २४ | ९९६ | ० | २८३१ | ६३.९७ |
| २ | जम्मा | ४४८१ | ० | १०१९ | २ | ५५०२ | ८१.४४ |
| | पुरुष | २३३८ | ० | २८९ | ० | २६२७ | ८९.०० |
| | महिला | २१४३ | ० | ७३० | २ | २८७५ | ७४.५४ |
| ३ | जम्मा | ४९१६ | ९ | ८५९ | ५ | ५७८९ | ८४.९२ |
| | पुरुष | २४७० | ४ | २४८ | १ | २७२३ | ९०.७१ |
| | महिला | २४४६ | ५ | ६११ | ४ | ३०६६ | ७९.७८ |
| ४ | जम्मा | ५२७७ | ८ | ७७९ | ५ | ६०६९ | ८६.९५ |
| | पुरुष | २६८३ | १ | २१२ | २ | २८९८ | ९२.५८ |
| | महिला | २५९४ | ७ | ५६७ | ३ | ३१७१ | ८१.८० |
| ५ | जम्मा | ४६७२ | २४ | ८८२ | २ | ५५८० | ८३.७३ |
| | पुरुष | २४२३ | ५ | २४६ | २ | २६७६ | ९०.५५ |
| | महिला | २२४९ | १९ | ६३६ | ० | २९०४ | ७७.४४ |
| ६ | जम्मा | ३३७७ | १ | ११०० | १ | ४४७९ | ७५.४० |
| | पुरुष | १९२६ | ० | २९९ | ० | २२२५ | ८६.५६ |
| | महिला | १४५१ | १ | ८०१ | १ | २२५४ | ६४.३७ |
| ७ | जम्मा | ४३०६ | २ | ९९९ | ३ | ५३१० | ८१.०९ |
| | पुरुष | २३६५ | १ | ३०९ | १ | २६७६ | ८८.३८ |
| | महिला | १९४१ | १ | ६९० | २ | २६३४ | ७३.६९ |

## तालिका नं. २२ उमेरअनुसार साक्षरता विवरण

| उमेर समूह | जम्मा | जनसङ्ख्या | | | नखुलेको |
|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न लेख्न दुवै नसक्ने | |
| Total | ३८५०० | ३१२८१ | ९१ | ७११० | १८ |
| 0–40 year | ३४०७ | ० | ० | | |
| 05 Year | ७५८ | ६७४ | ३ | ७४ | ७ |
| 06 Year | ७४४ | ७०८ | ५ | २५ | ६ |
| 07 Year | ६८० | ६६६ | २ | १२ | ० |
| 08 Year | ८१७ | ८०८ | २ | ७ | ० |
| 09 Year | ६१० | ६०५ | १ | ४ | ० |
| 10 Year | ८३३ | ८३० | ० | ३ | ० |
| 11 Year | ६६८ | ६६२ | १ | ४ | १ |
| 12 Year | ८३८ | ८३२ | ० | ५ | १ |
| 13 Year | ७६९ | ७६६ | ० | ३ | ० |
| 14 Year | ७७८ | ७७२ | ० | ६ | ० |
| 15 Year | ८०४ | ७९८ | १ | ५ | ० |
| 16 - 19 Years | ३५४७ | ३४९६ | २ | ४९ | ० |
| 20 - 24 Years | ४४१३ | ४२२९ | ४ | १८० | ० |
| 25 - 29 Years | ३९०४ | ३५९४ | ८ | ३०२ | ० |
| 30 - 34 Years | ३३३६ | २८८८ | १२ | ४३५ | १ |
| 35 - 39 Years | ३२२९ | २५८१ | ११ | ६३७ | ० |
| 40 - 44 Years | २५२९ | १८७६ | ९ | ६४४ | ० |
| 45 - 49 Years | १८९५ | १२७८ | ८ | ६०९ | ० |
| 50 - 54 Years | २०३५ | ११६५ | ३ | ८६७ | ० |
| 55 - 59 Years | १४७० | ७२४ | ६ | ७४० | ० |
| 60 - 64 Years | १२९३ | ५७२ | ३ | ७१६ | २ |
| 65 - 69 Years | १०७९ | ३८६ | ७ | ६८६ | ० |
| 70 - 74 Years | ७३८ | १९७ | १ | ५४० | ० |
| 75+ Years | ७३३ | १७४ | २ | ५५७ | ० |

## १.२ मुख्य समस्या तथा चुनौती विश्लेषण

### क) समस्या वृक्ष र विश्लेषण




### मूल समस्या

विद्यालय शिक्षामा पहुँच र गुणस्तर सुनिश्चित गर्न नसकिनु ।

### समस्याका कारण

- विषयगत शिक्षक दरवन्दीको कमी,
- आधारभूत विद्यालय उमेर समूहका केही बालबालिकाहरू विद्यालय बाहिर रहिरहनु,
- शैक्षिक सुशासन पूर्ण रुपमा कायम हुन नसक्नु,
- सार्वजनिक शिक्षामा स्थानीय समुदायको पूर्ण रुपमा अपनत्व हुन नसक्नु,
- शिक्षकको पेसाप्रतिको लगनशीलता, उत्तरदायित्व र समर्पणमा कमी,
- विपद्‍मा सिकाइलाई निरन्तरता दिन नसकिनु,
- विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य प्रभावकारी हुन नसक्नु,
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच र प्रभावकारीता कम हुनु,
- बालमैत्री तथा अपाङ्गमैत्री विद्यालय वातावरण विकास गर्न नसक्नु ।
- अभिभावकहरूमा अंग्रेजी भाषाप्रतिको मोह ।

### असरहरू

- विद्यार्थीको टिकाउदर कम,
- विद्यालय र विद्यार्थीको आन्तरिक सक्षमता कमजोर,
- वालबालिकालाई विद्यालय र पढाइ प्रतिको आकर्षणमा कमी,
- विद्यार्थी सिकाइ उपलब्धिमा कमी,
- विद्यालय शिक्षा प्रतिस्पर्धी र उत्पादनमुखी हुन नसक्नु,
- उत्पादित अधिकांश जनशक्ति संस्कार युक्त नहुनु ।

## ख) शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

### सबल पक्ष

- गाउँपालिका स्तरीय शिक्षा ऐन र नियमावली जारी गरिएको,
- विषयगत शिक्षक दरबन्दी मिलन कार्यको सुरुवात गरिएको,
- न्यून दरबन्दी भएका विद्यालयलाई अनुदान प्रदान गर्ने कार्यको थालनी भएको,
- गाउँपालिका स्तरीय कक्षा ५ र ८ को स्तरीकृत परीक्षा सञ्चालन गरिएको,
- गाउँपालिका स्तरमा वार्षिक शैक्षिक कार्य योजना निर्माण गरी कार्यान्वयन गरिएको,
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी कार्यान्यवयन गरिएको,
- शिक्षक विद्यार्थी प्रोत्साहन कार्यक्रम कार्यान्वयन गरिएको,
- विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि साहित्यिक, सांस्कृतिक र खेलकुदका कार्यक्रम सञ्चालन गरिएको,
- समयानुकूल सूचना तथा सञ्चार प्रविधि लगायत शिक्षकको वृति विकासका तालिमहरू सञ्चालन गरिएको,
- बालविकास कक्षा समयानुकूल व्यवस्थापन गरिएको ।

## कमजोर पक्ष

- शिक्षा क्षेत्रमा पर्याप्त लगानी नहुनु,
- अपेक्षाकृत सिकाइ उपलब्धि हासिल नहुनु,
- शिक्षक विद्यार्थी अनुपातमा तहगत र विषयगत दरबन्दी कम हुनु,
- शिक्षक तालिम कक्षा कोठा सम्म पुग्न नसक्नु,
- सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षण बढाउन नसक्नु,
- नियमित र प्रभावकारी विद्यालय अनुगमन हुन नसक्नु,
- शैक्षिक तथ्यांकहरूको ब्यवस्थित र चुस्त दुरुस्त अभिलेखीकरण हुन नसक्नु,
- विद्यालय र अभिभावक विच सम्बन्ध सुमधुर हुन नसक्नु ।

## अवसर

- बालबालिकाहरूको शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरी निःशुल्क र अनिवार्य हुनु,
- आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारभित्र रहनु,
- विद्यालय तहको शिक्षामा खुद भर्ना दर र लैंगिक समता सूचकाङ्कहरूमा क्रमश सधार हुदै जानु,
- माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा रहनु,
- राष्ट्रिय पाठ्यक्रम २०७६ ले निर्देश गरे अनुसारको कक्षा १ देखि ८ सम्म स्थानीय विषयको पाठ्यक्रम र पाठ्यपुस्तक लागु हुनु,
- शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवाप्रवाह हुने अवसर प्राप्त हुनु,
- शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु
- शुद्धोदन गाउँपालिका सहर उन्मुख पालिकाको रूपमा विकास हुनु ।

## चुनौतीहरू

- न्युन शिक्षक दरबन्दीबाट विद्यालय सञ्चालन गर्न,
- गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्न,
- शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्न ।
- सबै विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्न,
- विद्यालय बाहिर रहेका सबै बालबालिकालाई पहिचान गरी विद्यालय भर्ना गर्न,
- कक्षा छाड्ने दर शून्यमा झार्न,
- सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्न ।

# परिच्छेद दुई

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ परिचय

शुद्धोदन गाउँपालिकाले शिक्षालाई सधैं पहिलो प्राथमिकताका रुपमा लिएको छ । शिक्षामा गुणस्तरीयताको खाँचो छ । गुणस्तरीय शिक्षाको वातावरण तयार गर्न सके मात्र समृद्ध गाउँपालिका हुन्छ भन्ने कुरालाई गाउँपालिकाले मनन गरेको छ । नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुरुप कार्य गर्न शिक्षालाई महत्त्वपूर्ण विषयका रुपमा आत्मसात् गर्दै आएको छ ।

कम्तीमा एक सामुदायिक विद्यालयमा एक बालविकास कक्षा तथा समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्गता मैत्री प्रणालीको अवलम्बन गरिएको छ । साथै निरन्तर तथा अनौपचारिक शिक्षाको माध्यमबाट साक्षरता र साक्षरोत्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गरी साबिकका गाविसहरूलाई साक्षर गाविसको रुपमा घोषणा समेत गरिएको छ । विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माणका लागि हरेक वर्ष विशेष महत्त्वका साथ सम्बन्धित क्षेत्रमा बजेट विनियोजन हुँदै आएको छ।

बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि आधारभूत तहसम्मका विद्यालयहरूमा निःशुल्क र अनिवार्य शिक्षा घोषणा गरिएको छ । शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका कामहरूलाई निरन्तरता दिइएको छ । उच्च शिक्षा अध्ययनका लागि गरिब तथा जेहनदार छात्रछात्राहरूका लागि विशेष छात्रवृत्ति कार्यक्रमको व्यवस्था यस गाउँपालिकाले गरेको छ । त्यसैगरी यस गाउँपालिकाले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य पनि गर्दै आएको छ ।

मुलुकको समृद्धि र समुन्नतिका लागि आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ । साधारण शिक्षा, प्राविधिक शिक्षा र सिपमूलक तालिमलाई एकीकृत र समन्वयात्मक ढङ्गले अघि बढाउँदै यो गाउँपालिकाको शिक्षालाई सबैको आकर्षणको केन्द्र बनाउन यो योजना केन्द्रित रहनेछ ।

यही सन्दर्भलाई दृष्टिगत गरी शिक्षा योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइमा गाउँपालिकाले अबको पाँच वर्ष सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, उद्देश्यहरू, र रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ ।

शुद्धोदन गाउँपालिकाभित्र १७ वटा सामुदायिक र १० वटा संस्थागत गरी जम्मा २७ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमध्ये ७ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये ४ वटा विद्यालय १२ कक्षा सम्म र ८ संस्थागत माध्यमिक विद्यालयहरू मध्ये ४ वटा विद्यालय कक्षा १२ सम्म सञ्चालित छ । १ वटा फर्सीटिकर माध्यमिक विद्यालयमा कक्षा ९-१२ मा प्राविधिक धारको (Civil Engineering) कक्षा समेत सञ्चालनमा छ । शुद्धोदन गाउँपालिका भित्र शिक्षाको पहुँच वृद्धिका साथै सिकाइलाई निरन्तरता दिनका लागी ३ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा छ । उच्च शिक्षाका लागि त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त १ वटा क्याम्पस यज्ञोदय दुधनाथ थारू बहुमुखी क्याम्पसमा शिक्षा, मानविकी र व्यवस्थापनमा स्नातकोत्तरसम्मको पढाइ हुन्छ ।

## २.२ दूरदृष्टि

गुणस्तरीय शिक्षा : शुद्धोदनको प्रतिबद्धता

## २.३ लक्ष्य

१. विद्यालय जाने सबै उमेर समूहका बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै दक्षतामा अभिवृद्धि तथा गुणस्तरीय शिक्षामा सुधार गर्ने ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी सिपयुक्त, रोजगार तथा स्वः रोजगार नागरिक तयार गर्ने ।

## २.४ उद्देश्यहरू

१. गाउँपालिका भित्रका सबै बालबालिकाहरूका लागि विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

२. विद्यालय शिक्षामा गुणस्तर सुनिश्चित गर्नु ।

३. बालमैत्री तथा अपाङ्गमैत्री सुविधा सम्पन्न भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार गर्नु।

४. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।

५. उच्च शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्न प्रोत्साहन गर्नु ।

## २.५ दीर्घकालीन रणनीति र कार्यनीति

१. गाउँपालिका भित्रका सबै बालबालिकाहरूका लागि विद्यालय शिक्षामा समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि निम्नानुसारको रणनीति र कार्यनीति तय गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. गाउँपालिका भित्रका सबै बालबालिकाहरूका लागि विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने। | १. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरिने छ ।<br>२. नि:शुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा र पोषण, विद्यालय पोसाक, शैक्षिक सामाग्री वितरण गरिने छ । |
| २. गाउँपालिका भित्रका सबै बालबालिकाहरूका लागि विद्यालय शिक्षामा समतामूलक सहभागिता सुनिश्चित गर्ने। | १. अभिभावक शिक्षा सञ्चालन गरिने छ ।<br>२. विद्यालय भर्ना अभियान सञ्चालन गरिने छ ।<br>३. विद्यार्थी छात्रवृत्तिका कार्यक्रम लागु गरिने छ ।<br>४. शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गरिने छ ।<br>५. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गरिने छ ।<br>६. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने<br>७. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गरिने छ ।<br>८. सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने |
| ३. विद्यालय नक्साङ्कन, पुनर्वितरण र समायोजन गर्ने । | १. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गरिने छ ।<br>२. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गरिने छ ।<br>३. प्रारम्भिक कक्षा पढाइसम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गरिने छ ।<br>४. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने छ । |
| ४. प्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने । | १. प्राबिधिक शिक्षालयको आवश्यकता र अवस्था पहिचान गर्न नक्सांकन गरिने छ ।<br>२. प्रविधिक तथा व्यावसायिक शिक्षालय सञ्चालनका लगि भौतिक पूर्वाधार र संरचनाको विकास गरिने छ ।<br>३. सञ्चालित शिक्षालयहरूको अनुगमन, मूल्याङ्कन, नियमन र पृष्ठपोषण गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्तिसरोकारवालाहरूसँग समन्वय गर्ने । | १. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गरिने छ ।<br>२. लागत साझेदारी, स्रोत ब्यवस्थापन र सहकार्यका लागि बिभिन्न निकायसंग समन्वय गरिने छ ।<br>३. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिने छ ।<br>४. पिछडिएका क्षेत्र, महिला, आदिबासी/ जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गरिने छ ।<br>५. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गरिने छ । |
| ६. प्राबिधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर अभिबृद्दि गर्ने | १. प्राबिधिक तथा व्यावसायिक शिक्षाका लागि आवश्यक भौतिक पूर्वाधार, प्रयोगशाला, अभ्यास क्षेत्र स्थापना तथा विकास गरि कार्यान्वय गरिने छ ।<br>२. प्राविधिक धारका प्रशिक्षकहरूको क्षमता विकासका लागि तालिम सञ्चालन गरिने छ ।<br>३. समय सन्दर्भ अनुसार शैक्षिक संस्थालाई अध्यावधिक गर्न नयाँ विषयहरूको खोजी र कार्यान्वयन गरिने छ । । |

## २. विद्यालय शिक्षामा गुणस्तर सुनिश्चित गर्नु निम्नानुसारको रणनीति र कार्यनीति तय गरिनेछ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यालयहरूमा शैक्षिक सुशासन कायम गर्ने । | १. शिक्षकहरूलाई सिकाइ उपलब्धिप्रति जिम्मेवार र उत्तरदायी बनाइने छ ।<br>२. बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गरिने छ ।<br>३. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ । |
| २. शिक्षण सिकाइलाई प्रभावकारी बनाउने । | १. विद्युतिय पाठ्य सामाग्री, पुस्तकालय सहित प्रयोगशालाको स्थापना गरी सञ्चालन गरिने छ ।<br>२. अनुगमन संयन्त्र तयार गरी शिक्षाको गुणस्तर सुधार गरिने छ ।<br>३. स्थानीय पाठ्यक्रम समयानुकूल परिमार्जन गरिने छ । |
| ३. परीक्षा र मूल्याङ्कन पद्धतिमा सुधार गर्ने । | १. गुणस्तरीय शिक्षाको न्यूनतम मापदण्ड कायम गरी शिक्षक तालिमको व्यवस्थापन गरिने छ ।<br>२. शिक्षक, विद्यार्थी र अभिभावक विच नतिजा विश्लेषण गरी पृष्ठपोषण प्रदान गरिने छ ।<br>३. कक्षा कोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिने छ ।<br>४. मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याइने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धि हासिल गर्ने । | १. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरिने छ ।<br>२. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरिने छ ।<br>३. विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गरिनेछ ।<br>४. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिने छ ।<br>५. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराइने छ ।<br>६. शिक्षण सिकाइ विधिमा नवप्रवर्तनका बिधिहरू आवलम्बन गरिने छ । |
| ५. सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको प्रयोग सुनिश्चत गरि प्रभावकारी बनाउने । | १. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गरिने छ ।<br>२. शिक्षकहरूमा प्रविधि प्रयोग र शिक्षण सिकाइ सम्बन्धित तालिम प्रदान गरिने छ ।<br>३. भौतिक पूर्वाधार विकासलाई प्रविधिको पहुँच सुनिश्चित हुने गरि समायोजन गरिने छ । |
| ६. शिक्षक दरबन्दी मिलान गर्ने । | १. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत शिक्षक दरबन्दी मिलान र व्यवस्थापन गरिने छ ।<br>२. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गरि शिक्षक अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>३. आवश्यकता तथा अवस्था पहिचान गर्न नक्सांकन गरिने छ ।<br>४. कक्षागत शिक्षक व्यवस्थापन गरिने छ । |
| ७. विषयगत शिक्षक व्यवस्थापन गर्ने । | १. शिक्षक विद्यार्थी अनुपातको मापदण्ड निर्धारण गरिने छ ।<br>२. विषयगतरूपमा अपुग शिक्षक व्यवस्थापन गरिने छ ।<br>३. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ ।<br>४. शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गरिने छ ।<br>५. शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गरिने छ । |
| ८. विपद् जोखिम न्यूनीकरण योजना तयार गर्ने । | १. पालिका स्तरमा विद्यालयहरूको जोखिम न्यूनीकरण, बिपद प्रतिकार्य तथा निरन्तर शिक्षाको योजना तयार गरिने छ ।<br>२. सम्भावित जोखिम क्षेत्र पहिचान गरी प्रतिकार्य योजना निर्माण गरिने छ ।<br>३. विद्यालय तहमा विपद् न्यूनीकरण कार्यदल गठन गरी क्रियाशील बनाइने छ ।<br>६. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ९. सिकाइ वातावरण तय गरी न्यूनतम सिकाइ सुनिश्चित गर्ने । | १. वैकल्पिक सिकाइ सामग्रीहरूको विकास, विस्तार र प्रसारण गरिने छ ।<br>२. वैकल्पिक कक्षा सञ्चालन गरिने छ । |

३. बालमैत्री तथा अपाङ्गमैत्री सुविधा सम्पन्न भौतिक पूर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार गर्न निम्नानुसार रणनीति तथा कार्यनीति तय गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गर्ने । | १. विद्यार्थी सङ्ख्याको आधारमा अत्याधुनिक सुविधा सम्पन्न भौतिक पूर्वाधार निर्माण गरिने छ ।<br>२. भौतिक पूर्वाधार निर्माणमा समता तथा समावेशीकरणलाई प्राथमिकीकरण गरी कार्य गरिने छ । |
| २. बालमैत्री सिकाइ वातावरण निर्माण गर्ने । | १. विद्यालय सरसफाइ, पुष्पवाटिकाको स्थापना र संरक्षण गरिने छ ।<br>२. भयरहित कक्षाकोठाको सिकाइ वातावरण तय गरिने छ ।<br>३. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकूलको माध्यमभाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गरिने छ ।<br>४. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने छ । |

४. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नका लागि निम्नानुसारको रणनीति तथा कार्यनीति तय गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. आवश्यकता र मागका आधारमा अनौपचारिक तथा आजीवन सिकाइ अवसर सुनिश्चित गर्ने । | १. अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालन गर्न जिवनोपयोगी सिपमूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>२. प्रौढ महिला तथा पुरुषलाई आय आर्जन कार्यक्रम मार्फत आत्मनिर्भर र व्यवसायीक बनाउन प्रेरित गरिने छ ।<br>३. दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गरिने छ । |
| २. सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण तथा विस्तार गर्ने । | १. सुविधा सम्पन्न बहुउद्देश्यीय सेवा गर्ने आजीवन सिकाइ थलोको रूपमा विकास गरिने छ ।<br>२. आय आर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गरिने छ ।<br>३. आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रहरूको स्थापना र सबलिकरण गरिने छ । |

५. उच्च शिक्षामा समतामुलक पहुँच अभिवृद्धि गर्न प्रोत्साहन गर्न निम्नानुसारको रणनीति तथा कार्यनीति तय गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| • उच्च शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्ने । | १. आवश्यकताका आधारमा गरिब तथा जेहन्दार विद्यार्थीका लागि छात्रवृत्ति व्यवस्थापन गरिने छ ।<br>२. आवश्यकता पहिचान गरी गरिब तथा जेहन्दार विद्यार्थीका लागि न्यूनतम शैक्षिक सामाग्री प्रदान गरिने छ ।<br>३. स्थानीय तह क्षेत्रभित्र आवश्यकताअनुसार उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गरिने छ ।<br>४. पिछडिएका क्षेत्र, महिला, आदिबासी/जनजाति, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गरिने छ । |
| • विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरू र सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने । | १. उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गरिने छ ।<br>२. स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराइने छ ।<br>३. उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गरिने छ ।<br>४. उच्च शिक्षा विकासका लागि सार्वजनिक, सामुदायिक तथा निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गरिने छ ।<br>५. आर्थिकरूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गरिने छ । |

## २.६ अपेक्षित उपलब्धि

योजनाको अन्त्य वि.सं. २०८६ सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१. शुद्धोदन गाउँपालिकाका सबै बालबालिकाहरूलाई सुविधा सम्पन्न कक्षा कोठामा गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

३. विपन्न वर्गका बालबालिकाहरूको निमित्त छात्रवृत्ति प्रदान गरी सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।

४. विद्यालयहरूमा शैक्षिक सुशासन कायम भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ ।

५. योग्य, सक्षम, प्रविधिमा निपुणतामा राख्ने स्वउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।

६. विद्यालय तहको पाठ्यक्रम साथै स्थानीय पाठ्यक्रमको समयानुकल परिमार्जन गर्दै सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग भएको हुनेछ ।

७. सबै बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग भएको हुनेछ ।

८. सबै विद्यालयहरूमा सूचना सञ्चार प्रविधिको विस्तार भई शिक्षामा सूचना प्रविधिसहितको शिक्षण भएको हुनेछ ।

९. विद्यालयले उत्थानशीलता अभिवृद्धि गरी विपद् तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित भएको हुनेछ ।

१०. विद्यार्थीहरूलाई अपाङ्गतामैत्री, बालमैत्री र सुरक्षित विद्यालयमा अध्ययन गर्ने अवसर भएको हुनेछ ।

११. विद्यालयहरूमा सहक्रियाकलाप र अतिरिक्त क्रियाकलाप नियमित रूपमा सञ्चालन भएको हुनेछ ।

१२. आवश्यकताका आधारमा प्राविधिक धारका विद्यालयहरू स्थापना भइ प्राविधिक सिपयुक्त जनशक्ति उत्पादन भभएको हुनेछन् ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

यस योजनाका मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्नबमोजिम निर्धारण गरिएको छ ।

| क्र. स. | सूचक | राष्ट्रिय स्तरको आधार बर्ष २०८१ | लुम्बिनी प्रदेशको आधार बर्ष २०८१ | रूपन्देही जिल्लाको आधार बर्ष २०८१ | गा.पा को आधार बर्ष २०८१ | शुद्धोदन गा.पा को लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३ | २०८५ | २०८६ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ९९.९ | १०६.८ | १२७.६ | ९४.८ | ९५.५ | ९६.७ | ९८.४ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ७०.६ | ७२.६ | ८८.५ | ६५.७ | ६९.५ | ७२.७ | ७५.८ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७६.९ | ८४.३ | ८६.८ | ९५.७ | ९६.८ | ९७.७ | ९८.५ |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८२ | ०.८१ | ०.७९ | ०.८२ | ०.८७ | ०.९२ | ०.९५ |
| ५ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर | ९५.७ | ९५.८ | ९५.७ | ९६.१ | ९७.२ | ९८.३ | ९९.४ |
| ६ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको कुल प्रवेशदर | ११५.९ | ११९.५ | ११७.९ | १०२.० | १०२.० | १०१.० | १००.० |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.६ | ९५.५ | ९५.५ | ९५.८ | ९६.३ | ९७.४ | ९८.५ |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १२४.८ | १२८.४ | १२८.२ | १२२.८ | ११८.५ | ११५.६ | ११२.८ |
| ९ | आधारभूत तह कक्षा १—५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९२ | ०.९१ | ०.८९ | ०.८७ | ०.९० | ०.९३ | ०.९७ |
| १० | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९५.२ | ९५.१ | ९५.२ | ९४.५ | ९५.८ | ९६.७ | ९७.६ |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२१.६ | १२३.९ | १२५.१ | १२६.३ | १२२. | ११९.५ | ११६.७ |
| १२ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.३ | ८६.२ | ८५.९ | ८५.६ | ८७.५ | ८९.६ | ९१.५ |
| १३ | आधारभूत तह )कक्षा १—८ ( मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९१ | ०.८७ | ०.९४ | ०.९५ | ०.९६ | ०.९७ |
| १४ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७६.५ | ७५.७ | ७६.२ | ७४.१ | ७६.४ | ७८.३ | ८०.४ |
| १५ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ९८.७ | ९६.८ | १०६.९ | ९९.० | ९९.२ | ९९.४ | ९९.६ |
| १६ | माध्यमिक तह )कक्षा ९—१० (मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ | ०.९७ | ०.८७ | ०.८९ | ०.९१ | ०.९३ | ०.९५ |
| १७ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | ३७.१ | ३५.९ | ३७.८ | २७.१ | ३०.३ | ३३.४ | ३६.५ |
| १८ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ६७.७ | ६६.० | ८२.७ | ५१.७ | ५५.८ | ६०.९ | ५६.७ |
| १९ | माध्यमिक तह )कक्षा ११—१२ (मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०२ | १.०६ | ०.८४ | १.१७ | १.११ | १.०८ | १.०३ |

| क्र. स. | सूचक | राष्ट्रिय स्तरको आधार वर्ष २०८१ | लुम्बिनी प्रदेशको आधार वर्ष २०८१ | रूपन्देही जिल्लाको आधार वर्ष २०८१ | गा.पा को आधार वर्ष २०८१ | शुद्धोदन गा.पा को लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३ | २०८५ | २०८६ |
| २० | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ५६.८ | ५५.२ | ५६.१ | ४९.४ | ५१.४ | ५३.५ | ५६.४ |
| २१ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ८३.२ | ८०.९ | ९४.२ | ६९.३ | ७३.४ | ७७.५ | ८०.५ |
| २२ | माध्यमिक तहको कक्षा ९—१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १.०१ | ०.८५ | ०.९८ | ०.९८ | ०.९९ | १ |
| २३ | कक्षा उत्तीर्ण दर १ देखि ५ | ८३.८ | ८२.९ | ७६.० | ८७.० | ८९.१ | ९१.२ | ९३.३ |
| २४ | कक्षा उत्तीर्ण दर ६ देखि ८ | ८८.२ | ८७.३ | ८७.० | ८०.८ | ८३.९ | ८५.८ | ८९.९ |
| २५ | कक्षा उत्तीर्ण दर ९ देखि १० | ९३.४ | ९३.१ | ८९.९ | ९१.४ | ९३.५ | ९५.६ | ९७.८ |
| २६ | कक्षा उत्तीर्ण दर ११ देखि १२ | ९१.३ | ९१.२ | ९१.१ | ९१.६ | ९२.७ | ९३.८ | ९४.९ |
| २७ | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ८.७ | ९.५ | १४.० | ५.७ | ४.७ | ३.५ | २.६ |
| २८ | कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८ | ५.२ | ६.३ | ५.१ | १२.२ | १०.३ | ८.२ | ६.२ |
| २९ | कक्षा दोहोर्याउने दर कक्षा ९ देखि १० | २.२ | २.३ | ३.८ | ४.५ | ३.८ | २.७ | १.६ |
| ३० | कक्षा दोहोर्याउने दर कक्षा ११ देखि १२ | ०.८ | ०.५ | २.५ | २.५ | २.० | १.५ | १.२ |
| ३१ | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | ३.२ | ३.३ | ५.० | ३.६ | २.६ | २.० | १.५ |
| ३२ | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | २.८ | २.९ | ३.७ | ३.८ | २.७ | २.८ | २.२ |
| ३३ | कक्षा छाड्ने दर कक्षा ९ देखि १० | १.९ | २.१ | ३.० | २.० | १.७ | १.५ | १.२ |
| ३४ | कक्षा छाड्ने दर कक्षा ११ देखि १२ | ०.९ | १.० | १.३ | १.३ | १.१ | ०.८ | ०.५ |
| ३५ | नयाँ भर्ना दर कक्षा १ देखि ५ | ४.३ | ४.३ | ४.९ | ३.६ | ३.९ | ४.३ | ५.१ |
| ३६ | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | ३.८ | ३.६ | ४.३ | ३.२ | ३.६ | ३.९ | ४.२ |
| ३७ | नयाँ भर्ना दर कक्षा ९ देखि १० | २.५ | २.५ | ३.३ | २.१ | २.५ | ३.५ | ४.१ |
| ३८ | नयाँ भर्ना दर कक्षा ११ देखि १२ | ७.८ | ७.९ | ७.६ | ८.४ | ८.९ | ९.४ | ९.८ |

# परिच्छेद तीन

# शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

कक्षा एकमा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाहरूका लागि विद्यालयले शिशु कक्षाको व्यवस्था गर्ने प्रचलन पहिलेदेखि नै रहेको थियो । आधारभूत शिक्षाको जगको रूपमा प्रारम्भिक बालविकास र शिक्षा मानव विकासको सुरुवातको चरण हो । वि.सं.२०५६ सालमा तत्कालिन शिक्षा विभागले बालविकास कार्यक्रम सुरु गरेपछि नेपालमा सरकारी स्तरबाट बालविकास र शिक्षाको सुरुवात भएको हो । नेपालको संविधान धारा ३९ (३) ले प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक सुनिश्चित गरेको छ । शिक्षा ऐन २०२८ (शंसोधन सहित) ले प्रारम्भिक बालविकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गकोरूपमा स्थापित गरेकोछ । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ को दफा ६(२) मा ४ वर्षको उमेर पुरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ । संयुक्त राष्ट्रसङ्गीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ अनुसार सबै बालबालिकालाई प्रारम्भिक बालविकाससम्बन्धी सबै सेवाहरू सहजताका साथ उपलब्ध गराई उनीहरूको बांच्न पाउने अधिकार संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध छ। विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) ले प्रारम्भिक बालविकास र शिक्षाको समग्र सुधार र विकासको लागि प्राथमिकता दिएको छ । प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमको मुख्य ध्येय पारिवारिक वातावरणमा रहेको न्यानो अवस्थाबाट बालबालिका विद्यालय तर्फ आकर्षित भई विद्यालय जान रुचाउने बालमैत्री वातावरण तयार गर्नु हो । प्रारम्भिक बालविकास र शिक्षाको उद्देश्य बालबालिकाहरूको शारिरीक, मानसिक र संवेगात्मक पक्षको विकास गर्नु हो ।

बाल विकास केन्द्रमा बालबालिकाहरूको सर्वाङ्गिण विकासमा सहयोग पुर्‍याउने, अभिभावकहरूको सम्लग्नता बढाउने, बोलिको विकास गराउने लगाएतका आधारभूत सिप, विषयगत सिप, आराम, मनोरञ्जन र खेल जस्ता क्रियाकलापहरू सञ्चालन गरिन्छ । यो कार्यक्रम सञ्चालनका लागि बालमनोविज्ञान बुझेका प्रारम्भिक बालविकास सहजकर्ताहरूले दैनिक ४.५ (साढे चार) घण्टा र पाठ्यक्रमले तोके बमोजिम साप्ताहिक २६ पाठ्यघण्टा र बार्षिक ८३२ कार्यघण्टा बालबालिकाहरूलाई सहजीकरण गर्दछन्।

### वर्तमान अवस्था

शुद्धोदन गाउँपालिकाले स्थानीय आवश्यकता अनुरूप प्रारम्भिक बालविकास र शिक्षाका लागि विभिन्न योजना र कार्यक्रमहरूको कार्यान्वयन गरि आएको छ । यस गाउँपालिकामा सामुदायिक विद्यालयमा आधारित ३२,

समुदायमा आधारित ७, संस्थागत विद्यालयमा आधारित १० गरी जम्मा ४९ प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् ।यस गाउँपालिका अन्तर्गत ० देखि ४ वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्या ३४०७ रहेको छ । शैक्षिक सत्र २०८० को IEMIS तथ्यांक अनुसार प्रारम्भिक बालविकास कक्षाको भर्नादर ९४.८ प्रतिशत रहेको छ । शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयमा ७७७ जना र संस्थागत विद्यालयमा १५५६ गरी जम्मा २३३३ अध्ययनरत छन् जस मध्ये १०५१ छात्रा र १२८२ छात्र रहेका छन् । शैक्षिक सत्र २०८१ मा कक्षा १ मा भर्ना भएका विद्यार्थी मध्ये ९५.७ प्रतिशत प्रारम्भिक बालविकास कक्षाको अनुभव सहित भर्ना भएका छन् । यस गाउँपालिकामा सामुदायिक विद्यालय तर्फ प्रारम्भिक बालविकास सहजकर्ताको सङ्ख्या ३९ रहेको छ । प्रारम्भिक बालविकास सहजकर्ताका लागि संघीय सरकारमार्फत निकासा भएको रु १०,०००/- गाउँपालिकाबाट रु ७,०००/- थपगरी मासिक तलबमान जम्मा रु १७,०००/- प्रदान गर्ने गरिएको छ । उनीहरूको लागि कार्यथलोमा आधारित पेसागत तालिमको आवश्यकता रहेको छ।

| | |
|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षाका केन्द्रहरू | २४ |
| प्रारम्भिक बालविकास तथा शिक्षाका विद्यार्थी सङ्ख्या | २३३३ |
| प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षक सङ्ख्या | ३९ |
| न्यूनतम मापदण्ड पुरा गरेका बालविकास केन्द्र | २४ |
| प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा जाने विद्यार्थी सङ्ख्या | २२३३ |
| प्रारम्भिक बालविकासको कुल भर्ना दर | ९४.८ |
| प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८२ |
| प्रारम्भिक बालविकासमा तालिम प्राप्त शिक्षक प्रतिशत | १०० |
| प्रारम्भिक बालविकासको शिक्षक विद्यार्थी अनुपात | १:२० |

### समस्या र चुनौतीहरू

- सामुदायिक विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रमा वालवालिकाको सङ्ख्यामा कमी,
- सिमित स्रोत र साधनका कारण बालविकास केन्द्रको न्यूनतम मापदण्ड पुरा गराउन,
- सामुदायिक बालविकास केन्द्रप्रति अभिभावकहरूको आर्कषण बढाउन,
- प्रारम्भिक बालविकास सहजकर्ताहरूको क्षमता विकास गर्न,
- प्रारम्भिक बालविकास कक्षामा उमेर नपुगेका र बढी उमेरका बालबालिका सहभागी हुनु।

### ३.१.२ उद्देश्य

१. प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

२. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

### ३.१.३ रणनीति

१. बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि न्यूनतम मापदण्ड र पाठ्यक्रमअनुसार प्रारम्भिक बालविकास र शिक्षा सञ्चालन गर्ने ।
२. बालविकास केन्द्रको नक्साङ्कन गरी समायोजन र पुनर्वितरण गर्ने ।
३. नमुना बालविकास केन्द्र स्थापना गर्ने ।
४. प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयबिच सहकार्य गर्ने ।
५. प्रारम्भिक बालविकास सहजकर्ताको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्ने ।
६. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यवस्थापन गर्ने ।
७. प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्न विद्यालयलाई जिम्मेवार गराउने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

- प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ।
- बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८१।८२ आधार वर्ष | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | २०८६।८७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | सङ्ख्या | २३३३ | २४४२ | २४५९ | २४८५ | २५११ | २५३८ |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | सङ्ख्या | ५ | २ | ४ | ५ | ५ | ५ |
| ३ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश सङ्ख्या | सङ्ख्या | २२३३ | २२४२ | २२५४ | २२६६ | २२७६ | २२९० |
| ४ | प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालय जिम्मेवार बनाउन अन्तरक्रिया कार्यक्रम | पटक | १ | १ | २ | २ | २ | २ |

## ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | |
| १ | बालबालिकाहरूको तत्थ्याङ्क सङ्कलन र अभिलेखीकरण गर्ने | केन्द्र | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| २ | प्रारम्भिक बालविकास सहजकर्ताहरूका लागि क्षमता विकास तालिम/ अभिमुखीकरण सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | सामुदायिक |
| ३ | बालविकास केन्द्रको नक्साङ्कन समायोजन तथा पुनर्वितरण | केन्द्र | ० | १ | | | | १ | सामुदायिक |
| ४ | नमुना बालविकास केन्द्रको स्थापना | केन्द्र | ० | १ | २ | २ | २ | ७ | सामुदायिक |
| ५ | बालविकास केन्द्रको सबलीकरण | केन्द्र | २४ | २४ | २४ | २४ | २४ | २४ | सामुदायिक |
| ६ | बालविकास केन्द्रको अनुगमन | पटक | ४ | ४ | ४ | ४ | ४ | ४ | सामुदायिक / संस्थागत |
| ७ | दिवा खाजा व्यवस्थापन | सङ्ख्या | ७७७ | ७८२ | ७९५ | ८१० | ८२० | ३९८४ | सामुदायिक |
| ८ | प्रारम्भिक बालविकास सहजकर्ता प्रोत्साहन | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | सामुदायिक |
| ९ | अभिभावक शिक्षा कार्यक्रम (बालविकास केन्द्र) | पटक | १ | २ | २ | २ | २ | | सामुदायिक |
| १० | वालविकास केन्द्रमा आया व्यवस्थापन | सङ्ख्या | ७ | ७ | १० | १२ | १२ | १२ | सामुदायिक |
| ११ | ६ सिकाइ क्षेत्र (सिकाइ कुना व्यवस्थापन) | सङ्ख्या | २ | ४ | ६ | ६ | ६ | २४ | सामुदायिक |
| १२ | बालविकास सहजकर्ताको तलब भत्ता व्यवस्थापन | सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | १९५ | |
| १३ | प्रति विद्यार्थी लागतका आधारमा अनुदान | सङ्ख्या | ७७७ | ७७७ | ७७७ | ७७७ | ७७७ | ३८८५ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवन पर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। नेपालको संविधानको धारा ३१ मा आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षाको रूपमा स्वीकार गरी सबै बालबालिकालाई आधारभूत शिक्षामा पहुँच सुनिश्चितता गर्नु राज्यको प्रमुख दायित्वको रूपमा उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहमा अधिकार सहितको स्थानीय शासनको परिकल्पना गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ । शिक्षा ऐन २०२८(संसोधन सहित) ले कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत तहको शिक्षा मानेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को उपदफा (२) को खण्ड (ज) अनुसार आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेसँगै विद्यालयको सम्पूर्ण शैक्षिक, आर्थिक, व्यवथापकीय तथा भौतिक पक्षको कार्यान्वयन, व्यवस्थापन तथा अभिलेखीकरण गर्ने काम शुद्धोदन गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले गर्दै आइरहेको छ ।

शुद्धोदन गाउँपालिकाभित्र रहेका बालबालिकाहरूलाई कम्तीमा सबैलाई अनिवार्य रूपमा आधारभूत तहसम्मको शिक्षा निःशुल्क प्रदान गरी साक्षर बनाउने मुख्य लक्ष्य रहेको छ । राष्ट्रिय शिक्षा नीति २०७६, दिगो विकासको लक्ष्यको लक्ष्य नं. ४, सोह्रौं आवधिक योजना र शुद्धोदन गाउँपालिकाको शिक्षा ऐन २०७४ मा समेत आधारभूत शिक्षालाई प्राथमिकताका साथ उल्लेख गरिएको छ । आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क रूपमा कार्यान्वयनको लागि विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८ मा बृहत् रूपमा कार्यक्रम समावेश गरिएको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले ५ वर्षदेखि १२ वर्ष उमेर समूहका बालबालिकालाई आधारभूत तहको शिक्षा प्रदान गर्नुपर्ने उल्लेख गरेको छ । पाठ्यक्रमले तोकेका सक्षमताहरू हासिल गराउन आधारभूत शिक्षाको आवश्यकता छ। राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने, कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने आधारभूत तहका उद्देश्यहरू हुन् ।

#### वर्तमान अवस्था

शुद्धोदन गाउँपालिकाको आधारभूत तहमा बालबालिकाहरूको शैक्षिक पहुँचको स्थिति निम्नानुसार रहेको छ ।

*तालिका नं २३ कक्षागत विद्यार्थी विवरण*

शैक्षिक सत्र २०८० को आधारभूत तहमा जम्मा विद्यार्थी सङ्ख्या (सामुदायिकतर्फ)

| | प्रारम्भिक बालविकास | आधारभूत तह | | माध्यमिक तह | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | (कक्षा १-५) | (कक्षा ६-८) | (कक्षा ९-१०) | (कक्षा ११-१२) | |
| **लैङ्गिकताको आधारमा** | ८०३ | २४९१ | १८३३ | ८९४ | ६४२ | ६७१८ |
| छात्रा | ४४९ | १२७८ | ९९० | ४७१ | ३६३ | ३५६६ |
| छात्र | ३६४ | १२१३ | ८४३ | ४२३ | २७९ | ३१५२ |
| **जनजातिका आधारमा** | | | | | | |
| ब्राम्हण/क्षेत्री | ५८ | ११८ | १४६ | १६० | ११३ | ५९५ |
| छात्रा | २६ | ५७ | ७६ | ८२ | ५६ | २९७ |
| छात्र | ३२ | ६१ | ७० | ७८ | ५७ | २९८ |
| जनजाति | ५०५ | १३२४ | १०२२ | ३७४ | ३२९ | ३५५४ |
| छात्रा | २७५ | ६९२ | ५५१ | १९० | १९१ | १८९९ |
| छात्र | २३० | ६३२ | ४७१ | १८४ | १३८ | १६५५ |
| दलित | ९१ | २५७ | १८४ | ८१ | ५६ | ६६९ |
| छात्रा | ५३ | १३० | १०५ | ५१ | ३४ | ३७३ |
| छात्र | ३८ | १२७ | ७९ | ३० | २२ | २९६ |
| अन्य | १५९ | ७९२ | ४८१ | २७९ | १४४ | १८५५ |
| छात्रा | ९५ | ३९९ | २५८ | १४८ | ८२ | ९८२ |
| छात्र | ६४ | ३९३ | २२३ | १३१ | ६२ | ८७३ |

*तालिका न. २४*

शैक्षिक सत्र २०८० को आधारभूत तहमा जम्मा विद्यार्थी सङ्ख्या (संस्थागततर्फ)

| | प्रारम्भिक बालविकास | आधारभूत तह | | माध्यमिक तह | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | कक्षा (१-५) | कक्षा (६-८) | कक्षा (९-१०) | कक्षा (११-१२) | |
| **लैङ्गिकताको आधारमा** | ११९० | २०२२ | १०१८ | ४५६ | २३८ | ४९२४ |
| छात्रा | ४७१ | ८१३ | ३६७ | १९६ | ९९ | १९४६ |
| छात्र | ७१९ | १२०९ | ६५१ | २६० | १३९ | २९७८ |
| **जनजातिका आधारमा** | | | | | | |
| ब्राम्हण/क्षेत्री | ४२७ | ८०१ | ४३८ | २२६ | ८३ | १९७५ |
| छात्रा | १८२ | ३२७ | १५४ | १०६ | ३६ | ८०५ |
| छात्र | २४५ | ४७४ | २८४ | १२० | ४७ | ११७० |

| | प्रारम्भिक बालविकास | आधारभूत तह | | माध्यमिक तह | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | कक्षा (१-५) | कक्षा (६-८) | कक्षा (९-१०) | कक्षा (११-१२) | |
| जनजाति | ४८० | ६५५ | ३४७ | १४१ | १०४ | १७२७ |
| छात्रा | १७९ | २६३ | १४४ | ५४ | ४० | ६८० |
| छात्र | ३०१ | ३९२ | २०३ | ८७ | ६४ | १०४७ |
| दलित | ७२ | १४३ | ५१ | २९ | १२ | ३०७ |
| छात्रा | २९ | ५४ | १२ | १३ | ५ | ११३ |
| छात्र | ४३ | ८९ | ३९ | १६ | ७ | १९४ |
| अन्य | २११ | ४२३ | १८२ | ६० | ३९ | ९१५ |
| छात्रा | ८१ | १६९ | ५७ | २३ | १८ | ३४८ |
| छात्र | १३० | २५४ | १२५ | ३७ | २१ | ५६७ |

*तालिका न. २५ विद्यालयको प्रकार अनुसारको सिकाइ उपलब्धि*

| कक्षा | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|
| | २०७९ | २०८० | २०७९ | २०८० |
| १ | २.७ | २.६८ | ३.४५ | ३.५३ |
| २ | २.५८ | २.८३ | ३.४३ | ३.५३ |
| ३ | २.४८ | २.७५ | ३.४८ | ३.४५ |
| ४ | २.८४ | २.८८ | ४.१ | ४.०२ |
| ५ | ३. | २.८ | ४.०२ | ४.०६ |
| ६ | २.२५ | २.२३ | ३.१३ | ३.३७ |
| ७ | २.२२ | २.२ | ३.२५ | ३.२२ |
| ८ | १.५ | १.९४ | २.८४ | २.८३ |
| ९ | २.६५ | ३.०५ | ३.९८ | ४.०५ |
| १० | १.८५ | १.१ | २.६५ | २.५७ |
| औषत सिकाइ उपलाधि | २.४१ | २.४५ | ३.४३ | ३.४६ |
| आधारभूत तहको औषत | २.४५ | २.५४ | ३.४६ | ३.५ |

*तालिका न. २६ आधारभूत तहअन्तर्गतका सामुदायिक विद्यालयका शिक्षक दरबन्दी विवरण*

| तहगत शिक्षक दरबन्दी | स्वीकृत दरबन्दी | राहत अनुदान | शिक्षण सहयोग | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| प्राथमिक तह (कक्षा १-५) | ७४ | २३ | | | ९७ |
| निम्न माध्यमिक तह (कक्षा ६-८) | ९ | १० | ५ | | २४ |
| माध्यमिक तह कक्षा (९ -१२) | १५ | १८ | ९ | | ४२ |
| जम्मा | ९८ | ५१ | १४ | | १६३ |

*तालिका न. २७ आन्तरिक सक्षम बचाउ दर*

| क्र.स. | सूचक | सूचांक |
|---|---|---|
| १ | टिकाउ दर (कक्षा १-५) | ६९.९३ |
| २ | टिकाउ दर (कक्षा १-८) | ७८.११ |

शुद्धोदन गाउँपालिकामा सामुदायिक तर्फ ९ वटा, परम्परागत ३ वटा र संस्थागत २ वटा गरि जम्मा १४ वटा आधारभूत विद्यालय सञ्चालनमा रहेका छन् । आधारभूत शिक्षाको पहुँचमा विस्तार हुदै आएपनि गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने अवस्था रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिएर आएका बालबालिकाको भर्नादर ९५.७ प्रतिशत रहेको छ । त्यसैगरी विद्यार्थी टिकाउ दर आधारभूत तह (कक्षा १-८) मा ७८.६ प्रतिशत रहेको छ । गाउँपालिकाभित्र आधारभूत तहका विद्यालयको सङ्ख्या र विद्यार्थी अनुपात ३५.९९ रहेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको व्यवस्थाअनुसार आधारभूत तहका लागि शुद्धोदन गाउँ पालिकाले स्थानीय पाठयक्रम एवम् पाठ्यपुस्तक निर्माण गरी संस्थागत र सामुदायिक विद्यालयहरूमा कार्यान्वयनमा ल्याएको छ। सिकाइ उपलव्धिको सुनिश्चितताको लागि आधारभूत शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन र नतीजा प्रमाणीकरण कार्य गर्दै आएको छ । शैक्षिक सत्र २०८१ देखि आधारभूत तहको कक्षा ५ मा समेत स्तरीकृत परीक्षा सञ्चालन शुरु गरेको छ । गाउँपालिकाको प्रयासको परिणाम स्वरूप सिकाइ उपलब्धिमा क्रमशः सुधार आएको छ। शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन गरिएका प्रयासहरूको नतिजा स्वरूप शुद्धोदन गाउँपालिकाको कक्षा १ देखि ५ सम्मको खुद भर्नादर ९५.८ प्रतिशत र कक्षा १ देखि ८ को खुद भर्नादर ९४.४ प्रतिशत पुगेको छ। बालबालिकाको शारीरिक र मानसिक विकास तथा सिकाइ सुधार गर्न पोषण, स्वास्थ्य सरसफाइ र दिवा खाजा कार्यक्रम विस्तार गरिएको छ। सक्षम, योग्य र प्रविधिमैत्री शिक्षक व्यवस्थापन गर्न शुद्धोदन गाउँपालिकाले "एक कक्षा कोठा एक शिक्षक" कार्यक्रम सञ्चालन गरेको छ । विद्यालयको नेतृत्व तथा व्यवस्थापकीय पक्षमा सुधार गर्न शिक्षक दरबन्दी मिलानका कार्यहरू गर्दै आएको छ । विद्यालय छोड्ने र कक्षा दोहराउने दर उच्च भएकोले आधारभूत तह पूरा गर्ने दरमा अपेक्षित सुधार गर्नुपर्ने

देखिएको छ। कक्षा १ मा भर्ना भएका बालबालिकाले आधारभूत तह पुरा गर्ने दर (कक्षा १-५) ८७.५ प्रतिशत र (कक्षा ६-८) ८०.८ प्रतिशत रहेको छ ।बालबालिकाहरूलाई विद्यालयमा ल्याउनु, टिकाइराख्नु र विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउनु आजको चुनौती रहेको छ ।

## समस्या र चुनौतीहरू

- कक्षागत र विषयगत शिक्षक दरबन्दी व्यवस्थापन गर्न,
- अपाङ्गता मैत्री, बाल मैत्री, विपद् /प्रकोप उत्थानशील विद्यालय भौतिक पूर्वाधार विकास कमी हुनु,
- बालबालिकाहरूलाई विद्यालयमा नियमित गराउन,
- विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्न र टिकाउन,
- शैक्षिक योजना कार्यान्वयनमा आर्थिक अभाव हुनु,
- अभिभावक र विद्यार्थीहरूको सामुदायिक विद्यालय प्रति आकर्षणमा कमी हुनु,
- अपाङ्गता भएका र विशेष अवस्थाका बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच विस्तार गर्नु र निरन्तरता दिन,
- सामुदायिक विद्यालयहरूमा सिकाइ उपलब्धि तथा व्यावहारिक दक्षतामा कमी हुनु,
- शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा कमी आउनु,
- सबै शिक्षकहरूलाई प्रविधि मैत्री तालिम र सामग्री उपलब्ध गराउन,
- अभिभावकहरू आफ्नो वालवालिकाको सिकाइ प्रति कम उत्तरदायी हुनु,
- समय समयमा अनुगमन तथा सुपरिवेक्षण र शिक्षक सहायता प्रणालीको कमी हुनु ।

## अवसरहरू

- संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
- सार्वजनिक शिक्षा प्रति जनअपेक्षा र चासो बढ्दै जानु,
- शैक्षिक सुधारमा सामाजिक सङ्घसंस्थाको संलग्नता र क्रियाशीलता,
- आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएतापनि प्रादेशिक र सङ्घीय सरकारबाट समेत शिक्षामा लगानी अभिवृद्धि हुँदै जानु,
- शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु,
- शैक्षिक गुणस्तर सुधारको कार्यमा स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन हुनु,
- सबै वडामा कम्तीमा एउटा माध्यमिक विद्यालय हुनु,
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण भई कार्यान्वयन हुनु ।

### ३.२.२ उद्देश्यहरू

- आधारभूत शिक्षामा गुणस्तर र पहुँच सुनिश्चित गर्नु।
- कक्षा कोठामा प्रविधि मैत्री सिकाइका लागि सूचना तथा सञ्चार प्रविधिको पहुँच बिस्तार गर्नु।
- बालबालिकाको न्यूनतम सिकाइ उपलब्धि र टिकाउ दर वृद्धि गर्नु ।
- विद्यालयमा सिकाइ वातावरण र भौतिक संरचना बाल मैत्री बनाउनु।
- आधारभूत तहको प्रारम्भिक कक्षामा कक्षा शिक्षणको अवधारणा लागु गर्नु।

### ३.२.३ रणनीति

१. प्रचलित कानुनबमोजिम आधारभूत तहका विद्यालयहरूको नक्साङ्कन गरी पुनर्वितरण, र दरबन्दी मिलान गर्ने ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षालाई प्रभावकारी कार्यान्वयन गर्न विशेष कार्यक्रम र योजना तय गर्ने ।

३. पालिका नमुना विद्यालय अवधारणा कार्यान्वयन गर्ने ।

४. आधारभूत तहमा सघन भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने ।

५. विद्यार्थी टिकाउ दर र गुणस्तर सुनिश्चित गर्न अभिभावक शिक्षा तथा पदाधिकारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।

६. आर्थिक तथा सामाजिक अवस्थाका आधारमा एकद्वार प्रणाली मार्फत विद्याथी प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।

७. विद्यालय भन्दा बाहिर रहेका बालवालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउन अध्ययन सामग्री सहयोग तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।

८. अपाङ्गता भएका बालवालिकाहरूलाई विद्यालयको पहुँचमा सुनिस्चित गर्न विषेश कार्यक्रम ल्याउने।

९. विद्यालय समुदायको अपनत्वको सिर्जना गर्न समुदाय सचेतना तथा बालक्लवहरूको गठन र परिचालन गर्ने ।

१०. शिक्षकको पेसागत विकासका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।

११. बाल मैत्री बसाइ व्यवस्थापन र छापामय कक्षा कोठाको व्यवस्था मिलाउने ।

१२. सिकाइ संस्कृति अभिवृद्धि गराउन वातावरण सिर्जना गर्ने ।

१३. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षण र मूल्याङ्कनलाई निरन्तरता दिईने ।

१४. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन निरन्तर रुपमा मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई गाउँपालिका प्रति जवाफदेही बनाउने प्रणालीको विकास गर्ने ।

१५. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कनको अङ्गको रुपमा विकास गरी शिक्षकलाई विद्यार्थीको सिकाइ प्रति जवाफदेही बनाउने प्रणालीको विकास गर्ने ।

१६. आधारभूत तहका लागि पाठ्यक्रममा आधारित No Cost र Low Cost शैक्षिक सामग्री निर्माणमा जोड दिइने ।

१७. विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।

१८. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

१९. हरित विद्यालय कार्यक्रम प्रवर्धन गर्ने ।

२०. सबै आधारभूत विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिका लागि न्यूनतम संरचना निर्माण गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्तर अभिवृद्धि भएको हुनेछ ।
- कक्षा कोठामा प्रविधि मैत्री सिकाइका लागि सूचना तथा सञ्चार प्रविधिको पहुँच बिस्तार भएको हुनेछ।
- बालबालिकाको न्यूनतम सिकाइ उपलब्धि र टिकाउ दर वृद्धि भएको हुनेछ ।
- विद्यालयमा सिकाइ वातावरण र भौतिक संरचना बालमैत्री भएको हुनेछ ।
- आधारभूत तहको प्रारम्भिक कक्षामा कक्षा शिक्षण व्यवस्था कार्यान्यिन भएको हुनेछ ।

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | एकाइ | २०८१/०८२ (आधार वर्ष) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६।०८७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत शिक्षामा पहुँच पुगेका विद्यार्थी सङ्ख्या | सङ्ख्या | ६१४२ | ६०९७ | ६१३२ | ६१४८ | ६१६५ | ६१८० |
| २ | आधारभूत तह कक्षा ८ को विद्यार्थी टिकाउ दर | प्रतिशत | ८६.६ | ८७.५ | ८८ | ८८.३ | ८९.२ | ९० |
| २ | आधारभूत तह १-५ को कुल भर्ना दर | दर | १२२.८ | १२० | ११८ | ११६ | ११२ | ११० |
| ३ | आधारभूत तह १-५ को खुद भर्ना दर | दर | ९५.८ | ९६ | ९६.३ | ९६.८ | ९७.२ | ९८ |
| ४ | आधारभूत तह १-८ को कुल भर्ना दर | दर | १२६.३ | १२३ | १२० | ११७ | ११४ | ११० |
| ५ | आधारभूत तह १-८ को खुद भर्ना दर | दर | ९४.५ | ९४.९ | ९५.३ | ९६ | ९६.५ | ९७ |
| ६ | आधारभूत शिक्षामा लैङ्गिक समता | सङ्ख्या | ०.८८ | ०.८९ | ०.९० | ०.९१ | ०.९२ | ०.९३ |

### ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | |
| १ | सचेतनामूलक कार्यक्रम संगै भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण र समायोजन गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | |
| ३ | न्यून दरबन्दी विद्यालय अनुदानको व्यवस्था गर्ने | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | |
| ४ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | सङ्ख्या | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | |
| ५ | अपाङ्गता र विपन्न बालबालिकाको लागि आर्थिक सहायता | सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | |
| ६ | वि.व्य.स. र शि.अ.सं लाई क्षमता विकास कार्यक्रम | सङ्ख्या | ० | २२ | ० | ० | २२ | ४४ | |
| ७ | शिक्षक प्रोत्साहन कार्यक्रम | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ९ | कक्षा १ देखि ३ को एकीकृत पाठ्यक्रम तालिम/पुनर्ताजगी/ अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | विद्यार्थीहरूको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | ० | ० | ० | १ | २ | |
| ११ | प्र.अ / .विषय विज्ञहरूको नियमित बैठक | पटक | १० | १० | १० | १० | १० | ५० | |
| १२ | आधारभूत तहको कक्षा ५ र ८ को स्तारिकृत परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | उत्कृष्ट विद्यार्थी ,सम्मान कार्यक्रम सञ्चालन | जना | १२ | १६ | १६ | १६ | १६ | ७६ | |
| १४ | सिकाइ कुना व्यवस्थापन | सङ्ख्या | ६०१० | ६१३२ | ६१४८ | ६१६५ | ६१८० | ३०६३५ | |
| १५ | शिक्षक तलब भत्ता | सङ्ख्या | ११६ | ११६ | ११६ | ११६ | ११६ | ५८० | |
| १६ | शिक्षण सहयोग अनुदान | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| १७ | छात्रा, दलित छात्रवृत्ति व्यवस्थापन | सङ्ख्या | १८३२ | १८५० | १८६५ | १८८० | १८९० | ९३१७ | |
| १८ | विद्यालय कर्मचारी व्यवस्थापन | सङ्ख्या | ११ | १२ | १२ | १४ | १४ | ६३ | |
| १९ | द्रुत सिकाइ योजना (ReAL Plan) | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २० | परम्परागत विद्यालय सञ्चालन | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ । श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको उद्देश्य रहेको छ । माध्यमिक शिक्षाले सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशिलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९-१२) मा प्राविधिक तथा व्यावसायिक धारको सुरुवात गरिएको छ । नेपालको संविधानले-माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ। शिक्षा ऐन २०२८ (शंसोधन सहित) मा माध्यमिक शिक्षालाई साधारण, संस्कृत र प्राविधिक तथा व्यावसायिक गरी तीन धारमा बाँडिएको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहुँच निःशुल्क हुने व्यवस्था उल्लेख गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले प्रारम्भिक बालकक्षा देखि कक्षा ८ सम्मलाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विधालय तहदेखि परम्परागत मौलिक ज्ञान प्रविधि तथा सिपको बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ । प्राविधिक धारका विद्यालयहरू कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ । संविधानले प्रदत्त गरेको शिक्षाका अधिकारलाई सुनिश्चित गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ । कक्षा ११ र १२ मा विकल्पहरू सहित एकल पथीय पाठ्यक्रम लागू गरिएको छ ।

### वर्तमान अवस्था

शैक्षिक सूचना २०८० अनुसार हाम्रो देशमा ११४९२ वटा माध्यमिक विद्यालयहरू छन् । कक्षा १—१० सम्मका माध्यमिक विदयालयको सङ्ख्या ६६७२ वटा जसमध्ये ३५३३ वटा सामुदायिक (५३%) र ३१३९ वटा संस्थागत रहेका छन् । यसैगरी कक्षा १—१२ सम्म सञ्चालन भएका माध्यमिक विद्यालयहरूको सङ्ख्या ४८२० रहेको छ जस मध्ये ३६८३ वटा सामुदायिक (७६.४%) र ११३७ वटा (२३.६%) संस्थागत माध्यमिक विद्यालयहरू रहेका छन् ।

माध्यमिक तह कक्षा ९—१२ सम्म १७७१५५५ जना विद्यार्थीहरू मध्ये कक्षा ९—१० सम्म १०४५०९२ जना (६०%) र कक्षा ११ —१२ मा ७२६४६३ जना ( ४०%) विद्यार्थीहरू अध्ययनरत छन् । सामुदायिक विद्यालय कक्षा ९—१० मा ८३१४८८ (७६.७%) जना विद्यार्थीहरू छन् भने संस्थागत मावि मा २५१२९२ (२३.७%) विद्यार्थीहरू अध्ययनरत छन्। प्रदेशिक तथ्याङ्कलाई हेर्दा लुम्बिनी प्रदेशमा ५८०० वटा माध्यमिक विद्यालयहरू मध्ये ४५३१ वटा सामुदायिक र १२६९ संस्थागत विद्यालयहरू छन्।

मुलुकको माध्यमिक तहको शिक्षाको अवस्था अध्ययन गर्दा यस तहमा विद्यार्थीको पहुँचमा क्रमिक प्रगति भएको छ । शैक्षिक सूचना २०८० अनुसार माध्यमिक तह (कक्षा ९—१२) मा कुल भर्ना दर र खुद भर्ना

दर क्रमशः ८०.४% र ५७.९% पुगेको छ । कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये माध्यमिक तहको कक्षा १० र कक्षा १२ मा पुग्ने दर क्रमशः ६९.०% र ३७.२% मात्र रहेको देखिन्छ। यसले कक्षा ८ र कक्षा १० (एसईई) पछाडि ठुलो सङ्ख्यामा बालबालिकाहरूले विद्यालय छाड्ने गरेको देखाउँछ ।

शुद्धोदन गाउँपालिकाको शैक्षिक तथ्याङ्क २०८१ अनुसार १६ वटा माध्यमिक विद्यालयहरू मध्ये ८ वटा सामुदायिक र ८ वटा संस्थागत विद्यालय छन् । माध्यमिक विद्यालयहरू मध्ये ८ वटा विद्यालयहरूमा कक्षा १२ सम्म सञ्चालनमा रहेका छन् । माध्यमिक तह कक्षा ९-१० मा १११९ र कक्षा ११-१२ मा ३९७ गरी जम्मा १५१६ जना विद्यार्थीहरू अध्ययनरत छन् । कक्षा ९-१० मा छात्रा ५२२ र छात्र ५९७ रहेका छन् । भने कक्षा ११-१२ मा छात्रा २०७ र छात्र १९० रहेका छन् । यस गाउँपालिका अन्तरगत माध्यमिक तहमा स्थायी, अस्थायी, राहत तथा अनुदान शिक्षक गरी जम्मा ४२ जना शिक्षकहरू कार्यरत छन्। जसमध्ये कक्षा ९-१२ मा स्विकृत दरबन्दि १५ जना; राहत १८ जना; अनुदान ९ जना शिक्षकहरू कार्यरत छन् । उल्लेखित तथ्याङ्कहरूलाई विश्लेषण गर्दा यस गाउँपालिकामा सामुदायिक विद्यालयको माध्यमिक तहमा (कक्षा ९-१२) शिक्षक विद्यार्थी अनुपात १:३६ रहेको छ।

शुद्धोदन गाउँपालिकामा माध्यमिक तह (९-१२) को कुल भर्ना दर ६९.३ प्रतिशत रहेको छ र खुद भर्ना दर ४९.४ प्रतिशत रहेको छ । माध्यमिक तह (९-१२) मा लैगिक समता सूचक ०.९८ पुगेको छ । यस गाउँपालिकामा कक्षा १० सम्म सञ्चालित सामुदायिक माध्यमिक विद्यालय ४ र कक्षा १२ सम्म सञ्चालित ४ रहेका छन् जसमध्ये एक विद्यालयमा प्राबिधिक धारतर्फ सिभिल इन्जिनियरिङ्ग विषय सञ्चालनमा छ । शुद्धोदन गाउँपालिकामा माध्यमिक तहको उमेर समूहका बालबालिकाहरू १४८६ रहेका छन् । प्रत्येक वडामा एक-एक सामुदायिक माध्यमिक विद्यालय सञ्चालनमा छन्।यस गाउँपालिकाअन्तर्गत ८ संस्थागत माध्यमिक विद्यालय सञ्चालनमा रहेका छन् ।

## समस्या र चुनौती

- माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन,
- विपन्न, अपाङ्गता भएका, दलित र मुस्लिम समुदायका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न,
- माध्यमिक तहमा खुद भर्नादर बढाउन,
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्न,
- शिक्षकको पेसागत समर्पण, दक्षता वृद्धि र सिकाइ उपलब्धिमा सुधार गर्न,
- विद्यालयमा न्यूनतम सक्षमताको अवस्था पूरा गर्न,
- विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्न,
- शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बर्नाइ व्यवस्थित गर्न,
- विषयगत शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य जनशक्ति व्यवस्थापन गर्न,
- प्राबिधिक धारमा बिद्याथीहरूको आकर्षण कम हुनु।

#### अवसर

- नेपालको संविधानको मौलिक हकसम्वन्धी व्यवस्थाले गुणस्तरीय शिक्षामा सबैको समतामूलक समावेशी र पहुँचको सिद्धान्तलाई अपनाएको र शिक्षालाई हरेक नागरिकको मौलिक अधिकार र राज्यको दायित्व बनाएको स्थिति रहेको छ ।
- संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक शिक्षा निःशुल्क पाउने हक हुनेछ भनेर ग्यारेण्टी गरिएको छ ।
- संविधानको धारा ३१ले अपाङ्गता भएका र आर्थिक रुपले बिपन्न नागरिकलाई उच्च शिक्षासम्म समेत शिक्षा निशुल्क हुने ब्यवस्था गरेको छ ।
- नेपालको संविधानको धारा ४० ले दलित समुदायका विद्यार्थीका लागि उच्च शिक्षासम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षा पाउने अधिकार सुनिस्चित गरेको छ ।
- संविधानको धारा ५१ ले शिक्षालाई वैज्ञानिक, प्राविधिक, ब्यावसायिक, सिपमूलक, रोजगारमूलक एबम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने र शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र ब्यवस्थापन गरी सेवामूलक बनाउने भनेर निर्देशन गरेको छ ।
- शिक्षा नीति २०७६ ले कक्षा १० वा माध्यमिक शिक्षा परीक्षा सञ्चालन गर्न, शिक्षकको पेसागत विकास गर्न, शिक्षक बढुवासम्बन्धी कार्य सम्पादन गर्न र विद्यालय शिक्षा क्षेत्र योजना तथा समग्र विद्यालय शिक्षासम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि स्थानीय तह र विद्यालयहरूलाई जिम्म्मेवार हुने गरी नीति अगाडी सारेको छ । यस गाउँपालिकाका माध्यमिक तहमा प्राबिधिक तथा व्यावसायिक धारतर्फ सिभिल इन्जिनियरिङ्ग विषय अध्ययन गर्ने अवसर रहेको छ ।

### ३.३.२ उद्देश्य

यस योजनाले तय गरेका माध्यमिक तहका शिक्षाका उद्देश्य निम्नानुसार रहेका छन् ।

१. माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

### ३.३.३ रणनीतिहरू

१. माध्यमिक तहमा पहुँच सुनिश्चित गर्न र टिकाउ दर बढाउन विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।
२. एक वडा एक सुबिधा सम्पन्न सामुदायिक माध्यमिक विद्यालय सञ्चालन गरि माध्यमिक शिक्षामा सान्दर्भिकता र गुणस्तर सुनिश्चित गर्ने ।
३. विद्यार्थीको संलग्नतामा उनीहरूको रूचि र आवश्यकता अनुसार शिक्षण सिकाइ क्रियाकलापको ढाँचा तयार गरी कार्यान्वयन गर्ने ।
४. एउटा सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन अध्यापनको व्यवस्था

मिलाई नमुना माध्यमिक विद्यालयको अवधारणा लागू गर्ने ।

५. सिकाइमैत्री, बालमैत्री, र अपाङ्गतामैत्री कक्षाकोठाको वातावरण व्यवस्थापन गर्ने ।
६. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्दै STEAM-Approach को माध्यमबाट विद्यार्थीहरूमा व्यवहार कुशल सिपको विकास गर्ने ।
७. हरेक विद्यालयमा कुशल र दक्षता भएका विद्यालय प्रशासक/प्रअ को ब्यवस्थापन गर्ने । विद्यालयको गुणस्तरीय शैक्षिक विकासका लागि अभिभावक र सरोकारवालाको अपनत्व वृद्धि गर्ने ।
८. विद्यालयहरूको नियमित नियमन, अनुगमन र सुपरीवेक्षण गरी पेसागत सहायताको व्यवस्था गर्ने ।
९. विद्यालयहरूले गरेको असल अभ्यासहरूलाई आदानप्रदान गर्ने व्यवस्था मिलाउने ।
१०. हरित विद्यालयको अवधारणा लागू गर्ने ।

## ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित भएको हुनेछ ।
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।
३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित भएको हुनेछ ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | एकाइ | २०८१/०८२ (आधार वर्ष) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | निःशुल्क माध्यमिक तहको शिक्षामा खुद भर्ना र टिकाउदर वृद्धि हुने | प्रतिशत | ४९.४ | ५१ | ५३ | ५५ | ५७ | ६० |
| २ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी | सङ्ख्या | १११९ | ११३२ | ११४० | ११५० | ११५५ | ११६० |
| ३ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी | सङ्ख्या | ३९७ | ४१० | ४२५ | ४५० | ४७० | ५०० |
| ४ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी | सङ्ख्या | ० | ० | | | ५० | ५० |
| ५ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(PMEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | सङ्ख्या | २ | | २ | | ३ | |

## ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

माध्यमिक शिक्षाका प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक शिक्षा कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरूको तयारी र कार्यान्वयन । | पटक | | १ | | | | १ | सङ्घ, प्रदेश र गाउँपालिका |
| २ | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन । | पटक | | १ | | | | १ | गाउँपालिका |
| ३ | विद्यार्थी सङ्ख्याको आधारमा विषयगत दरबन्दी व्यवस्थापन | पटक | | १ | | | | १ | शिक्षक व्यवस्थापन विकासको क्रियकलाप अनुसार (गाउँपालिका र सङ्घ) |
| ४ | विद्यालयमा तह र विषयगत अपुग शिक्षकको व्यवस्था । | दरबन्दी अपुग विद्यालय | | १ | २ | ३ | ४ | ४ | गाउँपालिका र प्रदेश सरकार |
| ५ | सिर्जनात्मक क्रियाकलापका लागि विद्यालयहरूलाई प्रस्ताव र कामका आधारमा प्रोत्साहन अनुदान | इच्छुक विद्यालय | | २ | २ | २ | २ | १० | गाउँपालिका |
| ६ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा भएका सम्पूर्ण प्रावधानहरूको कार्यान्वयन | कक्षा प्रतिशत | १००% | १००% | १००% | १००% | १००% | १००% | |

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | |
| ७ | सूचना प्रविधि सहित शिक्षकहरूको क्षमता विकास | सङ्ख्या | | २१ | | २४ | | ४५ | |
| ८ | सिकाइ कुना/ सिकाइ सामग्री व्यवस्थापन | विद्यालय | १५१६ | १५४२ | १५६५ | १६०० | १६२५ | ७८४८ | |
| ९ | विपन्न लक्षित छात्रवृत्ति/ विभिन्न प्रकारका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी सङ्ख्या | १७० | १७० | १७० | १८० | १८० | ८७० | |
| १० | प्र.अ., विव्यस र पिटीए अध्यक्षहरू-को क्षमता विकास | पटक | | १ | | | १ | २ | |
| ११ | शिक्षक तलब भत्त व्यवस्थापन | सङ्ख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ | १३० | |
| १२ | शिक्षण सहयोग अनुदान | सङ्ख्या | ९ | ११ | १२ | १२ | १२ | ५६ | |
| १३ | विद्यालय कर्मचारी तलब भत्ता अनुदान | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | ८० | |
| १४ | सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीहरूका लागि प्रोत्साहन | सङ्ख्या | २० | २० | २० | ३० | ३० | १२० | |
| १५ | न्यूनतम सिकाइ सबलीकरण माप-दण्ड (PMEC) पूरा गर्न माध्यमिक विद्यालयलाई सहयोग गर्ने | सङ्ख्या | | २ | | ३ | | ५ | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बिच सन्तुलनको आवश्यकता पर्दछ। सुरुवातका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएतापनि विस्तारै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ। कृषि, भेटेनरी, इन्जिनियरिङ्ग, इलेक्ट्रिक र इलेक्ट्रोनिक्स, अटोमेकानिक्स, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षाका अवसरहरूमा सबै लिङ्ग, अपाङ्गता, गरिवी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सबै बर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलव्धिमा सुधार गर्दै श्रम बजार सँग आवद्ध गर्नुपर्ने देखिन्छ। "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पुरा गर्न राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको छ । उक्त आयोगले गुणस्तरिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरिखाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक अवसरलाई व्यापक बनाउन जोड दिएको छ । शिक्षाको विकासले यस पालिकामा सिपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न र रोजगारीका अवसरहरू सिर्जना गरी विदेशिने युवाहरू आत्मनिर्भर बनाउन प्राबिधिक शिक्षा तथा व्यावसायिक शिक्षा आवश्यक छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको तथ्याङ्कअनुसार नेपालमा ५७ वटा आङ्गिक पोलिटेक्निक शिक्षालयहरू, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरू, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालयहरू र ५८७ प्राविधिक एस.एल.सी. तहका कार्यक्रम र ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन्। (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६)

### वर्तमान अवस्था

नेपाल सरकारको एक स्थानिय तह एक प्राबिधिक विद्यालय कार्यक्रम अन्तरगत प्राबिधिक विद्यालयको रुपमा शुद्दोधन गाउँपालिकामा वि.सं.२०७८ देखि कक्षा १२ सम्मको सिभिल इन्जिनियरिङ्ग विषय फर्साटिकर माध्यमिक विद्यालयमा सञ्चालन भई प्राविधिक जनशक्ति उत्पादन गरिरहेको छ ।शैक्षिक सत्र २०८१ मा उक्त विद्यालयमा ३५ छात्रा र ७७ छात्र गरी ११२ जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन् ।उक्त विद्यालयमा सम्बन्धित विषयका प्रशिक्षक सहायक १, सहायक प्रशिक्षक २, इन्जिनियर ४ र बिज्ञान शिक्षक २ गरी ९ जनाको सङ्घीय अनुदान शिक्षक व्यवस्थापन कार्यक्रम सञ्चालनमा छ। स्थानिय आवश्यकताको आधारमा

सामुदायिक सिकाइ केन्द्र र गैरसरकारी सङ्घसंस्थाले गाउँपालिकासँग समन्वय गरी प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गरेका छन्।

## प्रमुख समस्या र चुनौती

- प्राविधिक धार तर्फ विद्यार्थी भर्ना,
- समुदाय तथा विद्यार्थीको माग अनुसार बहुविषयगत प्राबिधिक शिक्षा सञ्चालन गर्न,
- विषयगत प्राविधिक जनशक्तिको टिकाउन,
- व्यवहारीक अभ्यास (OJT) कार्यान्वयन ।

## ३.४.२ उद्देश्य

१. नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्नु ।

२. प्राबिधिक तथा व्यावसायिक शिक्षाको ज्ञान र सिपलाई व्यावसायिक बनाई उत्पादनशिल बनाउनु।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका उपलब्ध अवसर गराउनु ।

## ३.४.३ रणनीति

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये कम्तीमा १८ प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रममा पहुँच सुनिश्चित गर्ने ।

२. समयसापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रमको विस्तार गर्ने ।

३. संस्थागत क्षमता बढारइ आय आर्जन गर्ने खालका क्रियाकलाप सञ्चालन गर्ने ।

४. प्राविधिक विद्यालयको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने ।

५. वैदेशिक रोजगारबाट प्राप्त सिपको खोज गरी उत्पादनशील कार्यका लागि प्रयोग गर्ने ।

## ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

- माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये कम्तीमा १८ प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुने छन् ।
- प्राबिधिक विद्यालयको क्षमता विकास भई गुणस्तर सुनिश्चित भएको हुनेछ ।
- प्राबिधिक शिक्षा हासिल गरेका विद्यार्थीहरूको रोजगार तथा स्वरोजगार सुनिश्चित भएको हुनेछ ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय | सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी | सङ्ख्या | ११३ | ११८ | १२५ | १५० | १७५ | १९२ |
| ३ | व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको | प्रतिशत | २५ | २७ | २८ | ३२ | ३५ | ३७ |
| ४ | प्राविधिक तथा व्यावसायिक कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने विद्यालय | सङ्ख्या | १ | १ | १ | १ | २ | २ |
| ५ | निजी लगानी अभिवृद्धि हुने | प्रतिशत | ० | ० | ० | ० | ५० | ५० |

## ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | |
| १ | विद्यार्थीको तथ्याङ्क सङ्कलन | पटक | | १ | १ | १ | १ | ५ | |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विद्यार्थी छात्रवृत्ति | प्रतिशत | | १० | १० | १० | १० | १० | |
| ४ | व्यावहारिक अभ्यास (कक्षा ९र ११) गर्ने विद्यार्थी | प्रतिशत | | १०० | १०० | १०० | १०० | १०० | |
| ५ | रैथाने सिप प्रवर्धन गर्ने | पटक | | १ | १ | १ | १ | ४ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भदा बाहिर मानव जिवनका लागी आवश्यक ज्ञान, सिप र प्रकृयाको प्रशोधन गर्ने जिवनपर्यन्त अर्थात आजिवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागी विभिन्न लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागी साक्षरता, साक्षरका लागी साक्षरोत्तर, सिकाइ अवसरका लागी स्तरवृद्धी, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागी अनौपचारिक एवम आजीवन शिक्षाले काम गर्दछ ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नितिले अवलम्वन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको, प्रत्येक नागरीकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । सवैका लागि गुणस्तरीय शिक्षा र जीवनप्रयान्त सिकाइ अवसर दिगो विकासको मुल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमवाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनप्रयन्त सिकाइ अवसर उपलव्ध गराउनुपर्दछ । विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठुलो सङ्ख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागिकार्यमूलक साक्षरता, आयआर्जन, समूह साझेदारी Digital Literacy लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । औपचारिक र अनौपचारिक शिक्षाका वीचमा Cross Ventilator को व्यवस्था गरी शिक्षा प्राप्तिलाई लचकदार र व्यक्तिको आवश्यकता र अनुकूलतामा आधारित बनाउदै लैजानुपर्ने देखिन्छ ।

राष्ट्रिय शिक्षा निति २०७६ ले नेपाललाई पुर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक, वैकल्पीक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतीको विकास गर्नु सवै प्रकारका अपांगता भएका व्यक्तिका लागी गुणस्तरिय शिक्षाको पहुँच सुनिश्चित गरी जिवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जिवनयापन गर्न सक्षम र प्रतिस्प्रधी नागरीक तयार पार्ने उद्देश्य निर्धारणगरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७८ जस्ता नितिगत व्यवस्था गरीएको छ ।

### वर्तमान अवस्था

यस शुद्धोदन गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार ४१९०७ जनसख्या र परिवार सङ्ख्या ८६७६ रहेको छ । जसमध्ये ८१०७ परिवारको आफ्नो घर रहेको छ । यस पालिकामा खड्वा बनगाई समुदायिक सिकाइ केन्द्र, सौ फर्साटिकर समुदायिक सिकाइ केन्द्र र जनता समुदायिक सिकाइ केन्द्र गरी ३ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा छन् । गाउँपालिकामा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रको स्थलगत अनुगमन, निरक्षण भइरहेको र सघीय र स्थानीय स्रोत परिचालन गरी सिकाइ केन्द्रलाई आवश्यक बजेटको व्यवस्थापन भैरहेको छ । समुदायिक सिकाइ केन्द्रहरूले समुदायमा आर्थिक सशक्तिकरणको लागि आय आर्जनमूलक तालिक कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । २०७२ साल असार ३१ गते रुपन्देही

जिल्ला नेपालको १६ औ साक्षर जिल्ला घोषणा भैसकेको छ ।

### प्रमुख समस्या र चुनौती

- सामुदायिक सिकाइ केन्द्रहरूलाई क्रियाशील रूपमा परिचालन गर्न,
- औपचारिक शिक्षाबाट बाहिर रहेका सबै व्यक्तिलाई अनौपचारिक शिक्षामा पहुँच पुऱ्याउन,
- अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग आवद्ध गर्न,
- सामुदायिक सिकाइ केन्द्रको विकासमा स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरीक समाज, अभिभावक लगायतलाई निरन्तर परिचालन गर्न,
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७८ लाई प्रभावकारी कार्यान्वयन गर्न।

### ३.५.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षर र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।

२. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिपविकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्नु ।

### ३.५.३ रणनीतिहरू

१. प्रत्येक वडामा सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोका रूपमा विकास गर्ने ।

२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय सङ्घसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गरिने छ।

३. सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न सिप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने।

४. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्थाबमोजिम प्रमाणपत्रको व्यवस्था मिलाइने ।

५. प्रत्येक वडामा सुविधा सम्पन्न वहुउद्देशीय सामुदायिक सिकाइ केन्द्रको स्थापना गरी समानता एवम् समाबेशीतामा आधारित आजिवन सिकाइ थलोको रुपमा विकास गर्ने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलव्धि

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षर र आजीवन सिकाइका अवसर सुनिश्चित भएको हनेछ ।

२. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिपविकास तथा आयमूलक कार्यक्रम सञ्चालन भएको हुनेछ ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०८१/८२ आधार वर्ष | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्र | सङ्ख्या | १ | | | २ | | ३ | ३ |
| २ | सामुदायिक इ पुस्तकालय व्यवस्थापन गर्ने | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ |
| ३ | आय आर्जन गरी जीवन निर्वाह र स्वावलम्वी तथा आत्मनिर्भर हुने | सङ्ख्या | ५२ | २५ | २५ | २५ | २५ | २५ | १७७ |
| ४ | साझेदारी र सहकार्य गर्ने | पटक | | १ | १ | १ | १ | १ | ५ |

## ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | |
| १ | विचमा कक्षा छाडेका विद्यार्थी-हरूको तथ्याङ्क सङ्कलन | पटक | १ | | | | १ | | |
| २ | आयमूलक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | सिकाइ केन्द्रको सुदृढीकरण तथा व्यवस्थापन गर्ने | सङ्ख्या | | १ | | २ | ३ | ३ | |
| ४ | सामूदायिक सिकाइ केन्द्रलाई सामूदायिक पुस्तकालयका रूपमा सञ्चालन गर्ने | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | |
| ५ | सिकाइ प्रमाणीकरण गर्न सह-जिकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | स्वावलम्बी र आत्मनिर्भर जनशक्ति तयार गर्ने | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| ७ | सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य | पटक | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद चार

# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो । पाठ्यक्रम सिकाइको समस्त तथा बृहत योजना हो ।पाठ्यक्रम बदलिदों समाज अनुसार परिवर्तित र परिमार्जित हुने गर्दछ। पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सिप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकूल समयोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा संलग्न हुन सहयोग पुग्दछ । पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारु केन्द्रित र तथ्यपरक हुनु पर्दछ ।

विद्यालय पाठ्यक्रमको दस्तावेजीकरण र विकास राष्ट्रिय शिक्षा पद्धतिको योजना - २०२८ देखि प्रारम्भ भएको पाइन्छ। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ तयार भइ पाठ्यक्रम विकास र कार्यान्वयन भएकोछ । कक्षा १-३ सम्म सत प्रतिशत निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ । कक्षा ४-८ मा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत बाह्य मूल्याङ्कनबाट सिकारुको सिकाइ उपलब्धि परीक्षण गरिने व्यवस्था रहेको छ ।

माध्यमिक तह (९-१२) मा ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत बाह्य मूल्याङ्कन प्रणालीको व्यवस्था रहेको छ । विद्यार्थीहरूको मूल्याङ्कनको लागि कक्षा ९ र ११ मा कम्तीमा दुई ओटा निर्माणात्मक र एउटा निर्णयात्मक परीक्षा विद्यालय आफैले सञ्चालन गर्ने र कक्षा १० र १२ को हकमा राष्ट्रिय परीक्षा बोर्डले वार्षिक निर्णयात्मक परीक्षा सञ्चालन गर्ने व्यवस्था गरिएको छ । स्वास्थ्य शरीरिक र वातावरण शिक्षा, सिर्जनशील तथा अभिव्यक्तशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य, सङ्गीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरू संलग्न गरी पाठ्यक्रमलाई सन्दर्भिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ। विद्यालय तहको पाठ्क्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्ने प्रयास भएको छ। विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिएको छ। पाठ्यक्रमका विषयवस्तुहरू सहज ढंगले शिक्षणगर्न विभिन्न सन्दर्भ सामग्रीहरू तथा शिक्षक निर्देशिका तयार गरिएका छन् । त्यस्ता सामाग्रीहरू पुस्तकको रुपमा उपलब्ध हुनुको साथै डिजिटल रुपमा पनि पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा राखिएको छ । पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्न STEAM शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएकोछ। नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत

शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास, पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाको अर्थपुर्ण सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अध्याबधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने, प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा, बहुभाषा प्रयोग, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृतिअनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहु पाठ्यपुस्तक नीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेका चुनौतीहरू हुन्।

### वर्तमान अवस्था

शुद्धोदन गाउँपालिकाले स्थानीय पाठ्यक्रम कक्षा १-८ निर्माण गरी शैक्षिक सत्र २०७९ बाट गाउँपालिकाअन्तर्गत सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कार्यान्वयन गरिएको छ। पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म नेपाल सरकारले सबै र कक्षा ११-१२ मा अनिवार्य विषयका पाठ्यपुस्तक निःशुल्क प्रदान गर्ने व्यवस्था गरेको छ भने स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक समेत निशुल्क बितरण गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा भएको व्यवस्थाअनुसर विद्यार्थी मूल्याङ्कन प्रक्रिया सञ्चालन भइरहेको छ ।

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रममा आधारित प्रविधिमुखी शिक्षण सिकाइद्वारा स्थानीय र समय सापेक्ष सिकारुहरूमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।
३. पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारीरुपमा कार्यान्वयन गरी सक्षम, सिर्जनशिल तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु।
४. निरन्तर, आवधिक, स्तरीकृत, उपचारात्मक मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।

### ४.१.३ रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र तदनुरुपका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि सहजीकरण गर्ने ।
२. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम समस्या समाधान केन्द्रत शिक्षण विधिको प्रयोगलाई प्रोत्साहन गर्ने ।
३. स्थानीय आवश्यकताका आधारमा स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तकको परिमार्जन तथा अध्यावधिक गरी कार्यान्वयन गर्ने ।

४. विकास तथा परिमार्जन भएका पाठ्यक्रम र पाठ्यपुस्तक सरोकारवालाई प्रवोधिकरण गर्ने ।
५. विद्यालयमा प्रयोगशाला, परियोजना कार्य अभ्यास केन्द्र र सिकाइ सामग्रीहरूको ब्यवस्थापन गर्ने ।
६. शिक्षकलाई सिकाइ उपलब्धिप्रति जवाफदेही बनाइ वृत्तिविकाससँग पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने ।
७. समयमै पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरू र शैक्षिक सामग्री उपलब्ध गर्ने ।
८. स्थानीय स्तरमा उपलब्ध शैक्षिक सामग्रीहरू उत्पादन तथा प्रयोगमा जोड दिने ।
९. आधारभूत तह उत्तिर्ण परीक्षालाई थप प्रभावकारी बनाउदै कक्षा ५ को अन्तमा गरिने वार्षिक परीक्षालाई पालिका स्तरीय र स्तरिकृत बनाउने ।
१०. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग वढाईने ।
११. विपद् माहामारी तथा सकटको अवस्थामा बैकल्पीक विधिवाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. पाठ्यक्रममा आधारित प्रविधिमुखी शिक्षण सिकाइद्वारा स्थानीय र समय सापेक्ष सिकारुहरूमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण भएको हुनेछ ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
३. पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारीरुपमा कार्यान्वयन गरी सक्षम, सिर्जनशिल तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग भएको हुनेछ ।
४. निरन्तर, उपचारात्मक, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | इकाइ | २०८१/०८२ (अधार वर्ष) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६।०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागू गरेका विद्यालय | सङ्ख्या | १८ | १९ | १९ | १९ | १९ | १९ | |
| २ | स्थानीय पाठ्यक्रम पुनरावलोकन र परिमार्जन | पटक | | | १ | | | | |
| ३ | स्थानीय पाठ्य सामग्री पुनरावलोकन र परिमार्जन | पटक | | | | १ | | | |

| क्र.स. | सूचक | इकाइ | २०८१/०८२ (आधार वर्ष) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६।०८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | स्तरीकृत प्रश्नको प्रयोग गर्ने विद्यालय | सङ्ख्या | २५ | २५ | २५ | २६ | २६ | २६ | |
| ५ | सिकाइ क्षति आपुरण सञ्चालन भएका विद्यालय | सङ्ख्या | १४ | १५ | १५ | १५ | १५ | १५ | |
| ६ | परिवर्तित पाठ्यक्रम अनुसार तालिम / प्रवोधिकरण लिएका शिक्षक | सङ्ख्या | २८ | ५३ | ७८ | १०३ | १२८ | १५३ | |
| ७ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | सङ्ख्या | १७ | १९ | १९ | १९ | १९ | १९ | |

## ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | |
| १ | पाठ्यक्रम र शैक्षणीक योजना सम्बन्धि क्षमता विकास कार्यक्रम | पटक | | १ | | १ | १ | ३ | अधारभूत तह २, माध्यमिक तह १ |
| २ | पाठ्यक्रम र पाठ्यसामग्री प्रवोधिकरण | पटक | | १ | १ | | | २ | |
| ३ | शैक्षिक सामग्री निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन | पटक | | १ | १ | | | | |
| ५ | स्तारीकृत परीक्षण र मूल्याङ्कन सम्बन्धि क्षमता विकास कार्यक्रम | पटक | | १ | | १ | १ | ३ | |
| ६ | पाठ्यपुस्तक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । गुणस्तरिय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले सिकारूमा सकारात्मक प्रभाव पार्दछ । योग्य दक्ष समर्पित र अभिप्ररित शिक्षकहरूको व्यवस्थापनवाट शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ ।

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरू तयार गर्ने काम विश्वविद्यालयहरूले गरिरहेका छन् । अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरवन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक वढुवा सम्वन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइ आएका शिक्षककहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । अस्थायी वा करार शिक्षकको नियुक्ति स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणिकरण तथा कष्टमाइज्ड तालिम, पाठ्यक्रम निर्माण र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषय गत रुपमा विद्यमान मापदण्ड तराईमा क्षेत्रमा १:५० शिक्षक विद्यार्थी अनुपात कायम छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तीमा ७ दरवन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ । पेसागत रुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकवाट कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ । शिक्षक तालिम, कार्यशाला, सेमिनार कनफ्रेरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, शिक्षक मेन्टरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ ।

### वर्तमान अवस्था

शुद्धोदन गाउँपालिकाका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:३६ रहेको छ, जसमध्ये वालविकास केन्द्रमा १:२१, प्राथमिक तहमा १:२६, निम्न माध्यमिक तहमा १:७६ जना, माध्यमिक तह ९-१० मा १:२५ माध्यमिक तह ११-१२ मा १:१६१ जना रहेको छ। प्राविधिक तर्फ ६ प्रशिक्षक, २ सहायक प्रशिक्षक र १ प्रशिक्षण सहायक रहेका छन्। यसका साथै यस गाउँपालिकाबाट शिक्षक ब्यवस्थापन तथा वृत्ति विकासका लागि शिक्षकहरूलाई सूचना प्रविधि, विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन लगायतका विषयहरूमा क्षमता विकासको आवश्यकता आकलन गरी स्थानीय तह मार्फत शिक्षक र विद्यालय कर्मचारीहरूलाई तालिम सञ्चालन गरिएको छ ।दरवन्दी न्यून भएका विद्यालयहरूलाई

अनुदान प्रदान गरी शिक्षक व्यवस्थानमा सहजिकरण गरिएको छ ।विषयगत दरवन्दी व्यवस्थापन गर्ने उद्देश्यले विद्यार्थी सङ्ख्य र शिक्षक अनुपातलाई समेत मध्ये नजर गरी दरवन्दी मिलानका कार्यहरू हुँदै आएको छ ।

*तहगत रुपमा सामुदायिक विद्यालयको शिक्षक सङ्ख्या र शिक्षक विद्यार्थी अनुपात*

| तह | विद्यार्थी सङ्ख्या | शिक्षक सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | ८०३ | ३९ | १:२१ | |
| आधारभूत तह कक्षा १-५ | २४९१ | ९७ | १:२६ | |
| आधारभूत तह कक्षा ६-८ | १८३३ | २४ | १:७६ | |
| आधारभूत तह कक्षा १-८ | ४३२४ | १२१ | १:३६ | |
| माध्यमिक तह ९-१० | ८९४ | ३६ | १:२५ | |
| माध्यमिक तह ११-१२ | ६४२ | ४ | १:१६१ | |
| माध्यमिक तह कक्षा ९-१२ | १५३६ | ४२ | १:३७ | |
| समग्र विद्यालय | ५८६० | १६३ | १:३६ | |

## समस्या र चुनौती

- सबै शिक्षकहरूलाई पेसागत विकास तालिमको अवसर प्राप्त हुन,
- शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन,
- तालिममा सिकेका ज्ञान तथा सिपको कक्षाकोठामा प्रयोग गर्न,
- शिक्षकको दरवन्दी मिलान कार्यले पुर्णता पाउन,
- शिक्षण पेसालाई रोजाइको पेसाको रूपमा विकास हुनु,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मुल्यांकनसँग आवद्द गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन हुनु,

## ४.२.२ उद्देश्य

१. तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु,
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु,
३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु ।

## ४.२.३ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।
२. स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गर्ने ।

३. शिक्षण सिप विकासका लागि तालिम सञ्चालन गर्ने ।
४. शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गर्ने ।
५. विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह गठन गरी स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट मेन्टोरिङ गर्ने ।
६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।
७. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।
८. शिक्षकलाई तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा अवरोध नहुने पद्धति विकास गर्ने ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

१. दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुनेछ ।

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | एकाइ | २०८१/८२ (आधार वर्ष) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ता | सङ्ख्या | ३९ | | | | | | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ४ | शिक्षक पेसागत सहयोग प्रणाली लागू भएका विद्यालय | सङ्ख्या | ४ | ७ | १० | १३ | १५ | १५ | |
| ५ | स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन | सङ्ख्या | ११ | ० | १३ | १५ | ० | १५ | |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | |
| १ | शिक्षक दरबन्दी मिलान/पुनर्वितरण | पटक | ० | १ | ० | ० | १ | २ | |
| २ | स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन | सङ्ख्या | ० | ० | २ | २ | ० | ४ | |
| ३ | शिक्षक क्षमता अभिवृद्धि | सङ्ख्या | ० | ३० | ० | ३० | ० | ६० | आधारभूत तह |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग र मेन्टोरिङ | सङ्ख्या | १० | १५ | २० | २५ | ३० | ३० | |
| ५ | नतिजाको आधारमा शिक्षक कर्म-चारी प्रोत्सहन कार्यक्रम | सङ्ख्या | १५ | १५ | १५ | १५ | १५ | ७५ | |
| ६ | शैक्षिक भ्रमण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

प्राचीन कालमा शिक्षा अनुभव र व्यवहारबाट हासिल गर्दथे। समयको बद्लिदो क्रमसँगै शिक्षा आर्जन गर्ने माध्यमहरू फरक फरक हुन थाले । शिक्षा मानव जीवनलाई सार्थकता प्रदान गर्ने माध्यम हो। सबैलाई शिक्षाको अवसर र पहुँचमा पुर्याउनु स्थानीय तहको दायित्व हो । नेपालको संविधान, शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति २०७३, अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन २०७५ मा शिक्षामा सबैको पहुँच पुऱ्याउने व्यवस्था गरिएको छ । विगतमा कार्यान्वयन भएका सबैका लागि शिक्षा, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सहश्राव्दी विकास लक्ष्य, विद्यालय क्षेत्र सुधार योजना, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य लगायतका विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरूले समेत समावेशी शिक्षालाई प्राथमिकता दिएका छन् ।

नेपालको संविधानले आधारभूत शिक्षा अनिवार्य र निशुल्क, माध्यमिक शिक्षा निःशुल्क गरेको छ । अपाङ्गता भएका र आर्थिकरूपले विपन्न बालबालिकालाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकको व्यवस्था गरेको छ । त्यस्तै गरी राष्ट्रिय शिक्षा नीति २०७६ ले आर्थिक रूपले विपन्न दलित जनजाती सिमान्तकृत द्वन्दपिडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका छोराछोरीलाई अवसर लागत दृष्टिगत गरी छात्रवृत्ति दिने व्यवस्था गरेको छ । शिक्षामा पहुँच पुऱ्याउन र समावेशी शिक्षालाई कार्यान्वयन गर्नु स्थानीय तहको प्रमुख जिम्मेवारी हो ।

## वर्तमान अवस्था

शुद्धोदन गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक र सँस्थागत विद्यालयहरूमा शैक्षिक सत्र २०८० को तथ्यांक अनुरुप रहेका कुल ११५५७ विद्यार्थीहरू मध्ये छात्रा ५४५७ र छात्र ६१०० रहेका छन्, जसमध्ये ब्राहमण क्षेत्री २५७० (२२%), आदिवासी जनजाती ५२८१ (४६%), दलित ९७६ (८%) र अन्य २७७० (२४%) रहेका छन् । गाउँपालिकामा समुदायमा आधारित बाल विकास सहित ३४ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्। विद्यालयहरूमा विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरू अध्ययन गर्दै आएका छन् । विद्यालयहरूमा विद्यालय भर्ना भएका अपाङ्गता भएका बालबालिकाहरूलाई तोकिएको नियमका आधारमा छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गाउँपालिकाले गरेको छ । आधारभूत तह कक्षा १-८ मा अध्ययन गर्ने कुल २२६८ छात्राहरू र १८० दलित छात्रहरूलाई नियमित छात्रवृत्ति प्रदान गरिदै आएको छ। विद्यालयमा सञ्चालन हुने सवै परीक्षाहरूमा अपाङ्गता भएका बालबालिकाहरूलाई थप समयको व्यवस्था गरिएको छ । यस गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरूमा अपाङ्गता रहेका बालबालिका २७ जना रहेकोमा ११ जनालाई छात्रबृत्ति वितरण भएको देखिन्छ ।बहिरा, सुस्त मनस्थिति, अटिजम, दृष्टिविहीन बालबालिकाहरूलाई छिमेकी पालिकाहरूमा सञ्चालित स्रोतकक्षा शिक्षामा पहुँचको हक सुनिश्चित गरिएको छ ।

## समस्या तथा चुनौतीहरू

- शिक्षामा समावेशिता सुनिश्चित गर्न,
- अपाङ्गता भएका र आर्थिकरुपले विपन्न वालवालिकाहरूलाई शिक्षामा समतामूलक पहुँच पुऱ्याई विद्यालय शिक्षामा टिकाइ राख्न,
- अपाङ्गता भएका बालबालिकाहरूका लागि विद्यालय तथा जनशक्ति व्यवस्थापन गर्न,
- विद्यालयका विद्यमान संरचनाहरू अपाङ्गमैत्री बनाउन ।

## ४.३.२ उद्देश्य

१. लक्षित समूदायका सबै बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,
२. विद्यालयका भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री तथा बालमैत्री बनाई सबैको सहभागिताको पहुँच सुनिश्चित हुने वातावरण तयार गर्नु,
३. बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,

## ४.३.३ रणनीतिहरू

१. विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री वातावरण सृजना गरी बालबालिकाहरूको शिक्षामा पहुँच बढाइने ।
२. बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्न विषेश कार्यक्रम सञ्चालन गर्ने ।
३. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) एवम् स्वरूप पहिचान गरी उपयुक्त समावेशी शिक्षाको व्यवस्थपन गर्ने ।
४. गाउँपालिकाले कार्यविधि तयार गरी आर्थिक रूपले विपन्न र अपाङ्गता भएका बालबालिकाहरूलाई थप छात्रवृत्तिको व्यवस्था गर्ने ।
५. विद्यालयमा सरसफाइ र महिनावारी स्वच्छतासम्बन्धी किशोरी लक्षित सेवा तथा शिक्षा प्रदान गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. लक्षित समूदायका सबै बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भएको हुनेछ ।
२. विद्यालयका भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री तथा बालमैत्री बनाई सबैको सहभागिताको पहुँच सुनिश्चित भएको हुनेछ ।
३. बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. स. | शिक्षामा समता र समावेशीकरण | इकाइ | २०७१/७२ (आधार वर्ष) | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६।७७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा लैङ्गिक समता सूचक | अनुपात | ०.९२ | ०.९३ | ०.९५ | ०.९७ | ०.९८ | १.० | |
| २ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | अनुपात | ०.९१ | ०.९२ | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ | |
| ३ | विद्यालयमा पहुँच भएका अपाङ्गता भएका बालबालिकाहरूको प्रतिशत | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० | ६५ | कुल १३६ मा ५५ |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७२/०७३ | २०७३/०७४ | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | | |
| १ | बालबालिकाहरूको अवस्था पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | अपाङ्गता भएका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच सुनिश्चितता | सङ्ख्या | ५५ | ६५ | ७५ | ८५ | ९५ | १०५ | |
| ३ | बैयक्तिक आवश्यकता अनुसारका शैक्षिक सहायता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | |
| ४ | विद्यालय बाहिर रहेका बालबालिकाहरू लाई विद्यालयमा ल्याउन सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | |
| ५ | लक्षित बालबालिकाहरूलाई थप छात्रवृत्ति | जना | ५५ | ६५ | ७५ | ८५ | ९५ | १०५ | |
| ६ | विभेद अन्त्यका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | |
| ७ | सरोकारवाला सङ्घसंस्था सँग समन्वय | निरन्तर | | | | | | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले स्वास्थ्य तथा पोषणको अवस्था राम्रो हुनु पर्दछ। विद्यालयमा बाल विकास तथा शिक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरूको विद्यालयमा विताउने समय उमेरअनुरूप लामो हुने र उनीहरूलाई भोकका कारण शिक्षण सिकाइ क्रियाकलापमा रूचि नहुने अवस्था रहेको एवम् उनीहरूको शारिरीक र मानसिक विकासका लागि पनि विद्यालय समयको मध्यान्तरमा पोषणयुक्त दिवा खाजा कार्यक्रम सञ्चालन उपयुक्त ठानी नेपाल सरकारले पनि सबै सामुदायिक विद्यालयहरूमा बालविकास तथा शिक्षादेखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम सञ्चालनका लागि अनुदान व्यवस्थापन गर्दै आएको छ । विद्यालयमा सञ्चालित दिवा खाजाको माध्यमबाट बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार भइ सिकाइमा सहभागिता वृद्धि गरी सिकाइ उपलब्धि सुधार गर्न प्रभावकारी देखिएको छ ।

खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि २०७४ अनुसार सबै विद्यालयहरूमा विद्यार्थी सङ्ख्या अनुसार स्वच्छ पिउने पानी, अलग अलग सफा र सुरक्षित, लैङ्गिक, अपाङ्गता र बालमैत्री शौचालय हुनु पर्ने उल्लेख छ ।विद्यालयमा सरसफाइ एवम् हरियाली स्वच्छ वातावरण, महिनावारी स्वच्छता एवम् प्याड व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्छा घर सरसफाइ तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेको छ। सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ बमोजिम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोके अनुरूप प्रारम्भिक बालविकास र शिक्षा देखि कक्षा ५ सम्म अध्ययरत विद्यार्थीका लागि शुद्धोदन गाउँपालिका स्थित सबै सामुदायिक विद्यालयहरूमा दिवा खाजा कार्यक्रम सञ्चालित छ।

### वर्तमान अवस्था

शुद्धोदन गाउँपालिकाबाट विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण, जुकाको औषधि, आइरन चक्की र फोलिक एसिड वितरण, प्राथमिक उपचार सामग्री बाकसको व्यवस्थापन सामाजिक विकास शाखाको समन्वयमा विद्यालयमा कार्यान्वयन गरिएको छ। विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि सेनिटरी प्याड, इन्सिनेटर मेसिनको व्यवस्थापन गरिएको छ। विद्यालयमा रहेका बाल क्लवले सरसफाई प्रवर्द्धनका क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेका छन्। दिवा खाजालाई स्थानीय उत्पादनसँग जोडेर आवश्यक वृहत् तथा सूक्ष्म पौष्टिक तत्व समावेश हुनेगरी गाउँपालिका स्तरमा साप्ताहिक दिवा खाजा तालिका निर्माण गरी कार्यान्वयन गरिएको छ । शुद्धोदन गाउँपालिकाको सन्दर्भमा बालबालिकाका लागि सरसफाइ तथा स्वच्छतासम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य, पोषण, सरसफाइ र स्वच्छता सञ्चालन संरचना विद्यालयमा आवश्यक रहेको छ ।

### समस्या तथा चुनौतीहरू

१. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम प्रभावकारीरूपमा व्यवस्थापन गर्न,
२. दिवा खाजा व्यवस्थापनका लागि मानव स्रोत एवम् पर्याप्त बजेटको व्यवस्थापन गर्न,
३. सरसफाइ तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध गर्न,
४. विद्यालय पोषण तथा स्वास्थ्य र स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालनमा सङ्घसंस्था सँग प्रभावकारी समन्वय गर्न,
५. खोप, आइरन चक्की, फोलिक एसिडको प्रयोगमा मुस्लिम समुदायका सबै छात्राहरूलाई समावेश गर्न,
६. विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्थापन गर्न,
७. सामुदायिक विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न ।

### ४.४.२ उद्देश्य

१. बालबालिकालाई स्वास्थ्य, सन्तुलित, पोषणयुक्त एवम् स्थानीय उत्पादनमा आधारित पौष्टिक दिवा खाजाको सुनिश्चितता गर्नु ।
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.३ रणनीति

१. आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा दिवा खाजा उपलब्ध गराइने ।
२. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त स्वच्छ र सुरक्षित पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।
३. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई नियमित र प्रभावकारी बनाइने ।
४. विद्यालय स्वास्थ्य तथा पोषणको अवस्थालाई थप प्रभावकारी बनाउन बिभिन्न निकायसंग सहकार्य, समन्वय तथा साझेदारी गर्ने ।
५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित बस्तुलाई प्राथमिकता दिने ।
६. दिवा खाजा, स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि अभिभावक संगको साझेदारीमा आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।

७. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

१. बालबालिकालाई स्वास्थ्य, सन्तुलित, पोषणयुक्त एवम् स्थानीय उत्पादनमा आधारीत पौष्टिक दिवा खाजाको सुनिश्चित भएको हुनेछ ।

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं | सूचक | इकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | |
| ३ | दिवा खाजा प्राप्त गर्ने | कक्षा | ६ | ६ | ६ | ६ | ६ | |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालय | सङ्ख्या | १८ | २० | २० | २० | २० | |
| ५ | खानेपानी र शौचालयको पहुँच पुगेका विद्यालय | सङ्ख्या | २० | २० | २० | २० | २० | |
| ६ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय | सङ्ख्या | २० | २० | २० | २० | २० | |
| ७ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय | सङ्ख्या | ० | २ | ४ | ६ | ७ | |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध गरेका विद्यालय | सङ्ख्या | १८ | १९ | १९ | १९ | १९ | १९ | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध भएका विद्यालय | सङ्ख्या | १८ | १९ | १९ | १९ | १९ | १९ | |
| ३ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय भएका विद्यालय | सङ्ख्या | ७ | १४ | २० | २० | २० | २० | |
| ४ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था भएका विद्यालय | सङ्ख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | |
| ५ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | २ | २ | २ | ३ | ३ | ३ | |
| ६ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक (वार्षिक) | १ | २ | २ | २ | २ | २ | |
| ७ | विद्यालयमा प्राथमिक उपचार कक्षको व्यवस्था | सङ्ख्या | ४ | ७ | १४ | १८ | १८ | १८ | |
| ८ | अनुगमन मूल्याङ्कन / प्रतिविद्यालय | पटक | ४ | ४ | ४ | ४ | ४ | ४ | |
| ९ | दिवा खाजा, स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि संयन्त्र निर्माण | सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | |
| १० | विद्यालय नर्सिङ कार्यक्रम सञ्चालन भएका विद्यालय | सङ्ख्या | ० | २ | ४ | ६ | ७ | ७ | |
| ११ | स्यानेटरी प्याड व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

विद्यालय सुरक्षा कार्यक्रमले प्रत्येक बालबालिकालाई गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्ने अधिकारलाई स्थापित गर्न मद्दत गर्दछ । विद्यालय सुरक्षित सिकाइ वातावरण तयार गर्नका लागि भौतिक संरचनाहरू भूकम्प प्रतिरोधी बनाउन आवश्यक छ । समय समयमा हुने प्राकृतिक र मानव निर्मित प्रकोपबाट सृजना हुने जोखिमबाट शैक्षिक क्षति हुँदै आएको छ । संभावित शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न सुरक्षित पूर्वाधार निर्माण गरी बालबालिकाको निरन्तर सिकाइलाई सुनिश्चित गर्न सकिन्छ । विद्यालय सुरक्षाका न्यूनतम मापदण्ड अवलम्बन गरी सिकाइलाई निरन्तरता दिन आवश्यक छ । बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५ ले बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज निर्माण गरी प्रत्येक विद्यालयको सुरक्षा सुनिश्चित गर्न स्थानीय तह, प्रादेशिक र सङ्घीय सरकारको भूमिका निर्धारण गरेको छ ।

नेपालमा २०७२ सालको विनाशकारी भूकम्प, बाढी पहिरो, सित लहर, आगलागी आदिका कारण विद्यालयका संरचनामा हुने क्षतिले शिक्षण सिकाइमा अवरोध भइ, विद्यार्थीले विद्यालय छोड्न बाध्य हुने अवस्था समेत समय समयमा सृजना भइरहेको छ ।शुद्धोदन गाउँपालिका तिनाउ र दानव नदीको विचमा रहेकोले वाढी र कटानको जोखिममा रहेको, अगलागी, शितलहर, शर्पदंश, लु लाग्नु जस्ता सम्भावित जोखिमको क्षेत्रमा रहेको छ । पछिल्लो समय कोभिड १९ को महामारीले विद्यालय शिक्षामा देशैभरि पारेको प्रभावले विद्यार्थीहरूको सुरक्षित र गुणस्तरीय सिकाइ वातावरणमा प्रत्यक्ष असर पारेको अनुभवबाट विद्यार्थीहरूको सिकाइ सुनिश्चित गर्न विपद् प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक छ । विपतको समयमा वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिन आवश्यक सामाग्रीहरूको व्यवस्थापन गरी पहुँच सुनिश्चितता गर्नु पर्दछ । शुद्धोदन गाउँपालिकाले विपद् जोखिम न्यूनीकरण रणनीति तयार गर्ने र विद्यालयहरूले प्रतिकार्य योजना तयार गरी जोखिम न्यूनीकरण गर्न आवश्यक छ। विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा गर्नु, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रुपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयार गरी कार्यान्वयन गर्ने वातावरण तयार गर्नु पर्दछ ।

### वर्तमान अवस्था

विगतमा शुद्धोदन गाउँपालिकामा पनि कोभिड १९को महामारीको अवस्थामा विद्यालयमा उपस्थित भइ अध्ययन अध्यापन कार्य सञ्चालन गर्न असहज अवस्थामा अनलाइन माध्यमबाट कक्षा सञ्चालन गर्न शिक्षकलाई तालिम, हरेक विद्यालयमा प्रविधिमा पहुँचका लागि कम्प्युटर, इन्टरनेट जडानका लागि बजेटको व्यवस्थापन गरिएको र समुदाय स्तरमा सिकाइ केन्द्रको स्थापना र सञ्चालन गरी बालबालिकाहरूमा शिक्षाको पहुँच पुर्‍याइएको थियो ।

## समस्या र चुनौती

- आपतकालिका अवस्थामा शिक्षा निरन्तरताका लागि सूचना तथा सञ्चार प्रविधिमा सबै शिक्षकको क्षमता विकास गर्न,
- हाल सम्म घटेका र सम्भावित विपदको यथार्थ तथ्याङ्क पाउन,
- विद्यार्थीहरूको सूचना तथा सञ्चार प्रविधिमा प्रर्याप्त पहुँच पुर्याउन,
- आपत्कालिन अवस्थामा शिक्षण सिकाइ योजनाको पूर्वतयारी गर्न,
- सूचना तथा सञ्चार प्रविधिमा संस्थागत क्षमतामा कमी ।

### ४.५.२ उद्देश्य

१. विद्यालय विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी सुरक्षित वातावरणमा बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.५.३ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरताका लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक कार्यविधि तयार गर्ने,

२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी अभिभावक र विद्यार्थीलाई गराउने,

३. सम्भावित महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने,

४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षणका वैकल्पिक उपायहरूको अवलम्बन गर्ने,

५. सम्भाबित बिपदबाट सुरक्षित रहन विद्यालयमा सुरक्षा सतर्कताका कार्यक्रम सञ्चालन गर्ने

६. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण विद्यालयले गर्ने,

७. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने,

८. विपद्को समयमा शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने राहत सामग्रीको प्रबन्ध गर्ने,

९. विपद् व्यवस्थापनका लागि स्थानीय तह समुदाय र विद्यालयको क्षमता विकास गर्ने,

१०. विपद्को क्षेत्रमा काम गर्ने निकाय बिच समन्वय स्थापना गर्ने,

११. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालय विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी सुरक्षित वातावरणमा बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | इकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय | सङ्ख्या | १० | २० | २० | २० | २० | |
| २ | विपद् व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय | सङ्ख्या | | २० | २० | २० | २० | |
| ३ | स्वच्छ वातावरण भएका हरित विद्यालय | सङ्ख्या | ३ | १० | १३ | १६ | २० | |
| ४ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय | सङ्ख्या | २ | ४ | ६ | ८ | १० | |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | विपद् व्यवस्थापन कार्यविधि निर्माण तथा पुनरावलोकन | पटक | | १ | | | १ | २ | | |
| २ | शुद्धोदन गाउँपालिका र विद्यालयको क्षमता विकास कार्यक्रम | पटक | | १ | | १ | १ | ३ | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | वि.व्य.स. तथा शि.अ.स.लाई तालिम | पटक | | १ | | १ | १ | ३ | | |
| ५ | विपदमा सूचना तथा सञ्चार प्रविधि क्षमता विकास (शिक्षक) | सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | १२० | | |
| ६ | विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रत सिकाइ योजना (ReAL) कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

बालबालिका विद्यालयमा अध्ययनका लागि सुरक्षित विद्यालय, कक्षाकोठा, खेलमैदान, बालमैत्री शौचालय, स्वच्छ पिउने पानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । विद्यार्थीका लागि पठनपाठनमा सहभागी हुन प्रारम्भिक बालविकास शिक्षा, आधारभूत तह कक्षा ५ सम्मका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह कक्षा ६ देखि माध्यमिक तह कक्षा १२ सम्मका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसाथ गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ।

## वर्तमान अवस्था

शुद्धोदन गाउँपालिका अन्तरगत सञ्चालित परम्परागत सहित २० सामुदायिक विद्यालयहरू मध्ये पक्की भवन सङ्ख्या ४८ र ट्रस सहितको पक्की भवन ८० रहेको देखिन्छ। जस मध्ये आरसीसी ढलान युक्त कक्षा कोठाहरूको सङ्ख्या २५२ रहेको छ। विद्यालयहरूमा पुस्तकालयको रुपमा १० कक्षा कोठा, प्रयोगशालाका रुपमा प्रयोग भएका कक्षा कोठाहरूको सङ्ख्या १०, प्रशासनिक प्रयोजनमा १० वटा कोठाहरू प्रयोग भएको देखिन्छ भने ८ वटा विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला र कार्यालय प्रयोजनका लागि अलग्गै कक्षा कोठा भएको देखिदैन। सामुदायिक विद्यालयहरू मध्ये ७ वटा विद्यालयमा पर्याप्त खेलमैदान रहेको, १० वटा विद्यालयमा खेलमैदान अपर्याप्त रहेको छ भने १ विद्यालयमा खेल मैदानको अभाव रहेको छ। यसै गरी छात्र छात्राका लागि अलग्गै शौचालय भएका विद्यालयहरूको सङ्ख्या १६ रहेको देखिन्छ भने अपांग मैत्री शौचालय रहेको विद्यालयको सङ्ख्या ५ रहेको देखिन्छ।

## समस्या र चुनौती

- गाउँपालिका अन्तर्गतका विद्यालयमा निर्माण भएका अधिकांश भवनहरू भूकम्पको न्यूनतम मापदण्ड तयार हुनु अगावै निर्माण भएकोले भूकम्प प्रतिरोधी भए नभएको एकीन नहुनु,
- निर्मित भवन तथा शौचालय अपाङ्गमैत्री, किशोरीमैत्री तथा बालमैत्री नहुनु,
- विद्यालयको पुस्तकालयमा सान्दर्भिक पाठ्यपुस्तक अद्यावधिक नहुनु तथा विद्यार्थी सङ्ख्याको आधारमा पठन कक्षको पर्याप्तता नहुनु।
- बालबालिकाका लागि पर्याप्त ब्यवहारिक अभ्यास सामाग्रीको अपर्याप्ता।
- विद्यालयमा रहेका प्रयोगशालाको प्रभावकारी प्रयोग नहुनु ।

## ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि मापदण्ड कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न मर्मत सम्भार तथा सबलीकरण गर्नु,
३. विद्यालयका भौतिक संरचना निर्माणमा समुदाय र सरोकारवालाहरूको सहभागिता अभिबृद्धि गर्नु।
४. विद्यालयका भौतिक पूर्वाधार निर्माणमा प्रदेश सरकार र संघीय सरकारका संग सहकार्य गर्नु।

## ४.६.३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड कार्यान्वयन गर्ने ।
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै योजना एकै पटक गरी (गुरुयोजना) पूर्ण विद्यालय निर्माणको योजना कार्यान्वयन गर्ने ।

३. सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा स्रोत व्यवस्थापन गरी विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्ने ।
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण, पुनर्निर्माण र मर्मत सम्भार गर्ने ।
५. शुद्धोदन गाउँपालिकाले शिक्षा क्षेत्रमा गर्ने लगानीलाई वार्षिक रुपमा बृद्धि गर्दै लगिने।
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकार र अन्य दातृ संस्था वा निकायबीच समन्वय कायम गरी एकद्वार प्रणाली अवलम्बन गर्ने ।
७. अन्तराष्ट्रिय गुणस्तर प्रमाण पत्र (ISO) प्राप्त गर्ने विद्यालयलाई प्रोत्साहन गर्ने ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

१. विद्यालय शिक्षाका लागि मापदण्ड कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास भएको हुनेछ।
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न मर्मत सम्भार तथा सबलीकरण भएको हुनेछ।
३. विद्यालयका भौतिक संरचना निर्माणमा समुदाय र सरोकारवालाहरूको सहभागिता अभिबृद्धि भएको हुनेछ।
४. विद्यालयका भौतिक पूर्वाधार निर्माणमा प्रदेश सरकार र संघीय सरकारका संग सहकार्य भएको हुनेछ।

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र सं | सूचक | एकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा | सङ्ख्या | ० | ६ | ६ | ६ | ६ | २४ |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा | सङ्ख्या | ० | ४ | ४ | ४ | ४ | १६ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ |
| ५ | बाढी लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय | सङ्ख्या | १ | ० | ० | १ | ० | २ |
| ६ | अन्तराष्ट्रिय गुणस्तर प्रमाण पत्र (ISO) प्राप्त गर्ने विद्यालय | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | सङ्ख्या | १ | ३ | ३ | ३ | ३ | | | |
| २ | विद्यालयको सबलीकरण | कोठा सङ्ख्या | ० | ४ | ४ | ४ | ४ | | | |
| ३ | विद्यालयका संरचनाको मर्मत सम्भार र फर्निचर व्यवस्थापन | कोठा सङ्ख्या | ५ | १० | ५ | ५ | ५ | | | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | १९ | २० | २० | २० | २० | | | |
| ५ | प्रारम्भिक बालविकास र शिक्षाका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | | | |
| ६ | अपाङ्गता मैत्री शौचालय निर्माण | विद्यालय सङ्ख्या | ० | ३ | ३ | ३ | ३ | | | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रुजुसूची भर्ने | सङ्ख्या | २० | २० | २० | २० | २० | | | |
| ८ | विद्यालयका विद्यमान भौतिक संरचनाहरू भूकम्प प्रतिरोधी भए नभएको परीक्षण गर्ने | पटक | १ | | | | १ | २ | | |
| ९ | अन्तराष्ट्रिय गुणस्तर प्रमाण पत्र (ISO) प्राप्त गर्ने विद्यालयलाई प्रोत्साहन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |

## ४. ७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो र सार्वजनिक सरोकारको कुनै विषयको सूचना माग गर्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ । आजको युगमा सूचना तथा सञ्चार प्रविधि शिक्षाको मेरुदण्डको रुपमा स्थापित भएको छ । सूचना, सञ्चार र प्रविधिको समुचित प्रयोगले शिक्षा समयानुकूल, गुणस्तरीय र प्रभावकारी हुन्छ

शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा रहेका सूचना तथा सञ्चार प्रविधिको ज्ञान विश्वव्यापीकरणमा सहयोग पुऱ्याउने सशक्त माध्यमका रूपमा रहेको छ । डिजिटल नेपालको कार्य ढाँचा २०७६ ले विद्यालयहरूमा शिक्षा तथा सूचना प्रविधि शिक्षा जि.आइ.एस., जी.पी.एस., आर.एस. गुगल अर्थ लगायतका विषयवस्तुमा क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ । विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार र प्रयोग क्रमिकरूपमा बढ्दै गइरहेको छ जसबाट शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा विकास गरेका Digital material र तिनीहरूको प्रयोगको अवस्थामा वृद्धि भएको छ ।

### वर्तमान अवस्था

शुद्धोदन गाउँपालिकामा रहेका सबै विद्यालयहरूमा सूचना तथा प्रविधिको पहुँच विस्तार भएको छ। गाउँपालिका अन्तर्गतका ८ माध्यमिक र २ आधारभूत विद्यालयहरूमा ICT ल्याव स्थापना भई सञ्चालनमा रहेको छ। माध्यमिक तहका विद्यालयहरूमा प्रोजेक्टर र स्मार्ट बोर्डको माध्यमले शिक्षण सिकाइ सहजीकरण गर्ने कार्यको थालनी भएको छ। शुद्धोदन गाउँपालिकाले पालिकाको कार्यालय प्रयोजनमा पेपरलेस पालिका बनाउन लिएको नीतिले विद्यालयमा समेत बायोमेट्रिक्स हाजिरीको सुरुवात गरिएको छ। सूचना तथा प्रविधिमा तालिम प्राप्त शिक्षक सङ्ख्या २० जना रहेको छ। प्रविधिका साधनहरू सुनिश्चित भइ सिकाइ सहजिकरण गरेका विद्यालय ४ वटा रहेका छन् भने सबै विद्यालयहरूमा इन्टरनेट र विद्युतको सुबिधा पुगेको छ।

### समस्या र चुनौती

- प्रविधिमैत्री जनशक्ति र प्रविधिको पहुँच कम,
- सूचना तथा सञ्चार क्षेत्रको विकास तथा विस्तारका निम्ति सिमित बजेट,
- कक्षाकोठालाई प्रविधिमैत्री कक्षाकोठाको रुपमा विकास गरि कार्यान्वयन गर्न ।

### ४.७.२ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्याई कार्यान्वयन मार्फत शैक्षिक गुणस्तर अभिबृद्दि गर्नु,
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

### ४.७.३ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने,

३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने,

४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,

५. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र सं | सूचक | इकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालय | सङ्ख्या | १८ | १८ | १९ | २० | २० | |
| २ | कक्षा शिक्षण-सिकाइ क्रियाकलापमा प्रविधिको उपयोग भएका विद्यालय कक्षाकोठा | सङ्ख्या | १७ | २७ | ३७ | ४७ | ५७ | |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय | सङ्ख्या | ७ | ९ | १० | १५ | १७ | |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय | सङ्ख्या | १८ | २० | २० | २० | २० | |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय | सङ्ख्या | २० | २० | २० | २० | २० | |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इ लाइब्रेरी स्थापना | सङ्ख्या | २ | ३ | ४ | ५ | ७ | ७ | | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | सङ्ख्या | १८ | १८ | १९ | २० | २० | २० | | |
| ३ | शिक्षकको क्षमता विकास | सङ्ख्या | २४ | ४८ | ७२ | ९६ | १२० | १२० | | |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | सङ्ख्या | ४ | ५ | ६ | ७ | ७ | ७ | | |
| ५ | IEMIS व्यवस्थापन | सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | ३० | | |
| ६ | शिक्षक कर्मचारीहरूलाई ल्यापटप वितरण | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | | |
| ७ | ई- लाईब्रेरीको विस्तार | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | पाठ्यक्रम, पाठ्यपुस्तक सन्दर्भ सामाग्री डिजिटलरूपमा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ९ | प्रिन्टर व्यवस्थापन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |

# परिच्छेद पाँच

## अन्य उपक्षेत्र

विद्यालय शिक्षाका विभिन्न उपक्षेत्र तथा अन्तरसम्बन्धित विषय क्षेत्र बाहेक शुद्धोदन गाउँपालिका भित्र शिक्षा क्षेत्रमा समेट्नु पर्ने अन्य क्षेत्रहरू पनि रहेका छन्। उक्त क्षेत्रहरूलाई पनि गाउँपालिकाले योजनाबद्ध तरिकाले व्यवस्थित गर्नु पर्ने आवश्यकता रहेको छ। यस अन्तर्गत मुख्यतया निम्न क्षेत्रहरूलाई गाउँपालिकाले व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

### ५.१ उच्च शिक्षाको व्यवस्थापन

#### ५.१.१ परिचय

शुद्धोदन गाउँपालिका अन्तर्गत उच्च शिक्षाको आवश्यकता परिपूर्ति गर्नका लागि त्रिभुवन विश्वविद्यालयद्वारा सम्वन्धन प्रदान एक मात्र सामुदायिक क्याम्पस यज्ञोदय दुधनाथ थारू बहुमुखी क्याम्पस रहेको छ । स्थानीय जनसमुदायको सक्रियतामा २०६० सालमा स्थापित यस क्याम्पसले समुदायमा रहेर विद्यालय तह पूरा गर्ने विद्यार्थीहरूको उच्च शिक्षाको आवश्यकतालाई पूरा गर्दै आइरहेकोको छ ।

#### समस्या र चुनौती

- उच्च शिक्षालाई स्थानीय तहको अधिकार सूचिमा नरहनु,
- विश्वविद्यालय अनुदान आयोगबाट पर्याप्त अनुदान प्राप्त नहुनु,
- स्थानीय समुदायका माग अनुसारका विषयहरू सञ्चालन गर्न नसकिनु,
- विद्यार्थीहरू उच्च शिक्षा अध्ययनका लागि शहर केन्द्रित हुनु ।

#### ५.१.२ उद्देश्य

१. विद्यालय शिक्षा पुरा गरेका सवै विद्यार्थीहरूलाई उच्च शिक्षाको पहुँच सुनिश्चित गर्नु ।
२. गाउँपालिका क्षेत्र भित्र गुणस्तरीय उच्च शिक्षा सुनिश्चित गर्नु ।

#### ५.१.३ रणनीति

१. आवश्यकताका आधारमा उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।
२. उच्च शिक्षाका शैक्षिक संस्थाहरूको ब्यवस्थापनका लागि तिनै तहसंग परामर्श समन्वय र सहकार्य गर्ने।
३. समयानुकूल सूचना सञ्चार तथा प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण तयार गर्न सहयोग गर्ने ।
४. उच्च शिक्षालाई अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने ।
५. अन्तर्राष्ट्रिय स्तरको गुणस्तर प्रमाणिकरण प्रत्ययान (QAA) लाई अद्यावधिक गर्ने ।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

१. विद्यालय शिक्षा पुरा गरेका सवै विद्यार्थीहरूलाई उच्च शिक्षाको पहुँच सुनिश्चित भएको हुनेछ ।

२. गाउँपालिका क्षेत्र भित्र गुणस्तरीय उच्च शिक्षा सुनिश्चित भएको हुनेछ ।

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | इकाइ | २०८१।०८२ (आधार वर्ष) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी सङ्ख्या | सङ्ख्या | ६५४ | ७०० | ७५० | ८०० | ८२५ | ८५० | |
| २ | नयाँ कार्यक्रम थप | सङ्ख्या | ० | ० | १ | ० | ० | ० | |
| ३ | प्रविधि मैत्रि कक्षा स्तरोन्नती | सङ्ख्या | ८ | ० | २ | २ | २ | २ | |
| ४ | पुस्तकालय व्यवस्थापन (इ लाइब्रेरी समेत) | पटक | ० | ० | १ | ० | ० | ० | |
| ५ | लघु अनुसन्धान | पटक | २ | १ | ० | १ | ० | १ | |
| ६ | रिसर्च जर्नल प्रकाशन | पटक | १ | १ | १ | १ | १ | १ | |

### ५.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क.स. | सूचक | इकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आवश्यकताका आधारमा उच्च शिक्षा अध्ययनका लागि छात्र-वृत्ति | सङ्ख्या | १५० | १७५ | २०० | २५० | ३०० | |
| २ | आवश्यकताका अनुसार सूचना सञ्चार तथा प्रविधिमैत्री कक्षा-कोठा | सङ्ख्या | | २ | २ | २ | २ | |
| ३ | अनुसन्धान क्रियाकलापमा प्रोत्साहन | पटक | | १ | १ | १ | १ | |

## ५.२ सार्वजनिक पुस्तकालय

### ५.२.१ परिचय

शुद्धोदन गाउँपालिका भित्रका माध्यमिक विद्यालय र सामुदायिक क्याम्पसमा विद्यार्थीहरू एवम् शिक्षकहरूका लागि पुस्तकालय व्यवस्थापन भएका छन् । उल्लेखित पुस्तकालयबाट विद्यालयका शिक्षक विद्यार्थीहरू र क्याम्पसका नियमित विद्यार्थीहरू एवम् प्राध्यापक, शिक्षक र कर्मचारीहरूले अध्ययनको अवसर प्राप्त गरेतापनि विद्यालय र क्याम्पसमा उपस्थित हुने सबै विद्यार्थी एवम् शिक्षकहरूले पर्याप्त लाभ लिएको पाइँदैन । विद्यालय र क्याम्पसको पहुँच बाहिर रहेका व्यक्तिहरूको पुस्तकालयको प्रयोगको अवसर प्राप्त नभएकाले पठन संस्कृतिको विकासका लागि सार्वजनिक पुस्तकालयको आवश्यकता देखिन्छ ।

#### समस्या र चुनौती

- पठन संस्कृतिको विकास नहुनु,
- पुस्तकालयको महत्त्व र प्रभावकारिताबारे समुदायमा सचेतिकरण नहुनु,
- बढ्दो सूचना तथा प्रविधिले पुस्तकालय र पठन संस्कृतिलाई बिस्थापन गर्नु,
- समुदाय स्तरमा पुस्तकालयको पहुँच नहुनु ।

### ५.२.२ उद्देश्य

- समुदाय स्तरमा पुस्तकालय व्यवस्थापन गरी पठन संस्कृतिको विकास गर्नु ।

### ५.२.३ रणनीति

१. सामुदायिक पुस्तकालय स्थापना गर्ने ।
२. पुस्तकालयको ब्यवस्थापन र प्रयोगमा समुदाय तथा सरोकारवालाहरूको सहभागितामा बृद्दि गर्ने कार्यक्रम तय गर्ने ।
३. पठन संस्कृति विकास गर्ने ।

### ५.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

- समुदाय स्तरमा पुस्तकालय व्यवस्थापन गरी पठन संस्कृतिको विकास भएको हुनेछ ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | इकाइ | २०८१।०८२ (आधार वर्ष) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक पुस्तकालय स्थापना | सङ्ख्या | ० | | १ | | १ | | |
| २ | समुदाय स्तरमा पुस्तकालयको पहुँच | जना | ० | ० | ७० | १२० | १७० | २०० | |
| ३ | पुस्तकालयमा पुस्तक | सङ्ख्या | ० | ० | ७०० | १००० | १२०० | १५०० | |

### ५.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | इकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | समुदाय स्तरमा पुस्तकालयको स्थापना | सङ्ख्या | | १ | | | १ | |
| २ | पुस्तकालयमा कर्मचारी व्यवस्थापन | सङ्ख्या | | १ | | | १ | |
| ३ | ई पुस्तकालय अध्यावधिक | सङ्ख्या | | | १ | | | |
| ४ | पुस्तकालयमा इन्टरनेट तथा प्रविधि ब्यवस्थापन | सङ्ख्या | | १ | १ | | १ | |

## ५.३ युवा तथा खेलकुद

### ५.३.१ परिचय

युवा तथा खेलकुद समाजको समग्र विकाससँग प्रत्यक्ष सम्बन्धित दुई महत्त्वपूर्ण क्षेत्रहरू हुन्। ती दुबै राष्ट्रिय समृद्धि, सामाजिक समावेशिता, र शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्दछन्। व्यक्तिको चौतर्फि विकासमा खेलकुदले महत्त्वपूर्ण भूमिका खेल्दछ। यसले व्यक्तिको शारीरिक, मानसिक, नैतिक र सामाजिक विकासमा टेवा पुर्याउछ। साथै अनुशासन, सहकार्य, प्रतिस्पर्धा, र स्वास्थ्य सुधारमा सहयोग पुर्‍याउँछ। खेलकुद कुनै व्यक्ति, समाज र राष्ट्रको सर्वांगीण विकासमा अत्यन्त आवश्यक तत्व हो। यो केवल मनोरञ्जन वा प्रतिस्पर्धा मात्रै नभई शारीरिक, मानसिक, सामाजिक र नैतिक विकासको प्रमुख आधार पनि हो।

नियमित खेलकुदले शरीरलाई स्वस्थ्य तन्दुरुस्त र बलियो बनाउँछ। मोटोपन, उच्च रक्तचाप, मधुमेह, हृदय रोगजस्ता समस्याबाट जोगाउँछ। तनाव, चिन्ता, डिप्रेशन कम गर्न खेलकुद प्रभावकारी माध्यम हो। यसले

ध्यान केन्द्रित गर्ने र मनोबल बढाउने कार्य पनि गर्छ। अनुशासन र नेतृत्व विकासमा यसले व्यक्तिलाई सक्षम बनाउदछ । खेलकुदमा संलग्न विद्यार्थीहरू बढी अनुशासित र सिकाइप्रति केन्द्रित हुन्छन्। पढाइ र खेलकुदको सन्तुलनले विद्यार्थीको सर्वांगीण व्यक्तित्व निर्माण गर्छ। यसले लागूपदार्थ, हिंसा, जुवा र अपराधबाट युवालाई टाढा राख्न मद्दत गर्दछ।

### वर्तमान अवस्था

शुद्धोदन गाउँपालिका अन्तरगत विद्यालय र समुदाय तहमा खेलकुदका विभिन्न विधामा नियमित रूपले खेलुकद कार्यक्रम सञ्चालन हुदै आएको छ। हरेक वर्ष गाउपालिका स्तरमा राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद, अध्यक्ष कप खेलकुद शुद्धोदन कप फुटवल, भलिवल, कपर्दी, क्रिकेट, कराते, एथलेटिक्स आदि खेलहरू सञ्चालन भएका छन्।

### समस्या र चुनौती

- समुदाय स्तरमा खेलकुदको महत्त्व बुझाउन,
- आवश्यक जनशक्ति र पूर्वाधार व्यवस्थापन गर्न,
- खेलकुद प्रशिक्षण (खेलकुद एकेडेमी)।

### ५.३.२ उद्देश्य

१. खेलप्रति रूचि वढाइ खेलाडीहरू प्रोत्साहन गर्नु,
२. सङ्गित, वाद्यवादन, नृत्य र गायन कलालाई प्रवर्धन गर्नु,
३. युवाहरूलाई सत्मार्गमा लाग्न प्रेरित गर्नु,
४. खेल पूर्वाधार विकास गर्नु ।

### ५.३.३ रणनीति

१. खेलकुदको महत्त्वबारे अभिभावक, शिक्षक, र समुदायमा जनचेतना फैलाउने,
२. सङ्गित, वाद्यवादन, नृत्य र गायन कलाका सरोकारवालासंग सहकार्य र समन्वय गर्ने,
३. गाउँपालिका र संस्थासँग सहकार्य र साझेदारीमा खेलकुद प्रतियोगिता आयोजना गर्ने,
४. खेलकुद पुर्वाधार विकास गर्ने।

### ५.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

- खेलप्रति रूचि वढी खेलाडीहरूलाई प्रोत्साहन गरिएको हुनेछ,
- युवाहरू असल मार्गमा लागेका हुनेछन्,
- खेल पूर्वाधार विकास भएको हुनेछ।
- सङ्गित, वाद्यवादन, नृत्य र गायन कला प्रवर्धन भएका हुनेछन् ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | इकाइ | २०८१।०८२ (आधार वर्ष) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | खेल प्रतियोगिता सञ्चालन | पटक | | | | | | | |
| (क) | शुद्धोदन अध्यक्ष कप खेलकुद महोत्सव | पटक | १ | १ | १ | १ | १ | १ | |
| (ख) | शुद्धोदन गाउँपालिका फर्साटिकर कप फुटवल | पटक | १ | १ | १ | १ | १ | १ | |
| (ग) | खुल्ला भलिवल प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | १ | |
| (घ) | विद्यालय स्तरीय सहयोग खेलकुद कार्यक्रम | पटक | | १ | १ | २ | २ | २ | |
| (ङ) | वडा स्तरीय खेलकुद कार्यक्रम | पटक | ७ | ७ | ७ | ७ | ७ | ७ | |
| (च) | खुला क्रिकेट प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | १ | |
| (छ) | भजन प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | १ | |
| (ज) | अतिरिक्त क्रियाकलाप | पटक | ० | ६ | ७ | ८ | ९ | १० | |
| २ | प्रशिक्षण कार्यक्रम | पटक | | | | | | | |
| (क) | फुटवल प्रशिक्षण | पटक | ० | १ | १ | १ | १ | १ | |
| (ख) | कराते प्रशिक्षण | पटक | ० | १ | १ | १ | १ | १ | |
| (ग) | खेल प्रशिक्षक प्रशिक्षण | पटक | ० | १ | १ | १ | १ | १ | |
| ३ | खेलाडी प्रोत्साहन कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | |
| ४ | खेलकुद पूर्वाधार विकास (खेल मैदान निर्माण) | पटक | ० | १ | १ | १ | २ | २ | |
| ५ | खेल सामाग्री वितरण | पटक | १ | १ | १ | १ | १ | १ | |
| ६ | प्रशिक्षण केन्द्र दर्ता | पटक | ० | १ | १ | १ | १ | १ | |
| ७ | अभिलेखीकरण (खेलाडी, नृत्य, सङ्गित, वाध्यबादन) कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | |
| ९ | परम्परागत वाद्यवादन व्यवस्थापन कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | १ | |

### ५.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | इकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | खेल प्रतियोगिता सञ्चालन | | | | | | | |
| (क) | शुद्धोदन अध्यक्ष कप खेलकुद महोत्सव | पटक | १ | १ | १ | १ | १ | |
| (ख) | शुद्धोदन गाउँपालिका फर्सीटिकर कप फुटवल | पटक | १ | १ | १ | १ | १ | |
| (ग) | खुला भलिवल प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | |
| (घ) | विद्यालय स्तरीय सहयोग खेलकुद कार्यक्रम | पटक | १ | १ | २ | २ | २ | |
| (ङ) | वडा स्तरीय खेलकुद कार्यक्रम | पटक | ७ | ७ | ७ | ७ | ७ | |
| (च) | खुला क्रिकेट प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | |
| (छ) | भजन प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | |
| (ज( | अतिरिक्त क्रियाकलाप | पटक | ६ | ७ | ८ | ९ | १० | |
| २ | प्रशिक्षण कार्यक्रम | | | | | | | |
| (क) | फुटवल प्रशिक्षण | पटक | १ | १ | १ | १ | १ | |
| (ख) | कराते प्रशिक्षण | पटक | १ | १ | १ | १ | १ | |
| (ग) | खेल प्रशिक्षक प्रशिक्षण | पटक | १ | १ | १ | १ | १ | |
| ३ | खेलाडी प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | |
| ४ | खेलकुद पूर्वाधार विकास (खेल मैदान निर्माण) | सङ्ख्या | १ | १ | १ | २ | २ | |
| ५ | खेल सामग्री वितरण | पटक | १ | १ | १ | १ | १ | |
| ६ | प्रशिक्षण केन्द्र दर्ता | पटक | १ | १ | १ | १ | १ | |
| ७ | अभिलेखीकरण (खेलाडी, नृत्य, सङ्गित, वाध्यबादन) कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | |
| ९ | परम्परागत वाद्यवादन व्यवस्थापन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | |

# परिच्छेद छ

# सुशासन तथा व्यवस्थापन

शिक्षा प्रशासनलाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गर्न तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षा क्षेत्रमा तीन तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरूको भूमिकाअनुसार सुशासन कायम गर्न सबैको योगदान आवश्यक हुन्छ। नेपालको संविधानले तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीमा शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

शुद्धोदन गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने लेखाको अलग्गै कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन । विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायः विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइँदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र लेखा परीक्षण गर्ने गर्दछन् ।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, सूचना अधिकारी, लैङ्गिक सम्पर्क व्यक्ति, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले काम गरेका छन् । प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धन गरी जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्यहरू गाउँपालिकाले सञ्चालन एवम् कार्यान्वयन गर्दै आएको छ ।शुद्धोदन गाउँपालिकाले शिक्षा ऐन २०७४ र शिक्षा नियमावली २०७९ निर्माण गरी कार्यान्वयन भएका छन्।सबै विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरि प्रभावकारी कार्यान्वय गरेका छन्। विद्यालयमा गुनासो सुनुवाई संयन्त्र स्थापना गरि कार्यान्वयन गरेका विद्यालयहरूको सङ्ख्या सात रहेको छ।सबै विद्यालयहरूमा सामाजिक परीक्षण र लेखापरीक्षण समय मै सम्पन्न गरेका छन्।पालिकाभित्र रहेका विद्यालयहरूमध्ये एक विद्यालयलाई छनौट गरी टोल शिक्षा समितिको गठन गरी कार्यान्वयनमा रहेको छ भने वडा शिक्षा समिति गठन हुन सकेका छैनन्।

### चुनौती तथा अवसर

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएपछि ऐनले तोके बमोजिमका २३ वटा कार्यहरू बाहेक अन्य कार्यहरूका लागि स्थापित शिक्षा विकास तथा समन्वय एकाइ र लुम्बिनी प्रदेश सामाजिक विकास डिभिजन कार्यालय बीचको समन्वयको अभावमा काम विहिन भएको अवस्था,
- राष्ट्रका शिक्षा सँग सम्बन्धित तीनै तहका निकायहरू बीचको समन्वय सहकार्यक र सम्बन्ध कमजोर भएको ।

### ६.१.२ उद्देश्य

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
२. जनशक्तिका लागि संस्थागत क्षमता बढाउनु ।
३. आबश्यक स्रोत र साधनको व्यवस्थापन गर्नु ।

### ६.१.३ रणनीतिहरू

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।
५. प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।
६. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने ।
७. सामुदायिक र सस्थागत विद्यालयहरूले गरेका असल अभ्यास आदान प्रदान गर्ने ।
८. सवै विद्यालयमा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक लागू भएको सूनिश्चितता गर्ने ।
९. शुद्धोदन गाउपालिका भित्रका विद्यार्थीहरूलाई शुद्धोदन गाउपालिका भित्रै अध्ययन गर्ने वातावरण सृजना गर्ने ।
१०. दातृ संस्थाहरूबाट प्राप्त हुन आउने सहयोग गाउँपालिकाले एकद्धार प्रणालीद्धारा वितरण गर्ने।

११. संस्थागत विद्यालयहरूले वितरण गर्ने छात्रवृत्ति गाउँपालिका मार्फत वितरण गर्ने।

### ६.१.४ मुख्य उपलब्धि तथा नतिजा

#### उपलब्धि

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
३. आबश्यक स्रोत र साधनको व्यवस्थापन भई प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ।

#### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | इकाइ | २०८१।०८२ (अधार वर्ष) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्वन्धी तालिम प्राप्त प्रधानाध्यापक | सङ्ख्या | ३ | ३ | २ | २ | ४ | ५ | |
| २ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढिकरण भएका विद्यालय | सङ्ख्या | २८ | २९ | ३० | ३० | ३० | ३० | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय | सङ्ख्या | १८ | २० | २० | २० | २० | २० | |
| ४ | विद्यालय व्यवस्थापन समिति गठन भएका विद्यालय | सङ्ख्या | १५ | १८ | २० | २० | २० | २० | |
| ५ | कार्यसम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने विद्यालय | सङ्ख्या | १७ | १८ | २० | २० | २० | २० | |
| ६ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने गराउने विद्यालय | सङ्ख्या | ३ | ७ | १० | १५ | २० | २० | |
| ७ | नतिजा विश्लेषण तथा सुधार सम्वन्धमा विषयगत शिक्षकसंग अन्तरक्रिया | पटक | ४ | ४ | ४ | ४ | ४ | ४ | |
| ८ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम | पटक | १ | | १ | | १ | | |

### ६.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र सं | सूचक | इकाइ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्वन्धी तालिम प्राप्त प्रधानाध्यापक | सङ्ख्या | ६ | ९ | ११ | १७ | २० |
| २ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढिकरण भएका विद्यालय | सङ्ख्या | २८ | ३० | ३० | ३० | ३० |
| ३ | कार्यसम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने विद्यालय | सङ्ख्या | १८ | २० | २० | २० | २० |
| ४ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने गराउने विद्यालय | सङ्ख्या | ७ | १० | १५ | २० | २० |
| ५ | नतिजा विश्लेषण सम्बन्धमा विषय शिक्षकसँग अन्तरक्रिया कार्यक्रम | संख्या | ६० | ६० | ६० | ६० | ६० |
| ६ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम | पटक | १ | | १ | | १ |

## ६.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

देशको वर्तमान संवैधानिक व्यवस्था अनुसार सङ्घ, प्रदेश र स्थानीय तहबाट शैक्षिक योजनाहरू निर्माण एवम् कार्यान्वयन गर्ने जिम्मेवारी प्रत्यायोजन गरिएको छ । शुद्धोदन गाउँपालिकाले पनि शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयन शिक्षा युवा एवम् खेलकुद शाखाबाट गर्दै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार यस गाउँपालिकाले २३ वटा शिक्षा क्षेत्रका काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्दै आइरहेकोको छ । शुद्धोदन गाउँपालिकाले शिक्षा ऐन २०७४ र शिक्षा नियमावली २०७९ निर्माण गरी कार्यान्वयन गरेको छ । गाउँ कार्यपालिका र गाउँ शिक्षा समिति मार्फत योजना निर्माण तथा कार्यान्वयन भएका छन्। विद्यालय सुधार योजना निर्माण तथा स्विकृत गरी विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गरेका छन्।

## चुनौती तथा अवसर

- योजना निर्माण एवम् कार्यान्वयनका क्रममा कुशल दक्ष जनशक्ति अभाव ।
- जनप्रतिनिधि लगायत सरोकारवालाहरूले शिक्षा क्षेत्रलाई शिक्षक व्यवस्थापन र भौतिक संरचनासँग मात्र जोडेर हेर्ने परिपाटी कायम रहिरहनु ।
- शिक्षा, युवा तथा खेलकुद शाखामा जनशक्ति कम भएको कारणले उद्देश्य अनुसार नियमित अनुगमन निरीक्षण गर्न नसक्नु ।

## ६.२.२ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

## ६.२.३ रणनीति

१. सङ्घ र प्रदेशबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

३. विद्यालयमा कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

५. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गरी विद्यालयलाई विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने ।

६. विद्यालय व्यवस्थापनलाई सुदृढीकरण गरी कार्यक्रम कार्यान्वयनमा प्रधानाध्यापकलाई जिम्मेवार र उत्तरदायी बनाउने ।

७. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया र शैक्षिक व्यवस्थापनसम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

८. सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने ।

९. सामाजिक परीक्षणलाई थप प्रभावकारी बनाउने ।

## ६.२.४ प्रमुख उपलब्धि तथा नजिता

### उपलब्धि

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।
- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने छ ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र सं. | सूचक | इकाइ | २०८१।०८२ (आधार वर्ष) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कानुन कार्यविधि र निर्देशिका निर्माण | सङ्ख्या | ७ | अवश्यता अनुसार | | | | | |
| २ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | १ | |
| ३ | विद्यालय अनुगमन तथा सहजीकरण | पटक | ४ | निरन्तर | | | | | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | १ | |
| ५ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन भएका विद्यालय | सङ्ख्या | १४ | १९ | २० | २० | २० | २० | |
| ६ | अभिभावक भेला तथा वैठक आयोजना गर्ने विद्यालय | सङ्ख्या | १८ | २० | २० | २० | २० | २० | |
| ७ | प्राध्यानाध्याकसँग कार्यसम्पादन करार गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | |
| ८ | सामाजिक परीक्षण (वार्षिक) गर्ने विद्यालय | सङ्ख्या | १८ | २० | २० | २० | २० | २० | |
| ९ | उत्कृष्ट शिक्षक, विद्यार्थी, कर्मचारी सम्मान तथा पुरस्कार | पटक | १ | १ | १ | १ | १ | १ | |

## ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | |
| १ | कानुन कार्यविधि र निर्देशिका निर्माण गर्ने | आवश्यकता अनुसार | | | | | | | |
| २ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विद्यालय अनुगमन तथा सहजीकरण | पटक | निरन्तर | | | | | | |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने | प्रचलित कानुन बमोजिम | | | | | | | |
| ७ | वित्तिय व्यवस्थापन मापदण्ड तयार गर्ने (वार्षिक) | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | अभिभावक भेला तथा वैठक आयोजना गर्ने | प्रचलित कानुन र आवश्यकता अनुसार | | | | | | | |
| ९ | प्राध्यानाध्याकसँग कार्यसम्पादन करार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | सामाजिक परीक्षण (वार्षिक) | पटक | १ | १ | १ | १ | १ | | |
| ११ | उत्कृष्ट शिक्षक, विद्यार्थी, कर्मचारी, वि.व्य.स. र शि.अ.सङ्घ पदाधिकारी सम्मान तथा पुरस्कार | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | शुद्धोदन गाउपालिका भित्रका विद्यार्थीहरूलाई शुद्धोदन गाउँपालिका भित्रै अध्ययन गर्ने वातावरण सृजना गर्न अन्तरक्रिया कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

## परिच्छेद सात

# लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्युसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गरी सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिकामा निहित रहेको छ ।

वित्तीय व्यवस्थापनका लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटेर प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त अनुदानहरूलाई विद्यालयहरूमा पुर्‍याई तोकिए बमोजिम पारदर्शी रूपले खर्च व्यवस्थापन गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

सशर्त अनुदानको रुपमा प्राप्त हुने सङ्घीय अनुदानको ९५ प्रतिशत भन्दा बढी रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ। गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनको मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहेका छन् । वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यक क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन् । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादन मूलक र प्रोत्साहन मूलक अनुदानको व्यवस्था गर्नुपर्दछ ।

विभिन्न सङ्घसंस्थाहरूले गाउँपालिका सँग सहकार्य गरी शिक्षा क्षेत्रमा क्षमता विकास तालिम, विपत व्यवस्थापन, पूर्वाधार निर्माण, शैक्षिक सामग्री वितरण लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् ।

## विगत पाँच वर्षमा शुद्धोदन गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको लगानीको विश्लेषण

| आ.ब. | ससर्त अनुदान | गाउँपालिकाले विनियोजन गरेको शिक्षाको बजेट | शिक्षाको कुल बजेट | गाउँपालिकाको कुल बजेट | कुल बजेटमा शिक्षाको बजेट प्रतिशत |
|---|---|---|---|---|---|
| २०७६।०७७ | ७,३५,२४,०००।०० | ७५,००,०००।०० | ८,१०,२४,०००।०० | ४६,८९,८५,४०० | १७.२८ |
| २०७७।०७८ | ९,५५,७६,०००।०० | १,५१,६६,०००।०० | ११,०७,४२,०००।०० | ५२,८३,४२,३३० | २०.९६ |
| २०७७।०७८ | १०,३१,२०,०००।०० | १,५१,६६,०००।०० | ११,८२,८६,०००।०० | ५५,३१,६६,००० | २१.३८ |
| २०७८।०७९ | १२,७४,००,०००।०० | १,५०,४५,०००।०० | १४,२४,४५,०००।०० | ५७,८२,९५,२५५ | २५.६० |
| २०७९।०८० | १४,६९,००,०००।०० | १,४५,००,०००।०० | १६,१४,००,०००।०० | ६३,८४,०८,००० | २५.२८ |
| २०८०।०८१ | १४,२५,००,०००।०० | १,८१,७०,०००।०० | १६,०६,७०,०००।०० | ७४,७९,२४,२८२ | २१.५१ |
| २०८१।०८२ | १४,५०,२१,०००।०० | २,०७,५०,०००।०० | १६,६५,७१,०००।०० | ७०,२७,४८,००० | २३.७० |

नोटः भौतिक पूर्वाधार तर्फको बजेट समेत उपर्युक्त तलिकामा समावेस भएको छ ।

### चुनौती तथा अवसर

- कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउन,
- विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्न,
- शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्न,
- विद्यालय शिक्षामा अभिभावकको अपनत्व वढाउन,
- निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गर्न,
- सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न,
- वित्तीय व्यवस्थापनको कार्यकुशलताका लागि व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्न ।

### ७.२ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

### ७.३ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा आन्तरिक स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको प्रभावकारीता बढाउने ।

३. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।
४. मापदण्डका आधारमा खर्च र खर्च प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
५. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।
६. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने ।

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण भएको हुनेछ ।
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गरीएको हुनेछ।
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन भएको हुनेछ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

### क. (प्रारम्भिक बालविकास र शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट)

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु १००० मा | | | | | | स्रोत आकलन | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | सङ्घसंस्था |
| १ | बालबालिकाहरूको तत्थ्याङ्क सङ्कलन र अभिलेखीकरण गर्ने | केन्द्र | | | | | | ० | | | ० | |
| २ | प्रारम्भिक बालविकास सहजकर्ताहरूका लागि क्षमता विकास तालिम/अभिमुखीकरण सञ्चालन गर्ने | सङ्ख्या | ४०० | ४०० | ४०० | ५०० | ५०० | २२०० | | | ११०० | ११०० |
